प्राचीन नेपाल

पुरातत्व विभागको मुखपत्र

ANCIENT NEPAL

Journal of the Department of Archaeology

संख्या २५
कार्तिक २०३०

Number 25
October 1974

सम्पादक
रमेशजङ्ग थापा

Edited by
Ramesh Jung Thapa

प्रकाशक
श्री ५ को सरकार
शिक्षा मन्त्रालय, पुरातत्व विभाग
काठमाडौं, नेपाल

Published by
The Department of Archaeology
His Majesty's Government
Kathmandu, Nepal

प्राप्तिस्थानः–
साझा प्रकाशन
पुलचोक, ललितपुर

To be had of:-
Sajha Prakashan
Pulcok Lalitpur

मूल्य रु. ५।–

Price Rs. 5/-

Printed at Matribhoomi Press, Ghantaghar

प्राचीन नेपाल
संख्या २५
कार्तिक २०३०

Ancient Nepal
Number 25
October 1974

सम्पादक
रमेशजङ्ग थापा

Editor
Ramesh Jung Thapa

सहायक सम्पादक
रामचन्द्र धुङ्गाना

Assistant Editor
Ram Chandra Dhungana

Prachin Nepal
Downloaded by - Ravi Shakya
No. 25, Oct 1974, Kartik 2030

विषय–सूची

Contents

	पृष्ठ	Page
नेपाल देशको इतिहास	१	1
ऐतिहासिक पत्रस्तम्भ	२१	21
ब्राह्मी तथा देवनागरी लिपिमा मतमतान्तर *श्री शंकरमान राजवंशी*	३९	39
लाहुवंशका नरेशहरूको साहित्यिक देन *श्री तुष्टिसागर परमजुकी*	४३	43
Nepal *Mr Sylvain Levi*	४९	49

नेपाल देशको इतिहास

(गताङ्कको बाँकी)

यी राजाका पालामा राजधानीसमीपमा कुकुरले नर-मांस ल्याई भक्षण गरिंदा उपद्रव भयो भनी धेरै कुकुर-लाई मारिदिए । त्यसपछि दैवसंयोगले शीतलादेवी बाह्र वर्षसंम अपमान गरेका रिसले नेपालखाल्डाभित्र प्रवेश भइन् । अनि असंख्य बालकहरू मरी दाहादि गर्न मनाहीं हुँदा वागमती, विष्णुमती, प्रभावती आदि नेपालका नदी-नाला सबै रक्तमांसमय भए । त्यसकारण दुर्गन्ध बढ्दा त्यहाँ कसैले स्नान गरेनन्, जलको स्वाद पनि बिग्र्यो । गाडेको मुर्दा उठाई रक्तमांस खाने गिद्धहरू पनि अपच भई मरे । खोपेका असी नब्बे वर्ष भएका बूढाबूढीहरू पनि फेरि बिफर आई मरे । त्यस्तो भए तापनि अकस्मात् ठूलो बर्सात हुंदा बाढीले सब मुर्दा बगाउँदा सुग्घर भयो । यसै बखतमा दरबारभित्र पनि शीतला प्रवेश हुँदा श्री ५ महा-राज गीर्वाणयुद्धविक्रम शाह पनि त्यसै बेथाले १८ वर्ष राज्यको भोग गरी विक्रम संवत् १८७३ साल मार्ग शुदि १ रोज ७ का दिन २।३ घडी दिन चढ्दा श्री पशुपति आर्यघाटको जलयोग पाई असंख्य दानपुण्य गर्दै स्वर्ग भए । महारानी ..... सती भइन् । दुनियांहरूले पनि सनातन चलेबमोजिम मुण्डन, जूठो, बरखी बारे ।

राजेन्द्रविक्रम शाह

महाराज गीर्वाणयुद्धविक्रम शाहका पुत्र राजेन्द्रविक्रम शाह गादीमा बसे । यिनले २९ वर्षसंम राज्यको भोग गरे । यिनका महारानी जेठा साम्राज्यलक्ष्मीदेवी र कान्छा ..... थिए । यी महाराजले बाजेज्यू र बुबाज्यूका पाला-देखिका मुख्तियार जनरल भीमसेन थापालाईनै थामिदिए र उनैका तजवीजले राजकाज चलाए । यी महाराजले श्री पशुपतिनाथ र श्री गुह्येश्वरीको बिग्रेको छत्र जीर्णोद्धार गरे । सिंधूको लिंगो पनि बिग्रेको हुनाले लासाको लामा बोलाई धेरै धन खर्च गरेर उसैबाट शालवृक्षको ठूलो लिंगो बनाई जीर्णोद्धार गरे । मन्त्री भीमसेन थापाले पनि श्री पशुपतिनाथका दक्षिण दरवाजालगायत तीन दरवाजामा सुन चांदीका ढोका बनाई चढाए । एकातिर बाँकी रहेको ढोका सुब्बा कुलानन्द ढाले बक्साई चांदीको ढोका बनाई चढाए । त्यसपछि श्री पशुपतिनाथको दरवाजा भित्र-बाहिर सबैतिर रौप्यमय भयो ।

विक्रम संवत् ..... मा जनरल भीमसेन थापाले भालाथलीमा एक सय पचपन्न खेत छाउनी नाउं गरेको ठूलो मैदान बनाए । त्यहाँ सिपाही बस्न र कोतखानसमेत हुने गरी चारैतर्फ गिर्दा लगाएर सिलखान भन्ने सुन्दर शाला बनाए । किनारातर्फ पोखरी बनाई ठाउँ ठाउंमा तख्ता र सुन्दर सुन्दर फलफूलहरूसमेत लगाए । पोखरी-पीछे रङ्ग रङ्गका माछाले बहुत मनोहर गराए । त्यहाँ खजाना, बन्दूक, हातहतियार, तोप, गोला, गिराव, भाला, इत्यादि लाखौं जंगी खजानाहरू थन्क्याई फौजहरूको आलो-पालो गरेर पहरा राखे ।

यिनैका पालामा जयवागीश्वरीका मन्दिरभित्र चोर पसी गहना चोरेको थियो । दुइ वर्षपछि बांडागाउंमा ठूलो मुगाको माला र चांदीको जन्तर बेच्न लागेको वेलामा दसी फेला पारी केरकार गर्दा केही गहना पाइए, केही पाइएनन् । पाइएका रुपियां र गहना नयां बनाएर भण्डार-मा थन्क्याई चोरलाई मारे ।

मन्त्री जनरल भीमसेन थापाले पनि मुलुकको र फौज-को स्थिति बांध्ने मन गरे । राजा बक्साई ७९ सालमा

आपना प्रतीत हितका मुख्य कारिन्दा मुलुकी खरिदार गुणवन्तबाट मुलुकभरमा अधि नभएको जांच पठाई जांचेर खेतमा कुत धान, गहुं, अधियां, ठेक, घ्यूखानी भन्ने मोही-हरूका राजीको लिखत लिए । खला १ को ठेकीको चार-दामबापत १ पैसा लिने रीत गरी जम्माबन्दी खडा गरे । त्यसमा जागीरदारलाई यति, सरकारमा आउने यति भन्ने लेखी लालढड्डा, मोठढड्डा भन्ने नाउँ राखे । ८२ सालका बालीदेखि जागीरदारका पुर्जा, तिर्जामा कुत, अधियां, ठेक जो हो यति भन्ने ठेकियो र मोही तलसिङको झगडा पनि नपर्ने भयो । पाखाको ठेकमा हल १ को मोहरु १, पाटे १ के मोहरु ।।।', कोदाले १ के मोहरु ।।' का दरले सेर्मा तिर्नू, घरबारी नखोस्नू र हानाहान पनि नगर्नू भन्ने बन्दोबस्त बांधे ।

संवत् १८८० सालमा मीन राशीमा सप्तग्रह बसेका प्रभावले नेपालमा विसूचिका महामारी रोग प्रवेश भयो । वैशाख महीनादेखि एक एक शहरमा दिनप्रति सय डेढसय मानिस मरे । बजारमा मान्द्रो शून्य हुंदा नेवारहरूले मुर्दा पोका पार्न पाएनन् र राजा बक्साई गुन्द्री, सुकुल, घुम जे पायो उसैमा पोका पारी मुर्दा उठाउने गरे । यस रोगको प्रवेशकालदेखि शान्त नहुन्जेलसंम ललितपुरका सर्वेश्वरको लिंगमा विभूत लगाए जस्तो फुस्रो देखियो । जलले पखाल्दा पनि सुकेपछि हातमा सफेद लाग्ने भइरह्यो । यसै सप्तग्रह जोडिएका फलले पूर्वदिशामा ढाकाशहर पनि डुब्यो ।

नेपाली संवत् ९४५ सालका दसैंमा फूलपाती लिन जाने दिनदेखि ठूलो बर्षाद भई विशंकुतर्फ धेरै पहिरो गयो । खोलानालाले धेरै बढेर कैयौं गाउँ बगाई लगे । फूलपाती लिन जाने मानिस पनि झरीमा परी मरे । दसैंलाई बेच्न ल्याएका खसीबोकाहरू पनि धेरै मरे । यसै सालमा माघ-महीनाभर ठूलो बर्साद भई पूर्वतर्फ धेरै मूल फुटे । पश्चिम कृष्णागंडकीमा पहिरो आई दुइ महीनासंम जल थुनियो । खुलेपछि त्यस नदीका किनारका पर्वतहरूमा तस्वीर, गहना र भांडावर्तनहरू धेरै पाइए ।

यसै सालमा यमपंचक प्रारम्भ भएका दिनमा अहो-रात्र सानो भूकम्प गयो । त्यसपछि महीना दिनसम्म हर-रोज दिनमा ७।८ र रातमा ७।८ फेरा भूकम्प हुंदै रह्यो । यी महाराजले लोकोपकारका निमित्त दानप्रदान र शान्ति-स्वस्ति गर्दा नेपालमा धेरै उपद्रव शान्त भए । यी महा-राजले प्रथम श्री पशुपति र श्री गुह्येश्वरीको दर्शन गर्न जांदा अघिका राजाहरूले नगरेको नित्य एक एक रुपियां भेटी चढाएका हुनाले त्यो रीत अझतक चलेकै छ । फेरि महावारुणी योग पर्दा यी महाराजले लोकजयार्थ धेरै दान-पुण्य गरे ।

मन्त्री जनरल भीमसेन थापाले पनि टुंडिखेलमा राम्रो ठूलो हवेली र बघैंचा बनाई बागदरवार भन्ने नाउँ राखे । त्यहाँ भीमभक्तेश्वर बाणलिंग स्थापना गरी शिवालय बना-एर पूजा चलाए । त्यस बागदरवारका अगाडि सुनधारा, सुन्दर तलाउ, धरहरा आदि बनाए । फेरि रिडीमा आफ्नी महतारी सत्यरूपादेवीका नाउँबाट सत्येश्वर महादेव स्थाप-ना गरी गूठी राखे । महाराजबाट पनि श्री गुह्येश्वरीमा सुवर्णसिंह खम्बसंयुक्त गरी चढाइयो ।

अघि राजा प्रताप मल्लले बनाएको मोहनचोक दरवार पुरानो हुंदा रंगमहल गरी नयौं बहुत राम्रो गरी बनाए । मन्त्री भीमसेन थापाले पनि अब मध्येसतर्फको रैतानी बन्दो-बस्त गर्छु भनी ८५ सालमा महाराज बक्साई मुलुकी खरिदार गुणवन्तबाट बन्दोबस्त गराउँदा तीन लाख जम्मा-बन्दीमा दुनियाँलाई राजी राखेरै सात लाख बढाएर पञ्च-शाला भन्ने नाउँ राखी सात जिल्लाको दस एघार लाखको जम्माबन्दी खडा गरे । यही रीतले चितवन र बुटवलतर्फको पनि जंमामा लाखौं बढाए । खेतका कुतमा हानाहान मात्र हुनाले पनि दुनियां खुशी राजी गराई लाखौं धान र लाखौं खेत बढाएर राजाको ढुकुटी भरे ।

अघि स्वामीज्यूका खास तैनाथ कालीबक्स १०८८, श्रीनाथ ८८८ जम्मा जवान १९७६ लाई ६६ सालमा लालढड्डा भएपछि ६९ सालमा कम्पनीको पल्टन भन्ने नाउँ रह्यो । यी महाराजका पालामा सालसाल कम्पू बढा-उंदा पल्टन ७ का जवान २१७, नाल ६१०९, लातिमा १९०५ जम्मा जवान ८२३१ खडा गरे । कम्पनीमा नेपाल पूर्व, पश्चिम गौंडा गौंडामा रहेका ४० कम्पनी थिए । पल्टनलाई दरिएका जागीरमा खोलो, पहिरो भै बेकायमी भएमा त्यसको सट्टा पनि दफदरबाट सालिन्दा पाउने भए । यो काम गर्दा खुशी भई महाराजले मुलुकी खरिदार गुण-

वन्तलाई मध्येस पहाडमा बिर्ता दिए । पहाडतर्फका भागको पनि इजरा अमानत लिई जो गर्नुपर्ने बन्दोबस्त मिलाएर सबै प्रजालाई राजी तुल्याई राखे । फेरि जगा जगामा सडक बनाए । यी मुलुकी खरिदार र देवीभक्तलाई सात-फेरा कलकत्ता पठाई कम्पूलाई अघि नभएको टोप, कुर्था, चुस्ता, सेली झिकाएर दर्जामाफिक दिई पल्टनलाई शोभायमान गराए । बग्गी, घडी, तस्वीर आदि चीजबीजहरू लाखौं लाख रुपियाँको झिकाई नेपालमा देशी नक्सा गराए । यी बजीर बहुत अकलमन्द, अगम बुद्धि भएका, हडवड नगरी काम गर्ने, बुझी ठहराई मात्र काम गर्ने, छोटाबडाको दिल बुझ राखी मात्र कामकाज गर्ने, बहुत निसाफी मन्त्री थिए । यस्ता मन्त्री पाउँदा यी महाराजले बहुत सुखसंग राज्य भोग गरिरहेका थिए ।

संवत् १८८६ साल आश्विन शुदि ७ मा यी महाराजका ज्येष्ठपुत्र सुरेन्द्रविक्रम शाह पैदा भए । ८८ सालमा विश्वकेतुको लिंगो ढल्यो । यसै साल वैशाख वदि १४ रोज ५ मा श्री दक्षिणकालीका मूर्तिमा गई बौलाहाले खड्गले हान्यो । यसै साल श्रावण शुदि १० मा लाहुरका कामका निमित्त दरवारबाट मानिसहरू खटिई गए । यसै साल आश्विन शुदि २ रोज ६ मा कर्णेल माथवरसिंह थापाले खानी र दुइ पल्टन तैनाथ पाए । उसका जगेरा किफायतले मुलुकी खरिदारले ८८ साल आश्विन शुदि १३ रोज ४ मा नयाँगोरख पल्टन थप्ने मोहर गराई पल्टन १ खडा गरे । यी जनरल भीमसेन थापाले बोर्लाङ थुम बिर्ता किनी लगनदरवारका छांटको ठूलो घर र बघैंचा बनाए ।

यसै साल पौष शुदि १५ रोज ३ मा महाराजका माहिला पुत्र उपेन्द्रविक्रम शाह पैदा भए । यसै साल माघमा जनरल भीमसेन थापाले आफूले बनाएका बुंकोटका भीमवीरेश्वर महादेवका मन्दिरको र पुलको प्रतिष्ठा गर्न श्री ५ महाराजसंग बिदा भई बोर्लाङ गए । साथमा पल्टन, कर्णेल, बादशाही बाजा र पसलेहरू समेत लगेका थिए । गोरखाका थरघर सबैलाई खानगी थप दिई त्यहाँका बूढा-बूढी र बालक, जवान सबैलाई धेरै अन्न, धन, वस्त्रहरू दान र बकस दिए । यस्ता प्रकारले त्यहां सबैलाई राजी गराई १२ दिनमा नेपालमा हाजिर भए ।

यसै साल फागुनमा अंग्रेज म्याकट साहेव नेपाल आउंदा खजान्ची उमाकान्त पांडे हेटौंडासंम लिन गए । कर्णेल माथवरसिंह थापा थानकोटसंम लिन गए । त्यस अंग्रेजले आइपुगेकै दिन जनरल भीमसेन थापासंग मुलाकात गऱ्यो । छ दिनका दिन महाराजको दर्शन गऱ्यो । नेपाली सवत्..... मा पौष क्षयमास भै आश्विन अधिक हुंदा काशी, कश्मीर, नेपाल यी तीन देशका पण्डितहरू बसी निर्णय गरेर शुद्ध आश्विनमा दसैंको कर्म गरे गराए । क्षयमासका फलले संवत् १८८८ सालमा महामारी आई नेपालमा प्रजा प्राणीहरू धेरै मरे । पल्टनका सिपाहीहरू पनि कवायत खेल्दाखेल्दै व्यथा लागी मर्ने थाले । मानिसको मासु कुहिएकोले पानी खान पनि भएन । त्यस वखतमा राजाको उमेर वर्ष १८, वडामहारानी त्रिपुरसुन्दरीको उमेर ६८, चौतरियाको उमेर वर्ष २८, जनरल भीमसेन थापाको उमेर वर्ष ५८ यस्तो अङ्कांक संख्या मिल्दा यो रोग बढी रोजको सात आठ सय मानिस मरेका थिए ।

यसै साल चैत्र वदि १० मा स्वामीज्यूकी महारानी त्रिपुरसुन्दरीदेवी यसै महामारीका व्यथाले आर्यघाटमा जलयोग पाई स्वर्गे भइन् । घोडायात्रा पनि जूठो सकिए-पछि भयो । त्यसपछि रोग पनि साम्य भयो । यसै साल ठवहीलका बारूदखानामा बज्रपात भयो । संवत् १८९० सालमा ठूलो बर्सादले बाढी आई वागमतीलगायत खोला-नालाले धानका कुनिउंसमेत धेरै बगाई लगे । लेलेका टीकाभैरवलाई पनि बगाई लगे । वागमतीको पुल पनि बराबर हल्ली बिग्रन खोज्यो, तर बिग्रन भने पाएन । चोभारका नागले आसन गरेको पत्थर पनि बाढीले आधा फोरेर लग्यो । यस्तो बाढी कहिले पनि आएको थिएन ।

संवत् १८९० साल अधिक भाद्र शुदि १२ का रातमा २३ पल्ट भूकम्प भयो । त्यहाँदेखि रोजरोज दिनको ४०।५० फेरा भूकम्प हुँदा राजा, मन्त्री, भारदारहरू सबै डरले आआपना बघैंचामा पाल टांगी बसे । दुनियांहरू पनि घरमा बसेनन् । तीन शहर गाउं गाउं सबै ठाउंमा घर, देवल, सत्तल, पाटीहरू धेरै भत्के । ठिमीमा र भक्तपुरमा ज्यादा भूकम्प गई धेरै घर भत्केकाले मानिस मर्ने र घाउ लाग्ने धेरै भए । त्यस्तो हुँदा पनि श्री पशुपतिनाथ, श्री गुह्येश्वरी, ललितपुरका चण्डेश्वरी, पूर्णचण्डी र मीननाथ यति देवताका देवालयमा झुन्डघाइराखेको घण्टा पनि हल्लिएन । यो भूकम्प उत्तरमा भोट कुतीसंम, पूर्व विजयपुरसंम, पश्चिम गोरखासंम र दक्षिण मकवानपुरसंम गयो ।

यस्तो विघ्न हुँदा राजा र मन्त्री भादगाउंमा गई प्रजाहरूलाई माया गरी खातिरजामाको हुकुम गरेर चाहिंदो अन्न, वस्त्र र धनहरू दिई फिरे । भूकम्पले कति नोक्सान भयो भनी मन्त्री जनरल भीमसेन थापाले जचाउँदा निम्न लेखिएबमोजिम ठहरियो ।

शहर काठमाडौंमाः— जम्मा घर भत्केको ६४३, सिंगै भत्केको ३६५. छाना मात्र भत्केको १० सत्तल भत्केको ३, पाटी भत्केको ५, ढोका भत्केको २, धरहरा भत्केको २, सिंगै भत्केको १, माथिको १ तला मात्रै खसेको १, टुंडिखेलको ठूलो श्री जगन्नाथको देवालय सिंगै भत्केको १, मानिस परेको जना ५२, मरेको जना २२, घाइते जना ३०, वागमतीका पुलको पर्खाल हात १९।२० जति खसेको र त्रिपुरेश्वरका देवालयको माथिल्ला तलाको गाह्रो भत्केको देखियो ।

पाटन शहरमाः— जम्मा घर भत्केको ८२४, सिंगै भत्केको ३६५, छाना मात्र भत्केको ९८, कौसी खसेको २२, आधा घर भत्केको ११०, सत्तल भत्केको ३७४, देवालय भत्केको १७, पाटी भत्केको १४, मानिस परेको जना २, मर्ने १, घाइते हुने १ भए ।

शहर भादगाउँतर्फः— जम्मा घर भत्केको २७४७, किल्ला भत्केको ३११, छाना भत्केको २०४, आधा भत्केको ९७१, कौसी भत्केको ११८६, जम्मा घर २७० मा बस्ने जाहानका जाहानै परेका मानिस जना १६१६, त्यसमध्ये मरेका १७७, घाइते जना २५२, बाँकी सन्देह जना १६०२ भए ।

सांखुमाः— घर भत्केको २३६, देवालय, ढोका, सत्तल भत्केको २१, मानिस थिची मरेका १८, घाइते १० भए ।

बनेपामाः— घर भत्केको २६९, सानागाउंमा घर भत्केको ३३, घाइते २ ठहरिएको थियो ।

त्यसै भूकम्पमा पाटनका बालकुमारीको देवालय भत्की देवता थिचिंदा त्यसैका प्रभावले बंडेनी कुमारीको आंगभरी घाउ भई सबै अंग पाकेर थिचिएका २१ दिनपछि मरिन् । अनि कुमारीको घरमा मुकुट कलश स्थापना गरी काम चलाएर दसैंमा अर्की सट्टा कुमारी तुल्याए । यस्तै भूकम्प अघि श्यामसिंह राजाका पालामा भएथ्यो भन्ने सुनिएको थियो । यी राजाले यसै सालमा आफ्ना शहर गाउंका बूढाबूढीहरूलाई हनूमान्ढोकामा नानाप्रकारका मेवामिष्टान्नसंयुक्त यथेच्छ भोजन गराई धन वस्त्रहरू दिएर उनीहरूका मुखबाट अघि अघिका पुराना कुरा सुनी बिदा गरी पठाए । फेरि ९१ साल आषाढ शुदि ५ मा र भाद्र शुदि ११ रोज ७ का १३ घडी बाँकीमा, आश्विन वदि ८ रोज ६ का दिन तथा आश्विन वदि १२ रोज २ का दिनसमेत धेरै पल्ट भूकम्प भयो । यही साल फागुन वदि ३ रोज २ मा लक्ष्मी नाम गरेका सिद्ध आई राजा र मन्त्रीसंग भेटघाट गरी प्राणायाम गरेर देखाए । त्यसै खुशीयालीमा उनलाई बागमा लगेर भण्डारा दिए । अलिक दिनपछि खुशी गराएर उनलाई बिदा दिई पठाए ।

महाराजले ९१ साल श्रावण महीनामा आफ्ना मन्त्री जनरल भीमसेन थापालाई "कम्याण्डर इन चीफ जनरल" भन्ने खिताप दिए । ती मन्त्रीका धर्मपुत्र छोरा शेरजंग बहादुरलाई कम्याण्डर कर्णेल दिए । निज मन्त्रीका कान्छा भाइ रणवीरसिंह थापालाई पाल्पागौंडाको र बज्रवाणी, कालीबक्स, शेर, सुबुज यी चार पल्टनको तैनाथ दिई छोटा जनरल मान दिए । निज मन्त्रीका भतिजा माथवरसिंह थापालाई पुरानागोरख र नयाँगोरख दुइ पल्टनको तैनाथ दिई छोटा जनरल दिए । त्यसपछि कलकत्ताको लाठबाट खबर हुँदा छोटाजनरल माथवरसिंह थापालाई हुकुम दिई तीन सय लेटर फिकेर पगरीहरूलाई समेत मोती जडेको कुर्था र पोशाक दिई बहुत ठस्सा गरी पठाए । माथवरसिंह थापाले पनि कलकत्तामा पुगी लाठसंग मुलाकात गरेर आफ्नो दबदबाउ पाइन राखे । कलकत्ता शहरमा हात्ती चढी गल्ली गल्लीमा रुपियां छरेर ठूला ठूला कस्बी बिब्बीहरूको नाच तमाशा हेरे । त्यहाँ भारी भारी इनाम बक्स दिई सरकारको इज्जत राखेर नाउँ चलाउंदै नेपाल आइपुगेपछि श्री ५ सरकारको दर्शन गरी सबै विस्तार विन्ति चढाए ।

यसै बीचमा मन्त्री श्री कम्याण्डर इन चीफ जनरल भीमसेन थापाको मुख्य कारिन्दा मुलुकी खरिदार गुणवन्त निमकको बहुतै सोझो गर्ने, निर्लोभी, कामकाज गर्दा खान र सुत्नसमेत नपर्ने, मुलुकको कामलाई पाहाड मथ्येस सबै पेटमा भएको, धारणाशक्तिसंयुक्त, सहनशील, पछिको कुरा

यस्तो होला भन्ने अघेरै देखी काम गर्ने, परोपकारी, अर्काको बिगार नगर्ने यस्तो स्वभावका थिए । अकस्मात्का व्यथाले विक्रम संवत् १८९२ सालमा परलोक हुँदा मन्त्रीले मेरो दाहिना पाखुरा गयो भनी बहुत अपशोच गरे । भारदार-हरूले पनि नेपालमा यस्तो कारिन्दा फेरि हुन गाह्रो छ भनी बहुतै सह्रानी गरे ।

त्यसपछि हनूमान्दल पल्टन जमाई निशान हनूमान्-ढोकाका हनूमान्मा चढाए । खान्गी भर्ना भएको थिएन, पछि पांडेहरूले थापामन्त्रीहरूलाई बिगारेपछि उनीहरूका बिर्ता, बेख, छाप, मानाचामलहरू झिकी त्यसैले पल्टनलाई खानगी बाँधिदिए । त्यसका दुइ तीन वर्ष अघिदेखि छोटा बुद्धि भएका पांडेहरू दरवारमा पसी भित्रका केटी खवासेहरू हात लिएर नभएको चुक्ली लगाई राजा र रानीको मन फर्काइसकेका थिए । यस कुराको संक्षेप मन्त्री भीममेन थापाले पाउँदा "बेहकमा हामीहरूमाथि दगा नहोओस् । कुसंग पनि नगरिबक्सियोस् । हजुरको पुरानो बजीर हुं । पाछ मुलुक बिग्रन जाला र हजुरको इज्जत पनि रहोइन" भनी बखत बखतमा संझाई महाराज र जेठा महारानीका जुनाफमा विनति गर्दथे । तर चुक्ली कुराले गर्दा त्यो विनति प्रतीत नपर्ने भइसकेको थियो ।

त्यसै बखतमा कुमन्त्रीको कुरा सुनी जनरल लगायत गैह्र पगरीहरूको र निजामती सबको रैबन्दी गरी घटी खानगी दिएर किफायत झिके । "मुलुकमा टाँगो हाली जांच गर" भनी हुकुम भयो । "मेरा जीवले पल्टन बढाई खुवाएँ, बढाएँ । आज मेरै हातबाट घटाई खुवाउने काम गर्न सक्तिन । यो काम अरू भारदारलाई बक्सेजाओस्" भनी भीमसेन थापाले विनति गरे । संवत् १८९३ साल फागुण वदि ९ रोज ४ मा श्री गुरुज्यू रंगनाथ पण्डितज्यूलाई रैबन्दी गर्ने लालमोहर गरी अख्तियार बक्सियो । श्री गुरु-ज्यूले जाँच गरी रैबन्दी गर्दा पगरीहरूलाई समेत अधि खाएको भन्दा साह्रै घटाई खानगी दिइयो । त्यसबाट पल्टनको शीलस्वभाव र रवाफ घट्न जांदा खरिदार, सुबे-दार, जमादारहरूले घोडा पाल्न समेत नसकी बेशोभा भएको थियो ।

यसरी चुक्लीखोरहरूको मनोज्ञ चलिरहेको अवस्थामा यी महाराजका जेठामहारानीतर्फ सुरेन्द्रविक्रम शाह र उपे-न्द्रविक्रम शाह, कान्छामहारानीतर्फ साहिला, काहिला साहे-बज्यूहरू थिए । जेठामहारानीतर्फ जन्मेका कान्छासाहेबज्यू देवेन्द्रविक्रम शाह ६ महीनाका बालक अवस्था हुंदा आराम नभई ९४ साल श्रावणका ११ दिन जांदा सोमबारका दिन अकस्मात् आर्यघाटमा स्वर्ग भए । तमाम दुनियांले मुण्डन गरी जूठो बारे । जेठा महारानीले बहुतै विलाप गरी रण-जंग पांडेको सल्लाह लिएर यसै निहुंले "कान्छासाहेबज्यू-लाई भीमसेन थापा र एकदेव वैद्य मिली पाटनका भाजु-मान वैद्यलाई अह्राएर विषादि औषधी खुवाई मारे" भन्ने नभए नगरेको मुद्दा उठाए । जूठेभित्र मन्त्री भीमसेन थापा र तिनका भाइछोरा, चाकरचाकर, कारबारीहरूका घरमा तिलंगा लगाई घर घेरा दिएर बन्द गरी राखे । त्यस सम्ब न्धका अरूलाई पनि पक्रे । सर्वस्व लिनेको सर्वस्व पनि लिए । रणजंग पांडेलाई देवान भनी मुख्तियारी काम बक्सियो । सधैं वसन्तपुरमा बसी ३६ वर्षसंम मुख्तियारी काम गरेका भीमसेन थापालाई उसै ठाउँमा हनूमानदल पल्टनले घेरा दिइराख्दा "निसाफ देऊ, बेहकमा इज्जत न-लेऊ" भनी बराबर कराउँथे । तैपनि निसाफ नपाउँदा "निसाफ दिएनौ त धन राजाको, ज्यू यमराजको, खुश तिम्रो र मेरो, निसाफ दर्गाहामा होला" भनी महाराजलाई जवाफ दिन्थे । एकदेव र एकसूर्य उपाध्याय दुइ भाइलाई खत साबित ठहराई नरकमा हाले, दुइपल्ट मुडी सर्वस्व पनि लिए । भाजुमान वैद्यलाई नरकमा गाडी आंखा झिकेर शुलीमा हाली छाला टांगेर पाटनको पुलचोक जाने बाटा-नेर गाडिराखे । भीमसेन थापालाई पछि नेलसमेत ठोकी बन्धनमै राखेका थिए । आठ महीनापछि छाडिदिंदा आफ्नै घरमा बसे । केही महीनापछि श्री ५ महाराज र महारानी-बाट "दरवारमा आउनू" भन्ने हुकुम हुंदा दरवारमा जाने-आउने गर्दथे । सरकारबाट खानाखर्च पनि पाउँथे ।

संबत् १८९५ सालमा शंखमूलका कोटीश्वरको लिंग ११ घडी दिन चढ्दा १० पलासंम हल्लिरहयो । यो कुरा सबै दुनियाले देखी राजासँग जाहेर गर्दा उत्तर केही भएन । १८९६ सालमा लाहोरका महाराज रणजितसिंहसंग दोस्ती-को बन्दोबस्त गर्नालाई भारदार पठाउनुपर्दा उहां पठाउन लायक छोटाजनरल माथवरसिंह थापा ठहरिए । उनलाई खटाई सरकारबाट सरसौगात र बाटा खर्च लाखौं रुपियां दिई बिदा बक्सियो । माथवरसिंह थापा बिदा भई सेतो हात्ती पक्रन जान्छु भन्ने बहाना गरेर गएका थिए ।

संवत् १८९७ साल चैत्र शुदि ८ मा सेतामत्स्येन्द्रको यात्रा हुंदा रानीपोखरीका पूर्वपट्टि बाटामा पुगेका बखतमा रथको छत्र भांचिई भूमिमा खस्यो । त्यसै अवस्थामा थापा-माथि खेलखाल गर्ने पांडेहरू सबै मिली "थापाहरूलाई फेरि नगिराए त राजालाई एक दिन न एक दिन अवश्य रिझाउनेछन् । किनभने देशदेशावरमा पनि यिनैको नाम जाहेर छ । ३६ वर्षसंम मुख्तियारी चलाएका हुनाले फौज दुनिया पनि यिनैका हातमा छन् । अचेल दरवारमा पनि बराबर आउनेजाने गर्न लागेका छन् । पछि हामीहरू अवश्य खराब हुनेछौं" भनी जालखेल जमाए । अनि श्री ५ महाराज र जेठामहारानीसंग फेरि झूटो चुक्ली पारी भीमसेन थापाका घरमा फेरि तिलंगा लगाई नेलसमेत ठोकेर उनका जाहान-बच्चासमेत बोर्लाङमा पठाई उहीं बन्धनैमा राखेका थिए । केही दिनपछि महाराजले भीमसेन थापालाई झिकाए ।

त्यसका केही दिनपछि कुलराज पांडे भीमसेन थापा-का घरमा गई "तिमीलाई यसो गर्नू भन्ने भएको छ, तिम्रा जाहानलाई यसो गर्ने भन्ने बिहुमंत लज्जा हुने कुरा-समेत गर्ने भन्ने भएको छ" भनी भय देखाएर आएका थिए । त्यही दिन दिउसो राजाबाट भीमसेन थापालाई बोलाहट जांदा "आउँछु" भनी कोठाभित्र पसेर दिग्दार भई 'अघि तकराजी पर्दा आफूले चीन र अंग्रेज दुइ बाद-शाहसंग दोस्ती बांधी राजगद्दी आफ्नो कायम राखेर निम-कको सोझो भरमगदुर गरी २६ वर्षसंम मुख्तियारी चलाए-को कुराको संझनै केही नभई छोटा बुद्धि भएका मानिस-का चुक्लीले वारंवार बेकसूरमा मलाई यस्तो इज्जत लिने निर्विवेकी रहेछन् । यिनले मेरो दम छउन्जेल बेइज्जत गरी हुर्मत लिन गाह्रो मान्नेछैनन् । अब मैले बाच्नुभन्दा मर्नु बढिया छ । मेरो यी राजासंग दर्गाहमा निसाफ होला ।" भनी "श्री पशुपति, श्री गुह्येश्वरी, श्री तलेज्यूभवानी शरण" यस्तो पुकारा गरी खुकुरीले आपनै हातले गलामा प्रहार गरे । उस बखत प्राण गएको थिएन । चार दिनपछि १८९७ साल श्रावण वदि ५ रोजका दिन मन्त्री भीमसेन थापाको प्राण गयो । राजा र भारदारहरू सबै आई हेरेर दागबत्ती पनि गर्न नदिई टुँडिखेलबाट घिसार्दै लगेर भीम-सेन थापाको लासलाई विष्णुमतीका किनारामा फाले । नकु हुन्जेलसंम चप्रासी पहरा राखे, सत्कार गर्न दिएनन् । यिन-की जेठी र माहिली मुखिनीलाई बलजफतले नंगीपहिरन गराई नागा साथ लगाई हेलंबु पठाए । कान्छी मुखिनी र शेरजंग थापालाई नेपालमा बन्धनमा राखे । थापाखलक-हरू जति सबैको जनै पनि झिके । यस्तो नौमत गरेपछि मात्र श्री ५ जेठामहारानीको रिस शान्त भयो । यस विष-यमा थापाहरूले रिसमा परी बिकसूरमा फजियत पाएका हुन्, बिराएका होइनन् ।

यस्तो उपद्रव हुनुरहेछ र उपद्रव नहुंदै रानीपोखरीको पानी रातो भयो, कपडा भिजाई हेर्दा गुलाफी रंगको देखियो । नेपाली संवत् ९५९ साल आषाढ शुदि २ मा श्री इरिसिद्धिका देवालका माझका गजूरका टुप्पामा आगो बले झैं ज्योतिबलिरहेको देवमोचे च्यामेले देखेको रहेछ । त्यस-का ९ दिनपछि भीमसेन थापाले आफैले गला सेरेका हुन् । यी मर्नेअघि १२ दिनसंम दिउँसै तारा पनि देखिए । यी मरेका तीन महीनापछि कुमारीका विचारी गुणाकर पाध्या-लाई आमाचकारी गाली गरे भनी बोर्लाङका कृष्णेश्वर पाध्याले खुकुरीले काटी मारिदिए । फेरि ठूलो बतास आई नवकोटको भैरवीका देवालयका सुनको छानाका पाता ६।७ उडाई भंडारखालसंम पुऱ्यायो । यस्ता प्रकारले यो भीम-सेन थापाको अन्त्यअवस्था बिग्यो तापनि यी बजीर बहुतै पुरुषार्थ भएका खूबै ठूला हुन् ।

उता लाहुर गएका माथवरसिंह थापाले महाराज रण-जितसिंहसंग सलतन बातचित गरी खुशी गराएर हुकुम भए-बमोजिमको दोस्ती बांधिसकेका थिए । अकस्मात् राजा रणजित्सिंह र उनका छोरा खड्गसिंह पनि परलोक हुंदा माथवरसिंह थापा लाहुरमै बसेका थिए । यता रणवीरसिंह थापा फकीर भई अभयानन्द पुरी भन्ने नाउँले रहेका थिए । पांडेहरूले माथवरसिंह थापालाई बिगार्ने मन गरी नेपालमा रहेका बडा साहेब हाजसनलाई उठाई "तिमीहरूमाथि दगा गर्न माथवरसिंह थापा लाहुरमा बसेर सलतन गरी उद्योग गर्न लागेका छन् । तिमीहरू दोस्त हौ, खबरदारी गर" भन्ने झ्याईं पारे । निमकको सोझो नगरी थापाहरूमाथि मात्र रिस गरेर यस्तो जाल रचे । हाजसनले लोधेनामा बस्ने बडा साहेबलाई लेखी पठाउँदा लोधेनाको निमेक लंड-नसाहेबले जनरल माथवरसिंह थापालाई लाहुरैबाट झिकाई लोधेनामा ल्याएर कैद गरी राखे ।

आठ महीना विते पछि सिङ्गलेमा अंग्रेजका लाठ, कम्याण्डर इन चीफ, जनरल, कर्णेल मेमहरू र अरू सब

अफिसरहरू जम्मा भई जग्गा जग्गाका खबर जाहेर गरी गराई वर्षप्रति कचहरी गर्नु पर्ने रीत रहेछ । त्यसअनुसार एक दिन भारी मुकाम गरी हजारौं तम्बू पाल टांगी मजबूतसंग बसेका अवस्थामा निमेक लंडनसाहेब कचहरीमा पुगे पछि "गोरखाका जनरल माथवरसिंह थापा कैदमा रहेका छन् ।" भनी लाठसाहेब र मेमसाहेबसित विस्तार गरे । "ती कुन जनरल हुन् ?" भनी सोद्धा "अघि नेपालमा भीमसेन थापाको बहाल मुख्तयारी छंदै कलकत्तामा आएका हुन् । यिनको तस्वीर खिची बेलायतमा गएको पनि छ" भन्ने कुरा भयो । "तिनलाई यहीं झिकाउनुपर्छ" भन्ने कचहरीमै लाठ साहेबबाट हुकुम भयो । अनि तुरून्त खत लेखी लोधेनामा पठाए । जनरल माथवर सिंह थापाले पनि पञ्जाबी पोशाक लगाई हीराको भाला, मोती पन्ना जडेका गहना, पञ्चहतियार, दोस्त महम्मदका निमकहलालीको ढाल पहिरी घोडामा चढेर सिमले पुगे । लाठसाहेबले तम्बूबाट बाहिर आई टोप उतारेर उनलाई सलाम गरे । अनि हात समाई पालभित्र लगेर कुर्सीमा राखे । लाठलगायत अफिसरहरू चार पांच सय जम्मा भएका यस्ता कचहरीमा क्षेम कुशल बातचित हुंदा "तिम्रा बाबा बहुत अक्लमन्द बजीर हुन् । विवेक नगरी बेकदरसंग खराब गराए । तिमीहरूका भारदारहरूमा अकल ठीक रहेनछ । अब तिम्रो यहीं बस्ने मनसुवा छ कि आफ्नै राज्यमा जाने मनसुवा छ ?" भनी लाठ साहेबले सोधे । "निमेक छोड्नु हुंदैन । बाबुलाई कलंक लागेको छ, निसाफ गरी निष्कलंकी गराउन नसके छोरो पैदा भएर के भयो र ?" भनी माथवरसिंह थापाले भने । अरू बातचित र मुलाकात हुंदा उनको सुन्याइं र जमामर्दी कुरा मुन्दा सबै छक्क परे । "चाडैनै नेपाल जाऊ, जनरलजी" भनी बहुत खुशी भई मेमसाहेबले दोस्ताचारीसंग सलाम गरिन् । "नेपालका रजिडन्ट भएका हाजसनले पांडेसंग मिली नेपालमा मनोज्ञ गरेर ऐन कानूनको दस्तूर नाघी काम गर्न लागिरहेछ । म तीर्थ गर्न आएकालाई खत पठाई आठ महीनासम्म लोधेनामा कैद गराए । अब म नेपाल जान्छु । नेपाललाई रजिडन्ट लार्डनसाहेब दिनुपर्छ" भनी माथवरसिंह थापाले भने । "हाम्रो प्रमाण भन्दा बढ्ता काम गर्ने हाजसन खारेज भयो । तिमीले भनेका लार्डनसाहेबलाई कार्तिक महीनामा पठाइदिउंला" भनी लाठ साहेबले भने । यस्तो बन्दोबस्त बांधी दिलमा बहुत खुशी हुंदै दिएको खिल्लत लिई माथवरसिंह थापा बिदा भएर फर्के

यता नेपालमा रणजंग पांडेले मुख्तियारी चलाउन नसकी बहुलाहा हुंदा चौतरिया फत्यजंग शाहले मुख्तियारी काम गरिरहेका थिए । राजारानीका हजुरमा पनि हालका भारदारहरूले चित्त बुझाई काम गर्न सकेका थिएनन् । पुराना बजीर सबै बिगारिसकेका हुनाले मुलुकमा केही हुन पनि सकेको थिएन ।

तिनै ताका कप्तान कुलराज पांडेले सरकारको किफायत गर्छु भनी पल्टनलाई दर्माहा दिई रैबन्दी गर्ने आंट्दा सो कुरा जाहेर भयो । सम्बत् १८९७ साल आषाढमा फौजहरू सबै एकट्ठा भई टुंडिखेलमा बन्दुक सुताई बसेका थिए । त्यसै बीचमा सांझदेखि घनघोर पानी बर्सदा अकस्मात् दैवका ईच्छाले आठ हजार फौजले आआफैले हुकुम दिई लिई सब भारदारहरूका घर घरमा सिपाहीहरू पसे । कृयाल ढोकाहरू फोरी पसेर लुटपिट गरी धनदौलथको नाश संहार गरे । त्यसरी लुटेका धनले कुनै सिपाही निहाल पनि भए । ताश, किनखाप, कुचीनका मूठाको चिराक बाली घर घरमा चाहारे । गुरूज्यू रंगनाथ पण्डितज्यूका घरमा पनि लुटपिट गरे । पुस्तकहरूलाई पनि 'यी रैबन्दी गर्ने पुस्तक होइनन् के ?' भनी इन्द्रचोकको पानी पुरी नाल बढेका ठाउँमा अफाली बगाइदिए । भनेको नमान्ने आआफ्ना पगरीहरूलाई पनि साफसंग कुटपिट गरे । कुलराज पांडेलाई चिमटी चिमटी मार्छौं भनी घर घेरी धनमाल लुटपिट समेत गरी खोजे । अगाडिनै थाहा पाई भागेका हुनाले उनी बांचे । नेपालमा फौजबाट यस्तो दंगा अघि कहिल्यै भएको थिएन । आठ हजार फौजको दुहाई भनी दुहाई पुकारेर फौजले यस्तो उपद्रव गरे । यस्तो उपद्रव हुंदा श्री ५ महाराज राजेन्द्रविक्रम शाह पनि डराई आफै हात्तीमा सवारी भएर रातैमा टुंडिखेलमा पुगे । 'अब रैबन्दी नगर्नू, पुरानै खानगी थामियो' भन्ने लालमोहर दिई फौजलाई बुझाएर निशान उठाउन लगाई फर्काए । सो लालमोहर भएको बेहोरा यस्तो थियो:–

आगे लेटर श्रीनाथ कम्पू पल्टन गैह्रप्रति अघि श्रीबाजेज्यूबाट गरिबक्सेको स्रेस्ताबमोजिम रैबन्दी थामी तिमीहरूको थमौती गरिबक्स्यौं आफ्ना खातिरजामासित नालनिशान उठाई आउने काम गर इति संवत् १८९७ साल आषाढ वदि ६ रोज १ शुभम् – – – – – – – – – –

यसै लालमोहरसंग भएको अर्को लालमोहरको बेहोरा

यस्तो थियो :–

अधिदेखि आजतक खाइआएको जागीर सबै थामी ९७ साललाई थमौती गरिबक्स्यौं नालनिशान उठाई आउने फाग गर मिति सदर ----------

त्यसपछि नेपालमा सधैं यस्तै खडबड मात्र पर्न थाल्यो। त्यसबाट जेठामहारानीका मनमा दिग्दार बढ्न जांदा विरक्तले गेरुवस्त्र पहिरी निर्गुणभजनतिर लाग्दा राजा र भारदारहरूले संझाउँदा पनि मनाउन सकेनन्। कहिले काशी जान्छु भनी हठ गर्ने, कहिले श्रीपशुपतिको सदावर्तमा र कहिले कहीं गई बस्ने गरिन्।

संवत् १८९८ साल श्रावण वदि ९ रोज ३ मा चार घडी रात जांदा भूकम्प गयो। यही श्रावण शुदि ४ रोज ५ मा श्री जेठामहारानी बेरामी भै धेरै दिनसंम निको नहुंदा सबैको विनति सुनी उनले गेरुवस्त्र पहिरन छाडिन्। आराम नभई व्यथा बढ्दै गइरहेको थियो। यसै अवसरमा ९८ साल श्रावण शुदि ११ रोज ५ का दिन एकदेव र एक सूर्य दुवै वैद्यलाई जनै र सिधासमेत मिल्यो। यही भाद्र वदि ३० मा थापाखलकहरूले पनि जनै र सिधा पाए। भाद्र शुदि ११ रोज ६ का दिन 'भीमसेन थापाको क्रिया गनू' भन्ने भयो र आर्याघाटमा कुशको मूर्ति बनाई शेरजंग थापाले दाहादि क्रिया गरे। श्री ५ जेठामहारी साम्राज्यलक्ष्मीदेवीलाई व्यथाले चाप्दा ९८ साल अधिक आश्विन वदि ६ रोज ४ का दिन १२ घडी दिन बाँकीमा धेरै दानपुण्य गरी आर्यघाटमा जलयोग पाएर स्वर्ग भइन्।

संवत् १८९८ साल कार्तिक वदि ४ रोज ५ मा जेठासाहेबज्यू सुरेन्द्रविक्रम शाह आफ्ना रानी साथमा लिई हिटौडा सबारी भयो। बुबा महाराजाधिराज पनि पछिपछि लागी सबारी भयो। यसै साल मार्ग वदि १२ मा पाल्पा तानसेनका खजानाघरमा बज्रपात भई धेरै खजाना बिग्रे।

एक दिन नयां पक्री ल्याएको एउटा मत्ता हात्तीले मादको जोडले गर्दा माहुतेलाई रागबाट जमीनमा खसाली हात्तीसारबाट उम्केर इन्द्रचोकतिर लाग्यो। त्यता पसल र घरहरू जथाभावीसंग भत्काई विद्युत् गर्न लाग्यो। यो खबर श्री ५ महाराजाधिराजका हजुरमा जाहेर हुंदा "यस हात्तीलाई कसले पक्री ल्याउन सक्छ ?" भन्ने हुकुम भयो। "म लगत्तै पक्री ल्याउँछु" भनी जंगबहादुर कुँवर दरबार–बाट निस्के। अनि इन्द्रचोकमा भांडा बेच्नेको घरमाथि चढी छानाबाट हात्तीका पौठमा फाल हाले र बडो फूर्तिसाथ रागमा बसे। मादको जोडले यत्रतत्र जान लागेको मत्ताहात्तीलाई केही बेरमै युक्तिद्वारा आफ्नो कब्जामा ल्याए। अनि त्यस्तो मत्ताहात्तीलाई हात्तीसारमा पुऱ्याएर बांधी श्री ५ का हजुरमा सबै बेहोरा जाहेर गरी श्यावाशी पाए। झोछेटोलमा एउटा नेवारका घरमा चितुवा पस्दा पनि हुकुम शिरोपर गरी एकलै गए। अनेक युक्तिले बाघलाई बांधी श्री ५ का हजुरमा ल्याउँदा जंगबहादुरले श्री ५ बाट जमामर्दीको धाप पाए।

यसै गरी एक दिन जंगलमा गएका बखतमा एउटा गैंडाको केटाकेटी फेला पऱ्यो। त्यो ज्यादा जोडको हुनाले अनेक युक्ति गर्दा पनि त्यसलाई पक्रन सकेनन्। अनि केही बेर त्यसलाई थकाई त्यसका रागमा चढेर झुन् थकाए। धेरै बेर थकाई डोरीले बांध्न खोज्दा पनि ज्यादै जोडको हुनाले मुश्किल पऱ्यो। अनि एकलैले घोचा काटेर बारी ६।७ दिनसंममा त्यसलाई रत्याएर त्यहाँबाट त्यसका पीठमा चढी हनुमान्ढोकामा ल्याए। त्यो केटाकेटी श्री ५ सरकारमा चढाएका हुनाले ठूलो बहादुरी पाए।

संवत् १८९६ सालमा मोरङका माडीगाउँमा अर्नाले रैतीलाई दुःख दिएको खबर सुनी एक पत्थरकाला बन्दूक खोजेर हात्तीमा चढी जंगलमा पुगे। त्यसलाई फेला पारी १० गोली हान्दासंम पनि केही नमानी हात्तीलाई हान्न आइलाग्यो। एकातिर हात्ती भाग्यो, अर्कातिर आफूसंग एक गोली पनि बांकी नभई सबै सिद्धिएको थियो। अब कसो गर्ने हो भन्ने विचार गरी आलीको आड भएको वेला पारेर हात्तीबाट फाल हाले। अनि कालीका आडबाट त्यस जंगली अर्नाको पछादिको ढोडनसामा खुकुरीले बडो जोरले हानी त्यसै ठाउँमा ढलाए।

यिनै जंगबहादुरले घरमत्ताको रागमा चढी वनैया मत्तासंग लडेर वनैया हात्तीलाई पक्री आफ्नै हातले फांद लगाएर ल्याए। इत्यादि धेरै कुराले गर्दा "यो बडो शूरो रहेछ, नानी युवराजका साथमा रही कामकाज गरोस्" भन्ने श्री ५ महाराजाधिराज र श्री ५ महारानीबाट हुकुम भयो। जंगबहादुरले पनि सोहीबमोजिम श्री युवराजको

हजुरिया भई कामकाज गरिरहेका थिए ।

श्री युवराज आफ्ना रानीहरू वागमतीमा लगी बराबर गाडी गाडी खेल्ने खेलाउने गर्दथे । एक महारानी त्यसै पानीका सर्दीले रोग लागी परलोक भइन् । यस्तै नानातरहको खेलौना गर्दा युवराजले भारदारहरूलाई कहिले छुरीले काट्ने र कहिले इनारमा खसालिदिने पनि गर्दथे । यिनै कप्तान जंगबहादुर कुवरलाई पनि लगनटोलका इनारमा खसाल्दा केही बेरपछि आफै उत्री माथि आए, केही भएन । फेरि त्रिशूलगंगाको सांघुबाट फाल हाल्न लगाए । दुइ तीन पल्ट फाल हाली पौडेर उत्रेपछि चौथो पटक फाल हाल्न हुकुम हुंदा बल कम भएको हुनाले नाजोडले अलि तल उत्री पार लागे । फेरि उनलाई "त्रिशुलगंगाका सांघुबाट घोडा लैजा" भन्ने हुकुम भयो । घोडा आधाआधीसंम पुऱ्याएपछि "त्यहींबाट फर्काई ले" भन्ने हुकुम भयो । त्यस्तो सानो सांघु, हल्लने फलेक, त्यो पनि बीच बीचमा नभएको त्यस्तो ठाउँबाट पनि घोडा फर्काई ल्याउँदा "यो बहुतै शूरो जमामर्द रहेछ" भनी उसै बखतमा जंगबहादुरलाई काजी मान बक्सियो ।

उता लाहुर गएका माथवरसिंह थापालाई महीनाको लाख रुपियाँको खानगीका साथै पच्चीस पल्टन, हजार तोपखाना र पन्ध्र सय हात्तीघोडाको तैनाथ भयो, यहीं बस, नेपाल नजाऊ" भनी महाराज रणजितसिंहले दिंदा पनि नखाई निमक संझेर आए । लोधेनामा त्यस्ता प्रकारले कैद पर्दा पनि छुट्टी पाए । आउँदा जगा जगाका नवाफ बाबूहरूले दोस्ती प्रीति गरी "मेरा मुलुकको आधी लिएर यहीं बस" भनी जिद्दी गर्दा पनि नलिई गोरखपुरसंम आइपुगे । त्यहाँ "रामनगरका राजा भई बस" भनी अंग्रेजले बहुतै संझाउँदा पनि "नेपालै जान्छु" भनी निमक संझी कुनै कुरा पनि कबोल नगरेर गोरखपुरमै मुकाम गरी बसेका थिए ।

यता नेपालमा मन्त्रीको र मुलुकको थितिबिती साह्रै बिग्रेको थियो । त्यसकारण श्री ५ कान्छामहारानी र चौतरिया फत्यजंग शाहले भैभारदारहरूसंग सल्लाह गरे । "अघि पनि श्री जनरल कम्याण्डर इन चीफ भीमसेन थापाले श्री स्वामीज्यूका साथमा काशी गई भरमदूरसंग नेपाल उतारेका थिए । अनि ३६ वर्षसंम सरकारको सोझो गरी मुख्तियारी चलाएका थिए । त्यसमा कसैलाई अन्याय गरी दुःख दिएका थिएनन् । अन्त्यका अवस्थामा छोटा बुद्धिका पांडेहरू दुश्मन भई मौका पाएर श्री ५ जेठामहारानीलाई रिझाई बेकसूरमा नानातरहको जालखेल गरेर बिगारेको मात्र हो । आज यी पांडेहरूका बुद्धि, बल, पौरखले पनि केही गर्न सकेन । साथै मलाई पनि अपवाद लगाइराखेका छन् । अब निज भीममेन थापाका भतिजा माथवरसिंह छँदैछन् । तिनलाई झिकाई वजीरी गरिदिए बढिया होला" भन्ने श्री ५ महारानीबाट हुकुम भयो । सबैको मतो मिल्दा श्री ५ महाराज राजेन्द्रविक्रम शाहका हजुरमा विनति पारे । सो कुरा मुनासिब ठहरियो पनि ।

अनि श्री साहेबज्यू सुरेन्द्रविक्रम शाहको बाहुलीका पंजाको सहिछाप परेको, थर्मपत्रको बोली भएको, बोलाहटको लालमोहर गयो । त्यस्तो लालमोहर पाउँदा जनरल माथवरसिंह थापा गोरखपुरबाट एकै दिनमा काशी पुगे । त्यहाँबाट नेपालतर्फ कूच गरी फर्पिङ आइपुगे । हुकुम भएअनुसार हनूमान्दल पल्टन र भारदारहरूसमेत फर्पिङसंम लिन गएका थिए । जनरल माथवरसिंह थापा हात्तीमा चढी नेपाल राजधानीमा उत्रे । संवत् १९०० साल वैशाख महीनामा श्री ५ महाराज र महारानीको दर्शन गरे । दर्शन गर्दा आफूलाई जगा जगामा राजा, नवाफ, हरूले खिल्लत दिएका असवाफ, हीराको माला, कडा बाजु, पन्ना मोती जडाउ किसिम किसिमका गहना, शालदोशल्ला, लाहुरी पोशाक र यस्तै नानातरहका जात जातका चीजबीज हजारौं किश्तीमा भरिपूर्ण गरी दंताहार हात्ती, जात जातका असल बीस घोडा, बेलायती गाई, शेर कुत्ता, अरू जात जातका कुत्ता, चराचुरुंगीसमेत सबै गंज गरी नासलचोक भरिपूर्ण गराएर नजराना चढाए । त्यस्तो देख्दा श्री ५ महाराज बहुत खुशी भए । अनि जनरल माथवरसिंह थापा आफ्ना घरमा नबसी विष्णुमतीको पुलसमीप सत्तलमा बसेर बराबर दरबारमा जांदै गर्दथे ।

केही दिन बितेपछि "मेरा बाबा भीमसेन थापालाई विषसम्बन्धको बात लागेकामा हिजो पनि पुर्पक्ष पाऊँ भनी बाबा र हामीहरूले विनति गर्दै थियौं, पुर्पक्ष नपाई बाबा बितिजानुभए तापनि म सरकारका हुकुमले काजमा गएको थिए, आज हाजिर भएको छु, निसाफ पाऊँ । बाबाले बिराएको रहेछ भने मलाई पोलाहाले कायल गरिदिऊन् ।

मारिबक्सियोस्, सहन्छु । होइन पुर्पक्षमा त मैले ढालें भने ती चुक्लीखोरहरूलाई सजाय हुनुपर्ने हो" भनी जनरल माथवरसिंह थापाले विनति गरे । श्री ५ महाराजबाट हनूमान्ढोकामा आठ हजार फौज, भारदार दुनियांदार-लगायत राखी जनरल माथवरसिंह थापाको र रणजंग पांडेप्रभृति गुरु, चौतरिया र अरू भारदार जति यस मद्दत-मा थिए ती सबैलाई राखी पुर्पक्ष भयो । ती दुष्टहरूले 'हामीहरूले थापामाथि गरेको भनेको बेहोरा सबै झुट्टा, जालसाजी, चुक्ली पारेको मात्र हो । थापाहरूलाई कसूर कपटमा कायल गर्न सक्दैनौं' भन्ने इत्यादि बेहोराको सबैले कायलनामा लेखी सहिछाप गरिदिए । जनरल माथवर-सिंहले जितापत्रका साथै चौशल्ला पगरी पाए ।

संबत् १९०१ सालमा धर्मशास्त्रबमोजिम ती चुक्ली-खोरहरूलाई सजाय गर्दा रणजंग पाँडेलाई त्यस बखत बेरामी भई बेहोश भएका हुनाले अदालतमा ल्याई नेल ठोकेर देशबाट निकाला मात्र गरे । केही दिनपछि उनी मरे । करवीर पांडे, कुलराज पांडे, रणदल पांडे, इन्द्रवीर थापा, रणबम थापा, कनकसिंह बस्नेत, गुरुलाल अधिकारी इत्यादि सबै मद्दतीलाई मारिदिए । यिनीहरूका संसर्गसंम-मा लाग्नेहरूलाई कसूर हेरी कसैलाई मारे, कसैलाई निकाला गरिदिए । अनि थापाखलकहरूको र यिनका सम्ब-न्धमा परेका र यिनका चाकरबाकर र कारबारीहरू गैह्र-क अघि सर्वस्व भएको जति सबै फिर्ता भयो । यस्ता तर-हसंग निसाब गरी छोरा भएर जन्मीकन जनरल माथवर-सिंह थापाले आफ्ना कुलको उद्धार गरी बाबुको कलंक मेटे । त्यस अवस्थामा जितापत्र भएका लालमोहरको बेहोरा यस्तो थियोः—

आगे जनरल माथवरसिंह थापा, जनरल रणवीरसिंह थापा, काजी तिलविक्रमसिंह थापा, कम्याण्डर कर्णेल शेर-जंग थापा, कपतान नरबहादुर थापाप्रभृतिके अघि पनि तिमीहरूका पुरुखाहरूले हाम्रा जिज्यूपुरुखा, ज्यूज्यूबाजेहरू-का पालादेखि हाम्रो गाथगादी ढुंगाको सोझो गरी आएका रहेछौ । पछि श्री बाजेज्यूका पालादेखि नानी युवराजा-धिराजसंम तिमीहरूका दाज्यू बाबा श्री जनरल कम्याण्डर इन चीफ भीमसेन थापाले हाम्रो चार पुस्ताको गाथगादी ढुंगाको बहुतै सोझो चिताई खरख्वाई गरिआएका हुन् । हाम्रा पांच नानीहरूमा कान्छानानी छ महीनाको उमेर भएका अवस्थामा बिरामी हुंदा पाटने भाजुमान चण्डालले अगस्तिवटी भन्ने विषादि ज्यूनार गराउँदा कालवश गरी ९४ साल श्रावण महीनामा ती कान्छानानी परलोक हुंदा पाटने भाजुमान चण्डाललाई शासना गरी नाक छाला काटी ज्यू मारी सजाय दिइसकिएपछि यी दुष्ट बुद्धि भएका रणजंगे, करवीरे, रणवमे थापा, कनकसिंह बस्नेत, गुरु रामकृष्ण मिश्रज्यू, कुलचण्ड शाह, काशीनाथ गोपे बाहुन, देवीबहादुर कवर, गुरुलाल अधिकारी, वंशे बस्नेत, बोध-मान कार्की, जगत् मैना र चित्री केटी यी सबैले मत गरी जालसाजको खेल उठाएछन् । जनरल कम्याण्डर इन चीफ भीमसेन थापाले मतलब दिई विषसंबन्धको इलाज ज्यूनार गराई श्री कान्छासाहेबज्यूको परलोक भएको हो भनी कीर्ते कल्पना गरी चुक्ली हाम्रा र जेठामहारानीका हजुरमा विनति पारी यी दुष्ट अख्तियार भई श्री जनरल कम्या-ण्डर इन चीफ भीमसेन थापा र यिनका भाइ, भतिजा, छोरा, दशाहभाइ, बिरादर, यिनका अह्रायो गर्ने रकमी कारोबारीसमेतलाई पक्री कैदमा हाली श्री जनरल कम्या-ण्डर इन चीफ भीमसेन थापाप्रभृति तिमीहरूका चेलीबेटी-हरूसमेतको धनदौलथ, जिमीजग्गा, हातहतियार, लत्ता-कपडासमेत सर्वस्व हरण गराए । विनाबिजाइले हाम्रो विहु-र्मत हुनुपर्ने होइन पुर्पक्ष पाऊं कायल गराई निसाब पारी हाम्रो सजाय हुने हो भनी श्री जनरल कम्याण्डर इन चीफ भीमसेनप्रभृति तिमीहरूले भन्दैथियौ । दुष्टहरूले पुर्पक्ष हुन पनि दिएनन् । कसूरमा कुनैबाट कायल गर्न पनि सके-नन् । जबरजस्तीसंग तिमीहरूलाई नानातरहको शास्ती-शासना गरी बिहुर्मत गराए । पछि हामीबाट जांचबुझ गर्दा तिमीहरूले हाम्रो गाथगादी ढुंगाको सोझो गरेको ठहराई श्री जनरल कम्याण्डर इन चीफ भीमसेन थापाप्रभृति कैद-मा रहेका तिमीहरू सबैलाई फोई केही तिमीहरूको धनदौ-लथ जगा पनि सर्वस्व भएको फिराइबक्सी हाम्रा काम निमित्त जनरल माथवरसिंह थापालाई लाहुर पठाइबक्सेको हो । श्री जनरल कम्याण्डर इन चीफ भीमसेन थापा हाम्रा हजुरमा सामेलै रहेका थिए । त्यस्तैमा फेरि चुक्लीखोर-हरूले जालसाजको कीर्ते अर्जी कायलनामा हाम्रा र हाम्रा जेठामहारानीका हजुरमा चढाई परस्पर विरोध गराई फेरि जनरल भीमसेन थापालाई कैदमा हलाए । धनदौलथ फेरि सर्वस्व गराए । बिहुर्मत भएको लज्जा देखाई श्री जनरल कम्याण्डर इन चीफ भीमसेन थापाको प्राण त्याग

गराए । भाइविरादहरूलाई जनै झिकी अजात भयौ भनी सुनाए । जनाना आइमाईहरूलाई नंगा पहिरन गराई तिलंगा नागा प्यादा लगाई हेलंबु, भोट, बुंकोट, बोर्लाङ पुऱ्याए । जनरल भीमसेन थापाको ज्यू मार्दा काममा गएको जनरल माथवरसिंह आइपुग्दा यी दुष्ट निमकहरामीहरूले तिमी थापाहरूमाथि अन्याय जवरजस्तीसंग बिहुर्मत गरेका हुन् । आज १९०० साल वैशाखमा जनरल माथवरसिंह आई हाम्रा हजुरमा दाखिल हुंदा हाम्रा कुलको अपवादको पुर्पक्ष बक्सनुहोओस् भनी हाम्रा र नानी युवराजाधिराज हाम्रा कान्छामहारानीका हजुरमा विनति पार्दा हाम्रा हुकुमले हनूमान्ढोकामा भैंभारदार गैंह, थरघर, दुनियाँ बाउन्न लाख, कंपू पल्टन आठ हजार राखी हामीसमेत राज गरी रणजंगे, करवीरे, रणदले, कुले, इन्द्रवीरे, रणबमे, कनकसिंहे, कुलचन्द्र शाह, गुरु कृष्णराम मिश्रप्रभृति यी दुष्टको मतियार सबै जोडी श्री जनरल माथवरसिंह थापाप्रभृति तिमी थापाहरू सबैसित पुर्पक्ष हुंदा यी दुष्टहरूले ९४ सालमा विषसम्बन्धीको बात लगाई थापामाथि हामीले गरेको बेहोरा सबै झुट्टा जालसाज गरी चुक्ली पारेको हो । गाथगादी ढुंगासम्बन्धीका कुरामा र सरकारवास्तामा थापाहरूलाई कसूर कपटमा कायल गर्न सक्दैनौ । सरकारमा चार पुस्तासंम गाथगादी ढुंगाको सोझो चिताई खरख्वाई गरी आएका मूलवजीर श्री जनरल कम्याण्डर इन चीफ भीमसेन थापालाई कीर्ते जालसाजको चुक्ली पारी बिहुर्मत गरी प्राण त्याग गराउन जानेनौ । यिनका भाइबिरादहरूलाई अजातसंम र जनाना आइमाईलाईसमेत बिहुर्मत गरी धनदौलथको बरबाद गर्न जानेनौ, बिरायौं भनी रणजंगेप्रभृति सबै कायल भए । आफना खुशी राजीसंग कायलनामा लेखिदिए । भारी कचहरीका कौशलमा ठहरेबमोजिम हाम्रा हुकुमले ती दुष्ट अपराधीहरूलाई आफू आफूले गरेको अपराधमाफिक काट्नु, मुड्नु, नाक काट्नु, जिभ्रो काट्नु इत्यादि भारी दण्ड गरी दरवार माकूम गरी यी दुष्टहरूको बिजाईमाफिकको सजाय गरिबक्स्यौं । श्री जनरल कम्याण्डर इन चीफ भीमसेन थापाप्रभृति तिमी सबै थापाहरूले हामा गाथगादी ढुंगाको बहुतै सोझो चिताई सबै कुराबाट खरख्वाई गरेको ठहऱ्यो । तिमी हाम्रा सोझा वजीर रहेछौं । तिमीहरूलाई दुष्टहरूले पोलेको विषसम्बन्धी र अरू नभएका कुराको अत्तो फरेब लाएका सबै कुरामा जित्यौ । हामीबाट र श्री नानी युवराजाधिराज श्री कान्छामहारानीबाट श्री जनरल माथवरसिंह थापालाई जितावरीको चौशल्ला बांधिबक्स्यौं । ९४ सालमा दुष्ट निमकहरामीहरूले जवरजस्तीसित सर्वस्व हरण गराएका तिमीहरूको, तिम्रा भाई, छोरा, भतिजा, चेलीबेटीहरूको र तिमीहरूका सम्बन्धमा परेका तिमीहरूले लाएअह्राए गर्ने कारबाही चाकरसमेत गैंहको अघि बक्सेको बिर्ता, बेख, मानाचामल, फिक, ढार, मरवट, किनुवा, बिर्ता, बांधा, घरखेत, बारी, सुवांरो, गोठ, कटेरो, घरघडेरी. ज्यूनी, जगाजमीन, तामापत्र, लालमोहर, हिसाबकिताब, तरतमसूक, बहीपत्र, आलमाल, लहना, गहना, नगद, जिनिस, लत्ताकपडा, कमारा, कमारी, हात्ती, घोडा, गाई, भैंसी र तिमीहरूका बिर्ता, मानाचामल, जागीर गैंहको रकमीदारसित बांकी रहेको गैंह सर्वस्व हुकुमले जग्गा बक्सी दान गरी सांधसिवाना सहिछाप भई बक्सेको समेत फोई बाहाल गरिबक्स्यौं । औ जनरल माथवरसिंह थापाले हाम्रो निमकको सोझो चिताई आफना कुलको अपवाद उद्धार गरेको यश निमित्त श्री जनरल कम्याण्डर इन चीफ भीमसेन थापाका सर्वस्वमा आएको धनदौलथ, घरखेत, बिर्ता, बेख. जग्गा गैंह चाकरबाकरसमेत एकोटी बक्स्यौं । हाम्रा निमकको सोझो चिताई आफना खातिरजामासित सन्तान दरसन्तानपर्यन्त भोग गर इति संवत् १९०० साल मिति श्रावण वदि २ रोज १ शुभम् ---------

त्यस पछि "मुखत्यार खाऊ" भनी जनरल माथवरसिंह थापालाई मुखत्यार मान र अघि नभएको "श्री प्राइम्मिनिष्टर याण्ड कम्याण्डर इन चीफ जनरल कलाबहादुर" भन्ने खितापका साथै लाख रुपियांको खानगीसमेत बक्सियो । अनि माथवरसिंह थापाले भर मुलुकका जङ्गी र निजामतीको परपजनी गरी मुलुकको बरबन्दोबस्त मिलाए । उनलाई भएको मुखत्यारीको लाल मोहर यस्तो थियो:—

"आगे जनरल माथवरसिंह थापा के ९४ साल देखि चण्डाल पांडेहरूले गर्दा धेरै कुराको विरीत बेहोरा हुन गई हामीबाट तंलाई मुखत्यार नबक्से हाम्रो गाथगादी, ढुंगामा र सलतनमा खलबल पर्न गयो भन्ने ठहराएका थियौं । श्री गुरु, पुरोहित, चौतरिया, काजी, सरदार, कम्पू, पल्टन कम्पनी र छोटा बडा बाउन्न लाख पहाड मध्येसका प्रजा प्राणी गैंहले पनि जनरल माथवरसिंह थापालाई मुखत्यारी

बक्सिएन भने सबै काम कुरा बिग्रन गयो, सरकारमा पनि सुबिस्ता भएन, दुनियांमा पनि रीतिथिति भएन भनी हाम्रा हजुरमा विन्ति पार्दा र यिनीहरूले बोल विन्ति गरेको हाम्रो सबै बन्ने सप्रने ठहर्दा तैंले हाम्रो गाथागादी ढुंगाको सोझो गरी कामकाज गर्दागर्दै मुलुक सपार्नाको मनसुवा र केही उद्योग गर्नाको मनसुवा राखुन्जेल, बढिया तवरसंग फाइदा हुने काम गरुन्जेल हामीबाट र हाम्रा सन्तान जाहानबाट खोसमोस नगर्नू भनी हाम्रा घरघरमा र एक टक जंगी, मुलुकी, गौडा, धुरा, मुहुडा, पाहाड, मध्यस सबै हाम्रा भरमुलुकको कामकाज बन्दोबस्त गर्नाको हाली-मुहाली मुखत्यारी गरिबक्स्यौं । आफ्ना खातिरजामासित अधि श्री ५ जिज्यू बाजे द्रव्य शाह, श्री ५ महाराज जिज्यू बाजेज्यू पृथ्वीनारायण शाहदेखि हामीहरू पर्यन्तले आर्जेको ढुंगाको असल हुने, हाम्रो गाथगादीको सम्भार गर्ने, गुरु पुरोहित चौतरिया काजी सरदार गैह्र भैभारदारको इज्जत हुर्मत रहने, प्रजाप्राणीहरूको रक्षा पालन हुने कामकुरामा हामीबाट र हाम्रा सन्तान जाहानबाट बिरीत गरिबक्सन लागे, बिराहमा गाई, ब्राह्मण, ब्राह्मणी र भैभारदार गैह्र छोटा बडा कसैलाई रगतपक्ष शास्ती शासना गरिबक्सन लाग्यौं, अनाहकमा अंग्रेजको छाउनीमा गई चमक पार्न लाग्यौं भने तैंले हाम्रा हजूरमा विन्ति पारी थाम्नू । भैभारदार, भित्रिया, बाहिरिया गैह्र छोटा बडा कसैले तंबाहेक हाम्रा हजूरमा कुनै कुराको पनि बोल विन्ति नगर्नू । आफ्नो खानादाना, दुःखदर्दको बोल विन्ति गर्दा तंमार्फत विनति पार्नू र हुकुम बक्सेबमोजिम तैंले निकासा गरिदिनू । कसैले तेरो विपरीत बोल विनति गरेमा हामी र हाम्रा सन्तानबाट सुनि बक्सिनेछैनौ भनी तैंले यो मोहर शिरमा राखी गाथगादी ढुंगाको बढिया हुने, अघिदेखि चलिआए-बमोजिमको कामकाज, परपजनी, बन्दोबस्त चलाउंदा तेरा चित्तमा जस्ता तरहले हाम्रो गाथगादी र मुलुकको बन्ने सप्रने देख्छस् सोमाफिक साध्नुपर्ने कुरा साधी आफूले आंट्नुपर्ने कुरा आंटी कामकाज बन्दोबस्त गर्नू । ढुकुटीमा सालबसाल जगेरा बढाउँदै गर्नू । परपजनी गर्दा भैभारदार गैह्र जंगी मुलुकीमा हाम्रो सोझो चिताउने तेरा सरचन्जामा चल्नेलाई अधि सनातनदेखि चलिआएबमोजिम आलोपालो मिलाई पगरीहरूलाई हाम्रा हजुरमा ल्याई दर्शन गराउनू, अरू तंसित दर्शन गरी हुनेलाई तंछेउ दर्शन गराई पजनी गर्नू । अब उप्रान्त गुरु पुरोहित, चौतरिया, काजी, सरदार, कपतान, भैभारदार, कम्पू, पल्टन, कम्पनी गैह्र जंगी मुलुकी तनाहादेखि उमराउसम्मको सबैले हाम्रो बन्ने सप्रने कुरामा तैंले अह्राए लाएको जो मान्दैन त्यसलाई जातअनुसार जीव धनको सजाय गर्नू । किन सजाय गरिस् भनी हामीबाट र हाम्रा सन्तान जाहानबाट कसैले तेरो जीव, धन, सन्तान, जाहान कसैको पनि दगा नगर्नू भनी तेरा बाबा जनरल श्री कम्याण्डर इन चीफ भीमसेन थापालाई श्री बाजेज्यूबाट काशीमा गरिबक्सनुभएको जर्द मोहरबमोजिमको तैंले काम कुरा गर्दा घटीबढी भएको सबै माफ गरिबक्सी अभयको लालमोहर गरिबक्स्यौं । कुनै कुराको डर नराखी बिफिक्रीसित हाम्रो बन्ने सप्रने काम काज गर औ रीतिबमोजिम हामीहरूका जाहानले तंसंग काम लाए अह्राए भने पनि हामी तीनै सरकारका हजुरमा विनति पारी हुकुम बक्सेबमोजिम गर्नू । हामीहरूको मान मर्यादा घटाउने काम नगर्नू । औ ढुकुटीबाट केही कामकाजले रुपियां पैसा झिक्नुपर्दा र जगेरा केही राख्दा हाम्रा हजुरमा विनति पारी राख्ने झिक्ने काम गर्नू । इति संवत् १९०० साल मिति पौष शुति ७ रोज २ शुभम्– – – –

यी महाराजबाट मन्त्री माथवरसिंह थापालाई यस्तो मोहर गरी प्राइम्मिनिष्टर मान दिएर राज्य गरिरहेका थिए । मिनिष्टरले पनि आपना बाबा भीमसेन थापाको लास अफालेका ठाउँ विष्णुमतीका किनारमा चौघेरा समेत भएको ठूलो देवालय र बघैंचा समेत बनाए । त्यहाँ भीम मुक्तेश्वर भन्ने महादेव स्थापना गरी प्रख्यात गराए । साथै आफ्ना बागभित्र पनि श्रीकृष्णको मन्दिर बनाए ।

नेपालमा कस्तै गर्दा पनि जालसाज छुट्नुको सट्टा झन् बढ्न लाग्यो । यी मिनिष्टरले मुलुकको कामकाज र परपजनी गर्दा आफूले भने जस्तो पुगेन भनी कान्छा बडामहारानीबाट मनमा रिसानी भएको थियो । सो मिनिष्टरलाई पनि थाहा थियो । "श्री युवराजाधिराज सुरेन्द्र विक्रम शाह गादीका मालिक हुन् । यिनको सोझो चिताई आफूलाई बक्सेको धर्मपत्रबमोजिम काम गर्नु उचित हो । जालसाज भई मेरा बाबा भीमसेन थापालाई मारी कुकुरलाई मासु खुवाएर के बन्यो ? सब बरबाद भएर गयो । आज पनि मलाई मारी सरकारको बन्दछ भने मलाई मारेर मेरो मासु कुकुरलाई खुवाउनू । सरकारको बढिया हुने र घटिया हुने पछि देखिएला" भनी मिनिष्टरले सरकारमा बराबर विनति चढाउँदै थिए । आफूमाथि झेल जाल परेको थाहा पाए पनि डर कत्ति नलिई सुन्याईसित मुखत्यारी

चेला इरहेकै थिए ।

यसै बीचमा युवराजाधिराज केही महीना भादगाउंका दरबारमा राज गरी काठमाडौं राजधानी फिरे । संवत् १९०१ सालका मार्ग महीनामा श्री युवराजाधिराज, उनका महारानी, श्री ५ महाराजाधिराज र श्री कान्छा बडामहारानीसमेत राजपरिवारका सकल जाहान, मुखत्यार, भैभारदारहरू, गैह्र पल्टन र उर्दी भई पसले दोकानदारसमेत भारी डबलसित चिसापानीको बाटो गरी ढुकुवावासतर्फ गए । हिटौंडामा २।३ दिन मुकाम भएपछि श्री ५ महाराज र श्री ५ युवराजाधिराजको मन फाटघो । श्री ५ महाराजाधिराज "काशी जान्छु" भनी सवारी भयो । अनि मिनिष्टरले ९४ सालपछि भारदारहरूले अंग्रेजलाई लेखिदिएको याददास्तको कागज पल्टनको लाम राखी सुनाए । त्यसै वेला श्री ५ महाराज परेठमा आई रिसाएर पल्टनलाई आसय दिदा पल्टन जत्रतत्र लागे । मिनिष्टरले घोडा चढी पल्टनलाई आऊ भन्ने उर्दी दिएर "श्री ५ महाराजाधिराजलाई फर्काउंछु" भनी बढेर गए । पल्टन भने हुज्जत गरी हिटौंडाबाट निशान नउठाई त्यसै बस्यो । सो कुरा जाहेर हुँदा मिनिष्टरले श्री ५ महाराजाधिराजको हुकुम लिई, आफूलाई बक्सेको अभयको लालमोहर शिरमा राखी, आफ्ना आठपहरिया असी सय जवान साथमा लिई तथा नंगी तरवार हातमा लिई हिटौंडातर्फ आएर पल्टनका हुज्जतवाला अफिसर, अजिटन, हुद्दा र सिपाहीहरूलाई यकैदै बांधी पल्टनका निशान र पल्टन गैह्र आफ्ना साथमा लिएर ढुकुवावासमा श्री ५ महाराजाधिराजका हजुरमा हाजिर भए ।

त्यही मौकामा 'आजदेखि श्री ५ महाराजाधिराजको हुकुम चल्यो' भनी तीन शहरमा ऊंयाली पिटाईदिनू' भन्ने मिनिष्टरको पुर्जी नेपालतर्फ चलान भयो । सोहीअनुसार नेपालमा ऊंयाली पनि पिटियो । सबै पगरीहरूले हुकुमीनामाको रुपियां राखी दर्शन गरे । अनि मिनिष्टर र कलाबहादुरले, ९४ सालमा रैबन्दी हुंदा पगरीहरूले घोडा पाल्न पनि सकैनन् । त्यसबाट हजुरको सवारीमा साह्रै बेशोभा भयो' भनी विनति पारी रैबन्दी फुकाईदिए । त्यसबाट खुशी भएका पल्टन र निजामतीहरूले श्री ५ महाराजाधिराजको दर्शन गरे । त्यसका भोलिपल्ट हुज्जतवाला हुद्दा सिपाही १३।१४ जनालाई छानी काटिदिए । अजिटन कप्तानीर बस्नेतलाई झुन्ड्याईदिए । त्यसै दिन सवारी पनि नेपालतर्फ कूच भयो । नेपाल तीन शहरमा गाउं गाउं सब ठाउंका प्रजाहरूले सडक सडकमा हाजिर भई धूपहरू बार्लेर सिन्दूरयात्रा गर्दै श्री ५ महाराजाधिराजको सवारी भित्र्याए ।

त्यसको केही दिनपछि श्री मिनिष्टर माथवररसिंह थापा कलाबहादुरलाई श्री ५ महाराजाधिराज, श्री ५ युवराजाधिराज र श्री ५ महारानी तीनै जनाबाट श्रीपेंच, हुमाउंको कल्की, कंडासहित हीराको माला र तीनफेरा लाखे लाख रुपियाँको खिल्लत बक्सियो । स्वर्णपत्र भन्ने नाउं गरी हीरामोती जडेको तक्मा बक्सिंदा गलामा लगाउने गरेका थिए । निर्भय निमित्त भनी नंगी तरवार बक्सिंदा हातमा लिई हिंड्थे । यी बजीर बहुत शूरा, हकी र शौखीन हुनाले थोरै वर्ष बजीरी चलाए तापनि यिनले ठूल्ठूला काम गरे । यिनले राजा बक्साई पगरीहरूलाई ढुकुवावासमा फुकाइबक्सेको रैबन्दी दिंदा अघिको भन्दा बढाई दिएका हुनाले सबै पगरीहरूले घोडा पाली महाराजको सवारी भएका बखतमा घोडामा सवार हुने हुंदा बहुतै शोभा देखिन्थ्यो ।

यिनै ताका फौज बढाउने मनसुवा हुंदा १९०१ सालका माघमा १९०२ सालका वालीदेखि बाली खुवाउनालाई राजा बक्साई कम्पू दफदरखानाका खरिदार बुद्धिमानसिंह-बाट कामकाज गराई रातदिनभरमा पगरी गैह्रको बढुवा रैबन्दीबमोजिमको खानगी बांधी नासलचौकमा गादीपुर्जा बांडिदिए । पुराना पल्टन ११ माथि राजदल १, महीन्द्रदल १, कालीप्रसाद १, सर्वध्वज १, रणप्रियदल १ जम्मा ५ पल्टन थपी १६ पल्टन तुल्याए । कम्याण्डर कर्णेल १, कर्णेल १ समेत जम्मा पगरी २८२, लयम बहीदार ८०, हुद्दा गोलन्दार सिपाहीसमेत ८७७० लाजिमपिपा ११८२, खलासी ४१८, कालिगड ३१८, बादशाही बाजा ७७, पल्टनिया बाजा १२६, दफदरपट्टि ३८६ जम्मा जवान अघिका र थपसमेत गरी ११६४४ खडा भए । फेरि कम्पनीमा नेपालमा हुने चौतरियालाई नाल २०० र काजी हुनेलाई नाल १०० तैनाथ पाउने रीतको बन्दोबस्त बांधिदिए । गौंडा गौंडालाई तर्जुमा गरी तैनाथ दिएको फांट यस्तो थियो:— नेपालका चौतरिया र काजीके गएको कम्पनी ११, पूर्वपट्टि र चिसापानीसमेतके ६, पाल्पाके ४, प्यूठानके ३,

दुल्लूके २, सल्यानके १, जुमलाके १, डोटीके ६, मध्येसके ९ जम्मा कम्पनी ३८ के जवान १०६७२ कम्पू र कम्पनी-समेतको सब जम्मा जवान २२३१६ खडा भए। पल्टन फोर्नु बढिया छैन भन्ने तजवीज गरी सरकारबाट मंजूर हुँदा भएको लालमोहरको बेहोरा यस्तो थियो:—

आगे हाम्रा नानीहरू र गुरु, पुरोहित, मिनिष्टर, जनरल, भैयाद, चौतरिया, काजी, सरदार, भैभारदार गैह्रप्रति आजदेखि उप्रान्त चांदवाला कम्पू पल्टन अरू कसैको तैनाथमा नराख्नू। जो चांदवाला कम्पू पल्टन फोरी जत्रतत्र लाउने विनति पार्नामा जो पस्ला सो ढुंगा डुवाउने निमकहरामी ठहर्ला। हामीबाट पनि यी कम्पू नफोर्नू भनेर मिनिष्टर जनरलको घरबाहेक अरू कसैका ढोकामा नजानू। बन्देज नाघी कसैका ढोकामा गई जालसाजको काम गर्नेलाई पनि जातअनुसारको भारी सजाय होला भन्ने धर्मको बन्देज बांधिबक्स्यौं इति संवत् १९०१ माल मिति पौष शुदि ११ रोज १ शुभम्.....

यो बजीर माथवरसिंह थापाले गोरखपुरबाट नेपालमा आई दुश्मन कालु पांडेहरूलाई मराउंदा जंगबहादुर कुवरसंग सल्लाह लिएका थिए। उनले पनि आफ्नो बल बुद्धिले भेटेसंम पूरा मद्दत दिएका थिए। फेरि ढुकुवावासपर्वमा पनि सखमाफिक मिनिष्टरको रायमुताबिक कामकाज गरेका हुँदा जंगबहादुरसंग खुशी भई मिनिष्टरले 'मेरा भाइभतिजाका दर्जाबमोजिम दर्जा दिई राखूंला' भनी जवाफ दिएका थिए।

एक दिन "एकसूर्य वैद्यले धमानसिंह राणालाई औषधी भनी विष खुवाएर मारे" भनी मिनिष्टर माथवरसिंहले सरकारमा जाहेर गरे। 'वैद्यले किन विष खुवाई मार्दये ?' भनी जंगबहादुरले कुरा काटे। 'खुवाउने मानिस कायल भइसक्यो, तिमी त्यस्ता कुरा गर्दछौं' भनी मामाभानिजको छेडछाड पर्दा विरोधको बीज रोपिएको थियो।

एक दिन श्री ५ महाराजबाट दुनियां, भारदार, ब्राह्मणलगायत सबैलाई सबै कुराबाट अनेक किसिमको जुलूम भई दुःख हुंदा दुनियां, भारदार, पल्टन गैह्रले टुंडिखेलमा बसी कौशल गरे। "बालक कालमा हामीले नजानी यस्तो जुलूम गर्दा पनि तिमीहरूले किन संझाएनौं भनी पछि श्री ५ जानकार होइबक्सेपछि हुकुम भयो भने हामीले के विनति चढाउनू ? तसर्थ बिराहको हुकुम भएमा नमान्नू" भन्ने कौशलबाट ठहरियो। सोहीबमोजिम कागज लेखी सबैले सहिछाप गरिसकेपछि सो कुरा सरकारमा जाहेर भयो। "श्री ५ को हुकुम नमान्नू भनी भारदारहरूले सहिछाप गरेका मुद्दामा तिमी मुखत्यार भई सबै भारदार जम्मा गरेर यो कुरा हामीले गर्न जानेनौं भनी कायलनामा लेखाई ल्याऊ र काट्नेलाई काटौंला, राख्नेलाई राखौंला भन्ने सरकारबाट हुकुम भयो। अब ती मानिसहरूको कागज लेखाई ल्याउनुपर्‍यो' भनी मिनिष्टरले भने। "सो कागजमा मेरो पनि सहिछाप परेको छ" भनी जंगबहादुरले विस्तार गरे। आफू कायल भएपछि अब मेरो टुपी यिनैका हातमा भयो भन्ने मनमा विचार गरे पनि। अनि आफूले गरेका कुरामा किन डराउनु ? भनी गैह्र भारदारलाई जम्मा गरी कुमारीचोकमा कचहरी गरे। यस मुद्दामा कुनै भारदार पनि बोल्न सकेनन्। अनि जो भएको कुरा कचहरीमा विस्तार गरी 'हामीले गर्न जानेकै छ। हाम्रा कुरामा सहि गर्छौं भने हामी बोल्दछौं, हाम्रा पछि लाग। होइन भन्छौं भने तिमीहरू बोल, हामी तिमीहरूका पछि लाग्दछौं भनी जंगबहादुरले सबै भारदारलाई बुझाए। सबै भारदारले जंगबहादुरको कुरा मंजूर गरे।

त्यस पछि मिनिष्टरका घरमा पुगी उनका सामुन्ने मा कुनै भारदारले पनि नबोल्दा त्यस विषयको विस्तार जङ्गबहादुरले गरे। उनीसंग धेरै कुराको छेडछाड हुंदा मिनिष्टरले रिसाइ "पल्टनलाई के भनी बुझाउँछौ, ? फत्यजंग शाहका पालाका मानिस छैनन्" भनी मिनिष्टरले सोधे। "पल्टनलाई म बुझाउँला" भनी जंगबहादुरले जवाफ दिए। "उसो भए श्री ५ लाई के भनी बुझाउँछौं ? जाऊ, बुझाउन सक्छौ भने बुझाऊ" भनी घानमा जंगबहादुरलाई पारे। जंगबहादुरले सबै भारदारहरू साथमा लिई श्री ५ का हजुरमा भए भरको सबै कुरा विनति गरे। दरबारमा श्री ५ युवराजाधिराजलाई अघिदेखि रिझाई हात लिइसकेका र अरूहरूसंग पनि केही जोड भइसकेको हुनाले यस विषयमा केही नहुंदा सबै जना त्यसै फर्के। यस कुराबाट र अरू साना तिना कुराबाट पनि मिनिष्टर माथवरसिंह थापाको र जंगबहादुरको ईबी परिरहेको थियो।

पछि दरबारमा जंगबहादुरको रवाफ जम्दै आउँदा मिनिष्टरले यसलाई अर्कै जग्गामा पठाउनु पर्‍यो भनी डर देखाएर "श्री ५ बाट बिकाइदाका हुकुम नमान्नू भन्ने बारेका

मुद्दामा तिमीलाई मार्न तयार छन् नमारी छोड्ने छैनन् । किन व्यर्थ ज्यान गुमाउँछौ ? तिमी यहाँ नबस, भागी जाऊ" भनी सुनाए । "यहां जस्तो मामा हुनुहुन्छ भने गरे बिराएको भए पनि मर्नुपर्ने छैन भने नबिराएको कुरामा किन मरुंला ? भनी जंगबहादुरले भने । "के गर्दछौ, दरवारमा मेरो पनि उस्तो जोड छैन , जानैकै छौ" भनी मिनिष्टरले भने । "नबिराएका कुरामा मलाई केको डर छ ?" फनी जंगबहादुरले भने । "श्री ५ राजेन्द्रका हुकुममा मेरा छोरा रणउज्ज्वलको टाउको ल्याउनू भने पनि ल्याउनेछु भने अरूको त के कुरा ?" भनी मिनिष्टरले छनक हाने । "राजाले राह वा विराहको जस्तो हुकुम जसलाई दिए पनि बजाउनू कि ?" भनी जंगबहादुरले सोधे । "राजाले दिएको हुकुम किन नबजाउनू ?" भनी मिनिष्टर जनरलले भने । "उसो भए जस्तो प्रारब्धमा होला सहनुपर्न्यैछ" भनी जंगबहादुर घर फर्के । त्यस दिन-देखि झन् नानातरहको तर्कवितर्क खेल्दै आएका थिए ।

केही दिनपछि मिनिष्टर माथवरसिंह थापाले छाउनी-घरका बीचको छांट झिकी १९०२ साल वैशाख वदि १ रोज ४ देखि टुंडिखेलमा छाउनी बनाउन् आरम्भ गरे । मिनिष्टरमाथि ढुकुवावासका मुद्दामा श्री ५ कान्छा बडा-महारानीको रिस झन् बढ्दै गएको थियो । यो कुरा श्री ५ महाराजाधिराजलाई केही थाहा थिएन ।

एक दिन आफ्ना पक्षका भारदारहरूसंग जाल बांधी काजी जंगबहादुर कुवरलाई मामासंग फुटाएर आफ्ना हात-मा लिई गगनसिंहले कंकेश्वरीमा लगेर धरोधर्म गराए । श्री ५ कान्छा बडामहारानीबाट भित्री संचो सल्लाह गर्दा "मिनिष्टर माथवरसिंह थापालाई नमारी हाम्रो मनोज्ञ चल्ने भएन" भन्ने निर्णय भयो । उनलाई डाक्न पठाई न्हेकनदरवारका कौशीमा ल्याएर एकलै पारी संवत् १९०२ साल वैशाख शुदि ११ रोज ७ का दिन रातको ९ घडी चढ्दा काजी जंगबहादुर कुवरका हातले बन्दुकले हानी मामा नाता पर्ने श्री प्राइम्मिनिष्टर याण्ड कम्याण्डर इन चीफ जनरल माथवरसिंह थापा कलाबहादुरलाई मारे । यिनको लास लगी श्रीपशुपति आर्यघाटमा संस्कार गराइ-दिए । दंगा भएकै दिन मिनिष्टरका छोरा कम्याण्डर कर्णेल रणउज्ज्वल थापाले आफ्ना बाबुको तक्मा गलामा लगाई ३।४ लाखको जुहारत लिएर काजी शेरजंग थापा, लेफ्टेन बालसुन्दर खत्री र सुबेदार रणध्वज थापाहरूका साथमा रातारात गरी विदेशतर्फ गए । मिनिष्टरको सर्वस्व भयो । भीमसेन थापाका मुखिनी जेठी र माहिली दुवै जनालाई मानाचामलको जगाजमीन र नारायणथानका टोलमा घर दिई राखे । त्यसपछि कान्छा बडामहारानीको चमक बढ्यो ।

संवत् १९०२ साल ज्येष्ठ वदि १० रोज ३ मा काजी जंगबहादुर कुवरले वसन्तपुर तहवील लिई कालीबक्स, पुरानागोरख र देवीदल तीन पल्टनको तैनाथका साथै जन-रलमा दर्शन गरे । कान्छामहारानीका छोरा सार्हिला साहे-बज्यूका ददा काजी गगनसिंहले लेटर, श्रीनाथ, राजदल, महीन्द्रदल, रामदल, कालीप्रसाद र शमशेरदल ७ पल्टनको तैनाथका साथै जनरल मान पाई संवत् १९०२ आश्विन वदि ७ रोज २ मा मुखत्यारीमा दर्शन गरे । त्यसै दिन विदेश भागेका काजी अभिमानसिंह राना आइपुगी बडा-कौशी लिएर नयाँगोरख र सर्वध्वज दुइ पल्टनको तैनाथ पाई जनरल भए । चौतरिया फत्यजंग शाहले पनि देशबाट आइपुगेर बज्रवाणी, शेर र सिंहनाद ३ पल्टन आफ्नो तैना-थमा लिए । काजी दलभंजन पांडेलाई रणप्रियदल १ पल्ट-नको तैनाथ दिए । यस्ता प्रकारले १६ पल्टन बांडिए ।

यति व्यवस्था भइसकेपछि सबै चौतरिया, जनरल र मुखत्यारहरूले श्री ५ बडामहारानीका हजुरमा साधसोझ गरी मुलुकको कामकाज चलाएका थिए । श्री ५ महाराज-बाट कान्छा महारानीलाई हुकुम दिएको हुनाले हुकुमी काम कान्छामहारानीबाट चलाइएको थियो । मिनिष्टर माथवरसिंह थापाले सिमलेमा लाठ र मेमसाहेबसंग बन्दो-बस्त गरेअनुसार नेपालमा रहेका रेजिडेन्ट लाइन्डसाहेब र मेमसाहेबसमेत नेपालमा बस्दिन भनी संवत् १९०२ मार्गे शुदि १३ रोज ६ का दिन सरकारमा बिदा भई देशतर्फ गए । उनका बदलामा अर्का बडासाहेब आई नेपालमा बसे ।

यी महाराजका पालामा संवत् १९०३ वैशाख शुदि ३ रोज ५ का दिन ३।४ घडी दिन चढ्दा कीर्तिपुरमा अग्नि-प्रवेश भई २१ घर जले । वैशाख शुदि ९ रोज ३ मा फेरि कीर्तिपुरैमा घेरै असिना पर्दा खेतमा ब्यू पनि रहेन । असिना लाग्नाले बालकहरू पनि धेरै ठहरै भए । यही साल ज्येष्ठ वदि ३ रोज ५ का दिन बिहान १।२ घडी दिन

चढ्दा ह्वोछिढोकाभित्र सुंगुर पस्यो । ज्येष्ठ शुदि ६ रोज ७ सिठीका दिन सिठीको तमाशा हेर्न गएका बडासाहेबलाई सिठीको खेलमा प्रहार गरेका हुंगाले लाग्दा जनरल जंगबहादुर कुवरले खातिर गरी लयनसम्म पुऱ्याइदिए । आषाढ वदि ५ रोज ५ मा टुंडिखेलमा राजाको सवारी हुंदा जनरल जंगबहादुर कुवरले ऐन्प्रेश बांची सुनाए । यी राजा सबैका मोलाहिजामा लाग्ने स्वभावका हुनाले आफू सप्रने र बिग्रने कुराको विचार पनि गर्दैनथे । त्यसकारण यिनका पालामा बहुतै बिकंदर भएको थियो । मन्त्री पनि स्थिर हुन सकेका थिएनन् ।

अकस्मात् १९०३ साल आश्विन वदि ९ रोज ३ का दिन ९।१० घडी रात चढ्दा मुखत्यार जनरल गगनसिंहलाई यटखावरका आफ्ना पूजाकोठामा पूजा गरिरहेका अवस्थामा कुनै एक मानिस छानाछानैबाट आई बन्दूकले हानेर मारी भाग्यो । त्यो मानिस यो हो भन्ने पत्ता लाग्न सकेन । यो खबर श्री ५ कान्छा बडामहारानीकहाँ जाहेर हुंदा महारानी अत्यन्त कोप भई जनरल गगनसिंहका घरमा पुगेर "यिनको लास उठाउन हुंदैन, मुंडको मुंड नजोरी भान्दिन" भन्दै आफ्ना बाहुलीमा नंगी तरवार लिई बाहुली कम्पित गर्दै "विनाकसूर विनाहुकुमले मेरा बजैरलाई भारदारहरूको खेलले मारे । अब श्री ५ महाराज बक्साई निसाब गर्छौं" भनी कोतका शीशमहलमा राज भयो । यनि जनरल जंगबहादुर कुवर, चौतरिया फत्यजंग शाह र जनरल अभिमानसिंह रानाहरूलाई "यस कुराको पुर्पक्ष गर" भन्ने हुकुम भयो । उनीहरूले शोभाशंका परेका भारदारहरूलाई तिलंगा पठाएर पक्री कोतभित्र पाटीमा छुट्टाछुट्टै राखे । जनहीपीछे पालो राखेर काजी कालु शाहीलाई एक खुट्टामा नेल ठोकी काजी सिंहवीर पाडेलाई नेल ठोक्न ठीक पारेका थिए । कुट्नालाई बांसको कोर्रा पनि तयार थियो । १३।१४ घडी रात गएका अवस्थामा श्री कान्छा बडामहारानी कोतको शीशमहलका छिंडीमा राज भई कचहरी हुंदै थियो ।

दैवको इच्छा पनि गजबैको हुन्छ । जनरल गगनसिंह भन्ने मानिस पत्ता लगाउन भारदारहरूको कुरा मिलेन । शीशमहलका भित्री छिंडीमा बसेका भारदारहरूमा शंकै शंकाले आफूसमा बन्दूक तमंचाले हानाहान र तरवारले काटाकाट चल्न लाग्यो । फलस्वरूप कचहरी उठ्यो । महारानी शीशामहलमै राज भएको थियो । त्यसका केही बेरपछि जनरल जंगबहादुरले "मलाई हुकुम बक्से ददा जनरल गगनसिंहलाई मार्ने भारदारलाई पत्ता लगाई सजाय गर्दछु" भनी विनति चढाए । "हुन्छ जंगबहादुर, लौ मार, तैंलाई हुकुम दिएं" भन्ने हुकुम भै जापना बाहुलीको नंगी तरवारसमेत सौंपियो । उनले हुकुम शिरोपर गरी उत्तिखेरै "अहिल्यै हुकुम हुन्छ, हतियार नलिई चाँडो आउनू" भनी भारदारहरूका घरघरमा मानिस पठाई झिकाए । अनि जंगबहादुरले बाहिर आफ्ना तैनाथका तीन पल्टनको घेरा दिई भित्र कोतमा हतियार नलिई आएका फत्यजंग शाह आदि गरेका सबै भारदारहरूलाई हुलेर सामेल भएका सबैलाई काटी मारे । रगत, मासु, हाड र गिंडहरूको रास लाग्दा महाभारतको लडाई जस्तो भयो । कसैकसैले थाहा पाउँदा बाहिरैबाट र कसैले भित्र पसेपछि पनि ढलमा पसी उतैबाट निस्केर भागे । यस्तो संहार भएको दिन संवत् १९०३ साल आश्विन वदि ९ रोज ३ का रात्रीमा हो । यसको नाउं कोतपर्व रह्यो । त्यस कोतमा काटिने, मारिने, मुडिने, धपिने र भाग्नेहरूको नाम यस प्रकार छः—

मर्नेमाः— आफ्ना घरमा दगा परी मरेका ददा जनरल गगनसिंह १, कोतमा मरेका चौतरिया फत्यजंग शाह १, चौतरिया खड्गविक्रम शाह १, चौतरिया नरहरिविक्रम शाह १, जनरल अभिमानसिंह राना १, काजी दलभंजन पांडे १, काजी रणगंभीर पांडे १, काजी रणजोर थापा १, काजी रणसिंह थापा १, काजी गोप्रसाद शाह १, काजी दलबहादुर शाह १, काजी बक्तवारसिंह भंडारी १, कपर्दार वीरकेशर पांडे १, कपर्दार कीर्तिध्वज पांडे १, सरदार भवानीसिंह खत्री १, सरदार समरबहादुर शाह १, सरदार गुणप्रकाश शाह १, सरदार शत्रुभंजन शाही १, सरदार युद्धनरजंग शाही १, सरदार अर्जुन थापा १, कपतान मोहनवीर शाही १, निजको छोरा १, कपतान वीरबहादुर शाह १, बद्रीवान शाहीका छोरा १, कुंभेदार गैंडा मल्ल १, ददा दण्डकेशर १, द्वारे योगराज १, जमादार विष्णुभक्त १, हवल्दार कालु खवास १, अर्दली इन्द्रवीर राउत १,.... १, मारिएका जम्मा ३१ जना भए ।

भाग्नेमाः— कान्छागुरुज्यू नारायण पण्डित १, हेमनाथ

पण्डित १, चौतरिया वक्ष शाह १, चौतरिया बबरजंग शाह १, काजी सिंहवीर पांडे १, काजी कालु शाही १, सरदार दलकेशर पांडे १, कर्णेल वीरविक्रम शाह १, कर्णेल नारायणसिंह थापा १, सरदार सुमेदसिंह कवर १, सरदार जयभद्र अधिकारी १, रणकेशर शाह १, ददा रसिंह १, कपतान कुलचन्द्र राना १, कपतान रत्नसिंह राना १, पूर्णचन्द्र शाही १, कपतान जयविक्रम शाह १, कुंभेदान सिंहदल गुरुङ १, कुंभेदान केशरसिंह राउत १, कुंभेदान भूमिनन्दन पाध्या १, सुवेदार विक्रमार्क मल्ल १, गोविन्द पण्डित १, रघुनाथ ढुंगाना १, जमादार रघुवीर बस्नेत १, लेफटेन भोटु थापा १, युद्धवीर राव १, जम्मा भाग्ने २६ जना भए ।

मुडिनेमा:– खडानन्द पाध्या कुइंकेल १, रंगनाथ खनाल १ जम्मा २ जना भए ।

धपाइमाग्नेमा:– चौतरिया ज्यान शाह १, कौवण्डी जित शाह १, जनरल माथवरसिंह थापाका परिवारहरू १, जनरल रणवीरसिंह थापाका परिवारहरू १, काजी तिलविक्रम थापाका परिवारहरू १, काजी शेरजंग थापाका परिवारहरू १, कपतान भवानीभक्त शाहीका परिवारहरू १, काजी जंगवी पांडे १, कपतान सन्तवीर थापा १, कपतान भैरवबहादुर पांडे १, कपतान कीर्तिवीर थापा १, कुंभेदान बक्तवार हमाल १, कुंभेदान भक्तिकुमार हमाल १, कुंभेदान फौदसिंह कुवर १, कपतान ऐमानसिंह खत्री १, खरिदार ज्ञाननिधि पाध्या १, सुवेदार अजपसिंह १, चोपदार देव पाध्या १, सहदत्त पण्डित १, वैद्य धीरलोचन पाध्या १, जमादार काशीनाथ पाध्या १, सर्दार सर्वजित थापा १, हुद्दा युद्धवीर राउत १, अर्दली दधिराम पाध्याका भतिजा १, द्वारे रत्नवदन १, मुसी धाई १, यिनीहरूलाई र काटिनेमारिनेहरूका जाहानबच्चाहरूलाई समेत "तिमीहरूले यहाँ बस्न पाएनौ, आफ्नो जो भएको धनदौलथ लिई देशमा जाऊ" भनी धनदौलथ लैजान दिएर सबैलाई नंगीपहिरनसंग कोतपर्व भएका भोलिपल्ट धपाइदिए । अभयानन्द पुरीलाई पनि धपाए । यी अभयानन्द भनेका जनरल रणवीरसिंह थापा हुन् । पाल्पागौंडामा रहेका चौतरिया गुरुप्रसाद शाहलाई अघिदेखि नजरबन्दीमा राखेका थिए, उनले थाहा पाई भाग्दा पल्टन त्यसै फिरे । काजी भीमविक्रम शाह पनि डोटीगौंडाबाट भागे । यस्ता तरहसंग नेपालमा दैवी काम भई कोतपर्व भयो । गगनसिंहको लास आर्यघाटमा र अरू कोतमा काटिनेहरूको लास तलतिरका घाटमा लगी जलाए ।

यति काम पूरा भइसकेपछि संवत् १९०३ साल आश्विन वदि ११ रोज ४ का दिन बिहान कोतबाट प्रस्थान गरी हनूमान्ढोकाभित्र पसेर जनरल जंगबहादुर कुवरले श्री ५ महाराजाधिराजको दर्शन गरे । कोतमा भएको सबै हाल विस्तारसंग विनति गर्दा निज जंगबहादुरलाई उत्तिखेरि मुखत्यारी गरी प्राइम्मिनिष्टर याण्ड कम्याण्डर इन चीफ जनरलको खिताब बक्सियो । मिनिष्टरका संमतले उनका माहिला भाइ काजी बमबहादुर कुवरलाई बडाकौसी बक्सियो । साहिला भाइ काजी बद्रीनरसिंह कुवरले कुमारीचोक पाए । काजी जयबहादुर कुवरले च्यांग्रेकौसी पाए । काहिला भाइ कृष्णबहादुर कुवरले कम्याण्डर कर्णेल मान र पाल्पागौंडाको तैनाथ पाए । अरू तीन भाइ रणउद्दीपसिंह कुवर, जगत्शमशेरजंग कुवर र धीरशमशेरजंग कुवरहरूले कर्णेल मान पाए । मिनिष्टरका जेठा दाजु भक्तवीर कुवरले कपर्दारी मान पाए । त्यसपछि मिनिष्टरका अफिसर रणमेहर अधिकारी र सनकसिंह खत्रीले बडाकपतान पाए । अरू सबै पगरीहरूलाई पनि मिनिष्टरले काममाफिक दर्जा बढाईदिए । यस्ता तरहसंग जंगबहादुर कुवरले मुखत्यारी मजबूत पारी राजा बक्साएर मुलुकको कामकाज गरिरहेका थिए ।

नेपालमा यति भइसकेपछि पनि जालसाज चल्दै थियो । श्री कान्छा बडामहारानीले यी मिनिष्टरमाथि दगा गरी आफ्ना पक्षका भारदारहरूसंग संमत जालसाज गरेर मार्ने बन्दोबस्त गरेको रहेछ । सो कुरा मिनिष्टरले धर्माधिकार विजयराज पण्डितज्यूबाट थाहा पाए । "अब मैले फेरि भारदारहरूको निर्मूल नगरी मुलुकको बरबन्दोबस्त गर्न पाइन" भनी संवत् १९०३ साल कार्तिक शुदि १२ रोज ७ का दिन नंगी तरवार, बन्दूक, पेस्तवलहरू लिएर आफ्ना तर्फका पगरी भारदारहरूका साथमा गई बाटैमा फेला

परेका वीरध्वज बस्नेतलाई पहिले मारे । अनि वसन्तपुरका ढोकाबाट भित्र पसी आफूलाई मार्न बिकट बसेका भारदारहरूलाई पछाडितर्फबाट काट्दै र मार्दै केही नासलचोकमा, केही भंडारखालमा र केही अन्यत्रसमेत लपेटा दिंदै र पक्रंदै धेरै भारदारहरू मारी शत्रुको निर्मूल गरे । यसको नाउँ भंडारखालपर्व रह्यो । यस पर्वमा काटिएका र भागेका भारदारहरूको नाम यस प्रकार छ :–

काटिनेमाः– काजी वीरध्वज बस्नेत १, कपतान मानसिंह बस्नेत १, सरदार दलमर्दन थापा १, सरदार वीरकेशर बस्नेत १, कुंभेदान पुरन्दर थापा १, जमादार सिंहवीर १, द्वारे केशरसिंह १, कुंभेदान शक्ति हमाल १, सुबेदार बागसिंह महत १, कपतान उमेदसिंह बस्नेत १, लैनहवल्दार नरजित राना १, कपतान कोकले १ जम्मा मारिएका १२ जना भए ।

भाग्नेमाः– सरदार रणभद्र बस्नेत १, सरदार समरजित बस्नेत १, कपतान जगसिंह बस्नेत १, कुंभेदान कनकसिंह खत्री १, कुंभेदान कालु थापा १, सुब्बा भूरमण जोसी १, कपतान गोठु बस्नेत १, सुब्बा नरशेखर खत्री १, जर्नेल बजीरसिंह १, सुबेदार सम्मान थापा १, सरदार बखतसिंह बस्नेत १, खरिदार कृष्णलाल पाध्या १, डिट्ठा रुद्रलाल पाध्या १. काजी रणवीर राना १, यज्ञशीला केटी १, रुद्रशोभा केटी १, काशिका धाई १, जम्मा १७ जना भए ।

यति काम भइसकेपछि मिनिष्टर जंगबहादुर कान्छा बडामहारानीकहाँ गई 'मलाई कस्तो धर्मपत्र गरिबक्सिएथ्यो । आज मेरै जीउमाथि दगा भयो । एउटी रानीको स्वार्थले गर्दा नेपालको ठुंगा बिगार्न पाइंदैन' भनी महारानीलाई उत्तिखेरै दरवारबाट निकाला गरे । "काशी जान्छु" भनी महारानी एकदेव वैद्यका घरमा बस्न गइन् । साहिला र काहिला दुइ साहेबज्यू पनि महारानीका पछि लागे । श्री ५ महाराज राजेन्द्रविक्रम शाहबाट "म पनि रानीसंगै काशी जान्छु" भन्ने हुकुम भयो । 'हजुरबाट यो काम गर्नु मनासिव छैन, गद्दी हजुरैको छ' भनी विनति गर्दा पनि नमानी जिद्दी गर्दा एउटा कबूल नगरी सवारी हुन हुंदैन' भनी मिनिष्टरले कुरा उठाए । 'यति महीना दिनभित्र नेपालमा आइन भने मेरा छोरा जेठासाहेबज्यूलाई गद्दी दिनू" भन्ने कबूलनामा लेखाई लिए । त्यसपछि श्री ५ महाराज पनि एकदेव वैद्यका घरमा सबारी भई राज भयो ।

यसै दिन श्री ५ स्वामी महाराजबाट ६२ सालमा हरण गरिएको देवता र ब्राह्मणहरूको बिर्ता जफत भएको पाप राजालाइ लागेको छ, सो पाप छुटाउनुपर्छ भन्ने संमत गरी देवता र ब्राह्मणहरूको जफत भएको बिर्ताको सट्टा जमीन दिनू भन्ने हुकुम बक्साउंदा मिनिष्टर र अरू भारदार पगरीहरूले लाखौं रुपियाँ सलामी चढाए । यही साल मार्ग वदि ३ रोज ६ मा हीरालाल झाले दफदरखाना मेगजिन तैनाथ पाई काजी भए । श्री ५ राजेन्द्रविक्रम शाह काशी सवारी हुने हुनाले यही वदि ४ रोज ७ का दिन देखि नेपालमा श्री ५ महाराजाधिराज सुरेन्द्रविक्रम शाहको हुकुम चलाए । त्यस उपलक्ष्यमा ५८ तोपको सलामी पनि भयो । त्यसपछि कान्छा बडामहारानीलाई साहेबज्यू दुइ जनाको टाहाचल बिर्ता र अरू जगाजमीनको समेत सट्टाबापत रुपियाँ, दौलथ, हीरा, मोती, जुहारहरू दिए । यही मार्ग वदि ६ रोज २ का दिन श्री ५ महाराजाधिराज राजेन्द्रविक्रम शाह, श्री ५ कान्छा बडामहानी र साहिला, काहिला दुइ साहेबज्यूहरूको काशीतर्फ सबारी भयो । यसै उपलक्ष्यमा खुशी हुंदा विजयराज अधि धर्माधिकार मात्र भए पनि उनले अब राजगुरुको पदवी पनि पाए ।

यसै साल पौष शुदि ३ रोज २ मा टुंडिखेल लैनभित्र स्याल पस्यो । त्यसको भोलिपल्ट अब उप्रान्त १६ पल्टनहरूका खेतखुवा सट्टापट्टा नगर्नू भन्ने दफदरखानालाई रुक्का भयो । यही शुदि १० रोज १ का दिन लाठ दर्जाका अंग्रेज लैनमा आउँदा यही शुदि १३ रोज ४ का दिन नोछेबैठकमा मुलाकात भई बागघरमा बस्न गए । साथै बढाई पनि भयो । यही साल माघ वदि २ रोज २ मा माहिलासाहेबज्यू उपेन्द्रविक्रम शाहले लाख रुपियाँको खानगी पाए । यही साल फागुन वदि ५ रोज ६ मा गणेश दल पल्टन १ थपी चोभारगणेशमा निशान चढाए । रामदल पल्टनमा दुइ सय नाल थपिए ।

यी मन्त्री बहुत होशियारी र अकलबुद्धिसंयुक्त शूरासमेत हुनाले यिनको ऐश्वर्य बिगारौं भनी भागी मोगलान

गएका भारदारहरूले फेरि दगा गर्न लागे । छड्के पठाएका मानिस जतिलाई थाहा पाएर बीचमै पक्री मार्दै झुन्डघा-उँदै गरे । १९०४ साल वैशाख शुदि १० रोज १ का दिन दगा गर्न आउने दुइ जनालाई पक्रेर टुंडिखेलमा पल्टनले लात हनाई मराए । अर्जवेगीको हात काटिदिए । १९०४ साल ज्येष्ठ वदि १२ रोज ३ का सन्ध्याकालमा अन्नाधुन्न बतास आउँदा भण्डारखालको ठूलो रूख ढल्यो ।

यिनै ताका भोगलानामा रहेका भैभारदारहरूका सल्लाहले फेरि मिनिष्टरमाथि दगा गर्न भनी कुभेदान शेरमर्दन हमाल र जमादार डम्बरसिंह बिष्टसमेत चार जना आई किलागलटोलका उदासका घरमा बसेर बन्दूक भरी दगा गर्ने मौका हेरिरहेका रहेछन् । उक्त कुरा जाहेर हुंदा पल्टन पठाएर उनीहरूलाई पक्री त्यो घर मैदान बनाए । पक्रिएका चारै जनालाई कुटपिट सजाय गरी नेल ठोकेर जेलमा राखे ।

त्यसपछि मिनिष्टर जंगबहादुर कुवरले श्री ५ महाराज सुरेन्द्रविक्रम शाह, श्री ५ महारानी, भैभारदार, पगरी, गुरुपुरोहितलगायतसंग सरसल्लाह गरी "श्री ५ महाराजाधिराज राजेन्द्रविक्रम शाहबाट आफूले रानीसंग काशी जांदा कबूल गरेको यादै नगरी आफ्नो राजगद्दीको माया मारेर भोगलानमा बसी भगुवा भारदारहरूको जालझेलमा लागेपछि अब श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट आर्जेको ढुंगा डुबाउन हुंदैन" भन्ने सबैको सम्मतिले निर्णय गरी 'अब राजगद्दीमा राज गरिबक्सियोस्' भनी विनति पारेर श्री ५ महाराजाधिराज सुरेन्द्रविक्रम शाहलाई संवत् १९०४ साल अधिक ज्येष्ठ वदि १३ रोज ४ का रात्री ४।३ मा नासलचोकका डबलीका गद्दीमा राज गराए ।

यिनले ३४ वर्ष राज्यको भोग गरे । यी राजाका ४ रानीमध्ये माहिली सानैमा स्वर्गे भएकीले त्यस ताका जेठी त्रैलोक्यराज्यलक्ष्मी, साहिंली सुरराजलक्ष्मी र कान्छी देवराजलक्ष्मी सजीव थिए । ज्येष्ठ वदि १४ रोज ५ मा बतासले त्रिशूलडबलीका शालिकको आधा आङ फुट्यो । रातको ८ घडी चढ्दा उल्कापात पनि भयो । यही साल दहचोकमाथिबाट पंचरंगी पछेउरा ओढे जस्ता स्वास्नीमानिस देखिए । यही कार्तिक बदि ९ रोज २ मा अट्कोनारायणको शिर खस्यो । मार्ग वदि २ रोज ४ मा ग्रहण लागे जस्तो पनि देखियो । यही वदि ४ रोज ६ मा ह्लोछेको दक्षिणतर्फको पुरानो बैठक भत्काई साइत हेरेर राम्रो किसिमले नयाँ बनाई तयार गरे ।

संवत् १९०४ साल मार्ग वदि ८ रोज ३ मा पुनर्वसु नक्षत्रर र विष्कम्भ योगका दिन श्री ५ जेठामहारानीका गर्भबाट रात्रीको घडी १०।३० जांदा श्री शाहेबज्यू त्रैलोक्यविक्रम शाह पैदा भए । त्यस उपलक्ष्यमा नानातरहका उत्सव, तमाशा, नाच, कीर्तन, बक्स, खिल्लतहरू भए । १९०४ साल मार्ग शुदि १२ रोज १ का दिनदेखि किताबमा चढेकालाई मात्र बाली खान दिनू, नचढेका जवानलाई नदिनू भन्ने नियम बांधी कम्याण्डर किताब खडा भयो । यही चैत्र शुदि १३ रोज ५ मा सेतामत्स्येन्द्रनाथको रथयात्रा गर्दा इन्द्रचोकमा पुगेपछि रथ ढल्यो । १९०५ साल वैशाख वदि २ रोज ५ का दिन मोठतहवील १ मात्र राख्नू भन्ने बन्देजको लालमोहर गरी अरू १५।१६ तहवील खारेज गरे ।

१९०५ साल ज्येष्ठ वदि १ रोज ६ का दिन दिगन्तलीका देवालयमा बज्र पऱ्यो । ज्येष्ठ वदि ४ रोज २ मा शेर, कुत्ता र बाघ जुधाउंदा शेर र कुत्ताले बाघलाई टोकी दखल पार्दा त्यसै पीरले केही बेरपछि बाघ मऱ्यो ।

उता मोगलानमा गएका बूढामहाराज राजेन्द्रविक्रम शाहले भगुवा भारदारहरूसंग सल्लाह गरी अलौमा बसेर धर्मपत्र गरे । त्यहाँ रहेका भारदारहरूका साथमा गएका ढाक्रे ढुक्रे मानिसहरू जम्मा गरी काजी हीरालाल झामार्फत मेगजिनससेत खडा गरे । रातारात केही फौज बरेबातर्फ पठाएर तहवील लुटी रुपियां ल्याए । सो कुरा श्री ५ महाराजाधिराजमा जाहेर हुंदा रिसानी भई मन्त्री मिनिष्टर जंगबहादुरलाई हुकुम भयो । उनी पनि रिसाई "यी बूढाराजाले नेपालका जालखेलमा पसी भैभारदारहरू सबै नाश पारे । फेरि भोगलानमा बसी जाल कमाउन लागिरहेछन् । यिनलाई नेपालमा नल्याई भएन । यिनको गाथ बचाई पक्रेर ल्याउनू । अरूहरूलाई भने कत्तल गरी आउनू" भनी हुकुमको उर्दी दिएर बडाकपतान सनकसिंह खत्रीको मुखत्यारीमा दुइ पल्टन खटाई पठाए । बडाकपतान अलौमा पुगेर पांच सात हजार ढाक्रे र भगुवा भारदारहरू जम्मा भइरहेका ठाउंमा नेपालबाट गएका २ पल्टन हुली हान्दा कुनै पनि मुख नपरी हातहतियारहरू छाडेर डांका भागे झैं

भागे । उनीहरूको भागाभाम हुंदा पल्टनले बन्दूकले हान्दै र तरवारले काट्दै लमारे । बूढाराजासंग रहेका कपतान कीर्तिवीर थापा र छेमडेलको कालिदासलाई पनि मारे ।

त्यसपछि बूढाराजालाई "नेपाल पाउलाग्नुहोओस्" भनी विनति गर्दा "जाऊ" भनी जिद्दी गरिबक्सियो र हुकुम-बमोजिम बलैसंग मियानामा हाली नेपाल चलान गरे । यसको नाउं "अलौपर्व" रह्यो । त्यसपछि ज्येष्ठ शुदि १५ रोज ६ का दिन श्री बूढामहाराज राजेन्द्रविक्रम शाह नेपालमा आइपुग्दा खानलाउनको संभारका साथै चार्हिदो टहलुवा र पहरा दिई पाटनदरबारमा राखे । केही वर्ष पाटनमै राज गरेपछि काठमाडौंका दरबारमा त्याई छुट्टै खण्ड गरेर हुकुमका उर्दीबमोजिम राखे । यसै बखतमा वसन्तपुर जाने ढुंगाको भरेङ झिंकी बाहिर गाह्रोबाट भरेङ बनाई वसन्तपुरमै जाने बाटो बनाएको हो । यस्ता प्रकारले मिनिष्टरले आनन्दसंग मुखत्यारी गरी वसन्तपुरमै बसेका थिए ।

संवत् १९०५ साल भाद्र शुदि २ रोज ४ का दिन ६ थरका श्रेष्ठ नेवारजातका दुलाहाले डोली मियानामा चढी कलश लिएर दुलहीका घरमा जन्त जानू भन्ने स्थितिको लालमोहर हुंदा दुइचार थर श्रेष्ठहरूले यस रीतसंग विवाह गर्ने गरे, अरूहरूले अघिदेखि आफ्ना कुलमा चलेको रीत छोडेनन् ।

त्यसपछि मिनिष्टरका माहिला भाइ कम्याण्डर इन चीफ भए । साहिला र काहिला भाई जनरल भए । जयबहादुरचार्हि सेकेन जनरल भए । यस्तै तरहसंग मिनिष्टरका भाइछोरामा दर्जा र मान बढ्दै गयो । यही साल आश्विन वदि १ रोज ५ का दिन जनरल, कर्णेल, कपतान, लेफ्टेन, सुबेदार, खरिदारसंमका सुनका तोडा लाउनेलाई आफ्ना चांदमा कल्की लगाउनू भन्ने उर्दी भएको हुनाले त्यस दिनदेखि कल्की लगाउने रीत चल्यो । आश्विन शुदि ५ रोज ३ का दिन श्री पंचलिंगभैरवको यात्रा गरी देवघरमा पस्दा दलिन भांचिएर देवता भइंमा खसे । ध्यांपो ढली मूर्ति पनि कुचियो । यही मार्ग शुदि १३ रोज ६ का दिन फेरि मिनिष्टरमाथि दगा गर्न लागेका मुद्दामा काजी मेघगंभीरसिंह बस्नेतलाई ज्यान माफ दिई नाक खोपिदिए । अरू पांच छ जना मानिस त्यस मुद्दामा काटिए ।

संवत् १९०५ साल पौष वदि २ रोज ६ का दिन श्री ५ जेठामहारानीका गर्भबाट माहिला साहेबज्यू नरविक्रम शाह पैदा भए । यस्ता प्रकारसंग मन्त्री जंगबहादुर कुवर राणाले निष्कण्टक मुखत्यारी चलाए । मध्येस र पाहाडको बरबन्दोबस्त मिलाई लाखौं रुपियां आमदानी बढाएर अघिकाले भन्दा धेरै धनदौलथ ढुकुटीमा थन्क्याए । हात्ती, बाघ, अर्ना, गैंडा, हरिण, मृग, आदि वनजन्तुहरूको शिकार खेली धेरै हात्ती पक्रेर हात्तीसार भराई धन्य कहलाइरहेका थिए ।

मानिसको मनमा सधैं देशदेशावर डुल्ने र नयां कुरा हेर्ने इच्छा हुन्छ । जंगबहादुरलाई पनि त्यस्तो इच्छा भयो । संवत् १६०६ सालमा "अंग्रेज बादशाहको र हाम्रो सिमाना जोरिएको छ । त्यसको फौज, खजाना, हातहतियार, मुलुक दौलथ, आमदानी, खर्च, स्थिति र बन्दोबस्त कें कस्तो रहेछ ? बादशाही तखत बेलायत लण्डन शहर कहां र कस्तो रहेछ ? त्यहाँका भारदार र दुनियांहरूको मिजास कस्तो रहेछ ? अऊसंम हिन्दूस्थानका कुनै मानिस पनि लण्डन बेलायत पुगेर आएका छैनन् । उनीहरूको मुखजवान र अखबारको बेहोरा सुन्दा साथै साह्रा हिन्दूस्थानका राजा, नवाफ र बादशाहहरूको मुलुक लिएको देख्दा सबै ताजूब मान्दछन् । अंग्रेजको स्थान, बल र पराक्रम तहकीकात गर्न अऊसंम हिन्दूस्थान, मध्येस, पाहाड, भोट र चीन कसैले पनि सकेका छैनन् । अब परमेश्वरको कृपा भयो भने म चारधाम पनि गर्दछु । हिन्दूस्थान, बेलायत १२ टापूका बादशाहहरूको बेहोरा र कारखाना के कस्तो रहेछ सबै बुझी उनीहरूसंग दोस्ती गर्नुपरे दोस्ती पनि गर्दछु" भन्ने मनमा विचार गरी आफ्ना माहिला भाइ बमबहादुर कुवर राणालाई मुलुकीखाना र जंगीफौजको अभिभाराको अखत्यारी दिए । श्री ५ महाराजाधिराज सुरेन्द्रविक्रम शाहका हजुरमा बिदा भई भाइ कर्णेल जगत्शमशेर र धीरशमशेर, बडाकपहान रणमेहर अधिकारी, काजी करवीर खत्री, काजी हिमदल थापा, काजी डिल्लीसिंह बस्नेत, लेफ्टेन लालसिंह खत्री, लेफ्टेन भीमसेन राना, सुब्बा सिद्धिमानसिंह राजभंडारी, सुब्बा शिवनरसिंह, सुब्बा पृथ्वीधर उपाध्याय तथा हुद्दा, सिपाही, केटा, पोशाकेसमेत पच्चीस जना आदमी साथमा लिई मुलुक सफर गर्नालाई श्री प्राइम्मिनिष्टर याण्ड कम्याण्डर इन चीफ जंगबहादुर कुवर राणाले संवत् १९०६ साल माघ महीनाका ४ तारीखका दिन चिसापानी-किल्लाको बाटो गरी प्रस्थान गरे ।

क्रमशः

ऐतिहासिक पत्रस्तम्भ

नं. ४३४

स्वस्ति श्री सर्वोपमाजोग्येत्यादि सकलगुणगरिष्ट राज-भारोद्धरणसमर्थेषु श्री श्री श्री जर्नेल भिमसिंह थापा श्री काजि रणधोज थापाका चरणतलेषु इतः श्री सुवेदार भक्त-वत्सल मल्लको सलाम पुर्वक पत्रमिदम् ईत निकः ताहां सर्वदा चरण कुसल मंगल भया हाम्रो प्रतिपाल उद्धार होलाः आगे ईहाको स्मचार पावका सुजसले भलो छः उप्रान्त लख्नौका हवालका अर्थलाई वडासाहव कान्पुरमा आउदा नवाव गर्जुदि हैदरले २०।२२ हात्ति ६०।७० उम्दा घोडा सुनाचादिका हौदा अमारिले सिगारी पाल्कि मिञाना पिनस तयार गरि लिन पठायछः पछि कान्पुरमा वडासा-हेव आयापछि सरसौगात भारि सरजाम लि भेट्न भनि नवाव गयेछः गंगाका पुल्देषि फिरंगिका लस्कर सहरमा अस्रफि रुपया छर्दै वडासाहेबसित भेट गर्‍योः उस विचमा ६०।७० हजार लस्कर नवाफका साथमा सामेल भयेछ फिरंगिका साथमा पनि तिन् पल्टन् काला २ पल्टन् गोरा ज्मा ५ पल्टन् साथ रह्याछन् पछि लख्नौमा नवाफ फिर्या-पछि जापतका सरजाम तिन् ३ कोसका गिर्दमा छौनी वनाउन लागिरहेछ २ तरफका लस्कर सामेल हुन लागि-रहेछन् देस देसबाट पनि सरसौगात लि उकिल्हरू आया भन्या षवर छं. तहकिति गर्न हल्कारा लख्नौ वैढाईञ्चसंग पठायाको छ जो तहाकिति हवाल आवला चरणमा विन्ति गरि पठाउलाः मुलुकका अर्थलाई जमायाको पनि छ जम्न्या पनि छः कंपनि हातहतियार नाल साफ गरिरह्या-छु वाकि १ पट्टिलाई षान्गि रह्याको छः गुन्जार भयापछि १।२ वर्षमा पुग्न्याछः येस जग्गा वक्सनु भयाको छ तपनि चरणका कृपाले होः म चरणैका आधारमा छुः वहुत काहा-तक अर्ज गरुः जाप्रमिन जगत्का माहातारि कल्पब्रीक्ष हुनु-हुन्छः किम्मधिकम् विज्ञेषु इति संवत् १८७१ साल् मीः कार्तिक वदि २ रोज १ मोकाम पदनाहगढि शुभम् – – –

दसैंको टिकाभेटि चह्राई पठायाको छः – – – – –

–०–

नं. २२०

श्री हरिद्वार	श्री षामिद
१	२

स्वस्ति श्री सर्वोपमायोग्यत्यादि सकलगुणगरिष्ट राज्य-भारोद्धरणसामर्थ श्री ३ जनरल दाज्यू भीमसेन थापाकेषु श्री कुलमानसिंह वस्न्यातकस्य सेवापूर्वकपत्रमिदम्. आयां कुसल ताहां कुसल चाहिये. आगे आहांको समाचार भलो छ उप्रान्त षवर बुझ्न पश्चिम्तिर मानिस पठायाका कुरा अघि विन्ति गरि पठायाको हो पद्मनिधि पाध्या र गोविन्द गिरिलाई पठायाको हो. आहांदेषि कालिकुमाउ सोर निस्की अल्मोडाको वाटो गरि गढ श्रीनगर गै देउप्रयागको वाटो ···१···कुरुक्षत्र गरि सुगाठोर सतरुद्रासंम पुगि आयाछन्. अघि भरतपुर नमर्दै अंगरेजले डिकको किल्ला मछध्वज भन्याको दर्वार मारि उहांका कौडी आपुले षानु गरि उसै-लाइ थामि गयाको रलेछ एस पाला भरतपुरमा लडांइ जोरिदा र डिकले भरतपुरलाई मद्दत दिदा भरतपुर मर्‍या-पछि अंगरेजले डिकमा जाइलागेछ. अघि हात लाग्याको किल्ला तलाइ सोपि गयाको हो कुल गरि तैंले भरतपुर-लाई मद्दत दिइस् तं कुल्याहै होस् लडाइं दे भन्दा र डिकले तिमिसित हात् जोर्दैनौं सलुक गर्छौं भनी ललोपतो गर्दा वर्षा पनि लागेछ र अंगरेजले डिकसित सलुक गरि भरत-

पुरमा छाउनि राषि अरु लस्कर पाहाड उतारेछ. भरतपुरका राजाकी महतारि भाइ विजक्दार षजांचि भागि अधि रंजित्सिंहसित मिल्न गयैका रह्याछन्. गयाका वैसाषमा उनका साह पाइ डिक् र अडेरका किल्लादारले किल्लाको मज्बुति गरि सिंहसित मिल्न जांदा र अंगरेजले कस्मिर मंडि कुल्लु चंपा गुलेरका राजारजौटालाई फोर्न्या कुरा हाल्दा उता कल् हाली एताको चढाइ गर्न मन्सुबु गरि आयाको लाठसाहेवले उताको मोहडा फिरायछ लुध्यानामा गै वसिरहेछ. त्यो कुरा सुनि १ लाष फौज ली रंजित्सिंका छोरा षड्गसिंह सतरुद्राका किनारा फुलवट भन्याका किल्लामा आइरहेछ लडन तयारी भयाको छ. २ लाष फौज ली मद्दत दिन रंजित्सिं लाहुरदेषि १० कोसमा आइ वसिरहेछ अंगरेजको र सिंहको लडाइ जोरिन्छ. गंगौलीको पनेरु पल्टनका ३ कंपनि पनि झिकाथो. मेजरसमेत् ३ साहेव ४ कंपनी हवालवाग्मा छ. जर्नेलसमेत ५ साहेव ४ कंपनि सुगाठोरमा छ. ५ साहेव ४ कंपनि गुरुद्वारमा छ. कर्णेलसमेत ६ साहेव कालाका १ कंपनि अल्मोडामा रह्याका छन्. वाजवर्न थापालगायत हाम्रा पहाडी सुवा सुवेदार ज्मादारहरूसित पनि भेट मुलाकात भयथ्यो. हामिले…२… को केहि विगार्न्याको छैन औसर मौसरले अंगरेजको चढाइ भयो तपनि उस्का पैसा षाइ वर्षजना असवाव हात गरि मुलुक कुह्रिरह्याछौं. औसर मौसरले वारि तर्न्या काम् होला त वेलामा हामि चुक्न्याछौंन भन्छन् भन्या षवर ल्यायाछन्. निस्तुक षवर ताहां आयाकै होला, एतावाट फेरि लाहुरसंमलाइ मानिस् पठाउन तयार गरिराष्याछौं ५।७ दिनमा हिंछन्. अव उप्रान्तको षवर जो होला सो पछि विन्ति गरि पठाउंला अंग्रेजको र सिंहको चिह्नाचिन् होइजान्छ कि सलुक हुन्छ. उताको सलुक राष्यो भन्या एतालाइ आप्नु सैचान गर्नुपर्न्या देषिन्छ. ज्यादा ताहांको षैषवर आप्ना कुसल होस् हामिलाई सिक्षार्ति लेष्तै रहन्या काम् गर्नुभया बढिया होला इति संवत् १८८३ साल मार्ग वदि १२ रोज १ मुः दुल्लु शुभं – – – – – – – – – –

—०—

नं. २३१

श्रीदुर्गाजी सहाय
श्री ५ महाराज

स्वस्तिश्री सर्वोपमायोग्य शौर्योदार्यदयादाक्षिण्यादिगुणगणालंकृत राजभारसमर्थ श्री श्री श्री जनरल भीमसेन थापा महाशयेषु तथा श्री श्री श्री काजि रणध्वज थापाकेषु इतः शुभेच्छु चंद्रशेखर उपाध्यायको शुभाशीर्वादपूर्वकं पत्र कृपाले आहां आनन्द होला ताहांको आनन्द मंगल सदा सर्वदा चाहिये येहिते प्रभुसेवकजन सवको पालना होला आगे आहांको समाचार यथास्थित छ उप्रान्त श्रावण सुदि ९ रोज ५ का मितिमा ताहांवाट रवांना भयाको चिठि भाद्र वदि ४ रोज ७ का दिन आइपुग्यो पह्नि अर्थ विज्ञात भयो. लाठ साहवसित भेट मुलाकात वातचित भयाको र मिश्रज्यू विराम हुनुभै परलोकी हुनुभयाको विस्तार अधि अधिका अर्जि चिठिले विस्तार बुझ्या गयोहो. मिश्रज्यू जानुभयाको छ १।२ काम निस्कनन् भन्या हामि सवका चित्तमा भरोसा थियो अकस्माद्दैवले एस्तो पार्‍यो चित्तमा बहुत षेद लागिरहन्छ परन्तु आफुले टालि नटल्न्या ईश्वरेच्छाले मात्र हुन्या कुरा हुनाले चित्तमा धैर्य लि संझनुपर्न्या रहेछ सोइ पाठले चित्तलाइ संझाइ आहां भैपरिआयाको र ताहांवाट हुकुम् आज्ञा आयामाफिक् जान्या बुझ्यासंमको टहल गरिन्छ. आहांका अर्थलाई नयो दोस्ति भैरहेछ हाल् इन्को तरह देष्ता ठूलै दोस्ति राष्या जस्तो गर्छन् वढियै छ. दक्षिनीसित वात्चितैले वन्दोवस्त हुन्छ कि कसो हुन्छ सो जैल्हे आहां वात षुल्ला विन्ति गरी पठाउंला. जान् आदम् साहव र सुइन् टीन साहवसित भयाका कुराको विस्तार अधि पर्सिका चिठिमा लेष्याको हो जाहेर भयो हो. सर्कारी कमराको कुरा अधि जान् आदम् साहेवले गर्‍याथ्या पछि आहां हामिछेउ कसैले भन्याको छैन. वाहिरा १।२ मानिस्का जुवानि साविक सिवानामाफिक फलानु जगा नेपालका ……लाई लाठ साहवका हुकुमवमोजिम् पर्वानां अदालत्का कचहरिमा भैरहेछ भन्या कुरा सुनिरह्याछन्. वल्जलि साहव कलकत्ता कूच गर्‍या हामी गमिले निस्क्याका थिजुन. अवर ताहां विन्ति गरि पठायाको हाजिर्वासिको मुष्तारनामा षलीता र तनुषा भयाको षर्च पनि आइपुग्ला गमि पनि वित्यो कलकत्ता हिड्दिषेर आहांका अपीलवाला र जज्सित भेट गर्नु छ. तेसैमा इ कुरा पनि गरि जे ठेगान् होला विन्ति गरि पठाउंला. हाति २ पठाइदिनु भयाका हिजो हाजिपुर आइपुग्याछन् आज दानापुर कप्तान् हिल् साहेवछेउ षवर पठाजा. उन्ले मानिस पठाउनिमात्रै हात्ति सौपन्या काम होला. इनहरूका मानिसका जुवानि इ हाथि हालुक्वाडिमा पठाउन्या कुरा सुनिन्छन तर २ हथिनी देष्ता फीलवान् इनहरूका वेस रह्याछन् षुशी हुनन्…

सुइटीन् साहवसित षुकुरीका वीडका प्रसंगमा गैंडा तिम्रा तराइका जंगलमा हुन्छन् भन्दा सुनिन्छ पाल्याका पनि छन् कि भन्या वडा साहवले हेर्न्या कुरा चित्तमा राष्या जस्ता डवल्का कुरा गर्थ्या. १ अनुठा घोडाका पनि ताहां कुरा आज्ञा गर्नुभयाको हो सो घोडा आयाको भया तेसका साथमा १ गैंडा पनि पठाउन्या काम भया वढिया हुदो हो भन्या चित्तमा आउंछ जो आज्ञा. मुन्सि अमृतलाल आइपुग्याको षवर अघिका चिठिमा लेष्याको हो विज्ञान भयो हो. दर्माहा थोडो भयो उस् जगामा तेस् दर्माहले कसो गरि निर्वाह होला भनि आगापीछा गर्छन्. जो अघि तजवीज भयाको गराइवक्सनुभया वढिया होला. मलाइ पनि धेर दिन् ज्ञाहां रहन्या काम केहि छैन. षर्च षलीता चांडो वक्सि पठाउनुभया त्यो आइपुग्निमात्र कूच करुला विज्ञेषु किमधिकं मिति भाद्र वदि ६ रोज २ सं. १८७४ साल मुकाम पटना शुभं – – – – – – – – – – – – – – – – – –

नं. २४७

श्रीदुर्गा

स्वस्ति श्री सर्वोपमाजोग्यत्यादि सकलगुणगरिष्ठ राजभारोद्धरणसामर्थ श्री श्री श्री जनरल साहेव भीमसेन थापाका चरणतल इत श्री वषतसिंह वस्न्यातको सेवापूर्वकपत्रमिदम् इत निक ताहां चरण कुसल भया हाम्रो उद्धार प्रतिपाल होला आगे ज्ञाहांको समाचार भलो छ उप्रान्त देसका षवरकन भर्तपुरका राजाले आफ्ना भाइलाइ कइतमा राषि आफ्ना साला दैवान तुल्याइराष्याको रहेछ आफु मर्‍यापछि कइतमा रह्याको भाइले देवान भयाको राजाको सालालाइ मारिकन अंगरेजलाई अव तिमि भर्तपुरको अम्वल गर भनि लेषेछ र भर्तपुरका राजा जो गद्दिमा वस्याकाले पनि आफ्ना फौज वन्दि गरि राषेछ. अंरेजको पनि मिरिटमा वस्याको १० पल्टनमा ६ पल्टन पूर्वतिर गयो ४ पल्टन र अरु ठाउको फौज मथुरामा जंमा भै भर्तपुरमा चढाइ गर्छ भन्या षवर ल्याया. अवप्रान्तको षवर जो मिल्ला सो विन्ति गरि पठाउला वांकि वालषकालदेषि आजसंम चरणैका कृपाले सुषै गरि आज्यौं. एसतर्फमा आउन्या भर्भारदार हल्कारासमेतको षानादानाको ठेगाना लाग्यो मेरा षानगिका तनुषाको ठेगाना भयेन क्या षाइ रहन्या हो मेहरले जिउन्या हुं जो आज्ञा सो सहि विज्ञेषु किमधिकम् इति सम्वत् १८८२ साल मिति ज्येष्ठ सुदि १० रोज ६ मो. डडेलधुरा शुभं – – – – – – – – – – –

नं. २५०

ॐ स्वस्ति श्री गौरीशंकरो जयति

ॐ स्वस्ति श्री सर्वोपरि विराजमान समस्तोपमायोग्य समस्तगुणगणालंकृतेषु स्वप्रतापैवसीकृतसमस्तप्रकृतिषु स्वयशोधवलीकृतदशदिगंतेषु भीमकांतनृपगुणैरुपजीविनां अधृष्याधिगम्येषु सामन्तचूडामणिमरीचिभिरलंकृतपादपीठेषु स्वदोर्दंडसंभृतामितवलाकृष्टधनुर्मौर्वीस्तनितपराजिताखिलारिपक्षेयु इन्द्राद्यष्टलोकपालानां कामवर्षित्वादिगुणगणैर्युक्तेषु यथाकामार्चितार्थिषु अपराधदंडेषु समस्तराजनीत्यानुसाराचरणेन स्वराष्ट्रप्रवर्तितकृतयुगेषु साधुब्राह्मणसेवकेषु श्रीपरभट्टारकेत्यादि श्री श्री श्री श्री श्री महाराजाधिराज राजेन्द्रवीरविक्रम युद्ध शाहदेवेषु इतः श्री गंगाद्वारस्थ श्रीपरमहंसपरिव्राजकाचार्य श्री गोस्वामी श्रवणनाथसमीरिता नारायणस्मरणपूर्वका आशीस्ततयः समुल्लसंतुतराम् समस्त्य तत्रत्यं तत् श्रीपशुपतिनाथप्रसादात्सदैधमानमीहामहेतराम् उदंतस्तु श्रीशिवप्रसादरचना संपन्ना माघ शुक्लपंचम्पां सोम वासरे श्रीशिवादिदेवानां प्रतिष्ठा यज्ञं च भविष्यति तत्र श्रीमतां निमंत्रणपत्रं प्रेषितं श्रीगौरीशंकरेछा एवंविधा जात गजवाहनारोहणरूप अतः अंवावाडी हौदायोग्य उत्तमगजः प्रेषणीयः श्रीमद्भिः मिति भाद्र शुदि त्रयोदशी शुभं भूयात् श्रीः – – – – – – – – – – –

—०—

नं. १६२

स्वस्ति श्री सर्वोपमाजोग्येत्यादि सकलगुणगरिष्ट राजभारोद्धारणसामर्थ श्री श्री श्री जनरल साहव भीमसेन थापा महासयेषु ईत आज्ञाकारि देउऋषि उपाध्याको वेदोक्त शुभाशीर्वादपूर्वक पत्रमिदम्. ज्ञाहां नीक ताहा चरण कुशल मंगल भया हाम्रो प्रतिपाल होला. आगे ज्ञाहाको स्माचार भलो छ. उप्रान्त कार्तिक वदि १३ रोज ६ का दीन हाल–

सुरतको पत्र र येही सुदी ३ रोज ४ का दीन पान् चलान् गऱ्याको हो विस्तार दाषिल भयो हो. हालु कुहाडितिर जानाको क्या डवल रहेछ भनी बुझनलाई कार्तिक सुदि ४ रोज ५ का दीन दानापुर गजाथ्या. वाहांको षवर बुझदा जानलाई तयारी भन्या छ फलाना दिन कुच हुन्छ भन्या ठेमान भन्या छैन भनी वाहाका मानिसले भन्या. काला गोरा २ पल्टन आहा छन् भन्छन् गन्तिमा कति हुनन् भनि बुझदा काला हजार जुवान् छन् गोरा पनि १ पल्टन भन्छन् सव हीसाप गर्दा पंध्र सोह्र सय गोरा छन् भन्या कुरा गऱ्या. नजा सिपाही राषन लाग्याको षवर पनि थियो गै तजवीज गरि लेषियला भन्या पाठले रह्याको थियो. देषियो सय पाचेक भयाछन्. पल्टन भर्ति हुन्छ भन्या कुरा गर्थ्या. हालुकुहाडीतिर काला गोरा क्या कति जान्छन् बुझदा गोरा जानाका कुरा छन् पल्टन जान्छ पनी भन्छन् ५ सय गोरा जान्छन् पनी भन्छन् २ सय मात्रै जान्छन् पनी भन्छन् निस्तुक भयाको छैन भन्या कुरा सुनिया षवर बुझीदैछ जैले जति जाला विन्ति गरि पठाउँला. आफुले बुझदा अैले येताबाट उस्तो गर्मी देषना सुन्नामा केही पायाको छैन ठंडै देषिन्छ भवितव्य जानी सकीदैन. रंजित्सींले कस्मिर मुल्तान् पेसवर कावेलको तरफ दषल गरि मुलुक तवा गर्दा मुगल-हरूले साह्रै दुष्ष पाउंदा तिमिसित हाम्रो दोस्ती वनिरह-न्या छ तिमि ताहावाट वढ हामि येताबाट बढचौं. रंजित्सीं लाई उडाउं भनी रुस्का वादसाहले अंरेजलाई लेष्या वला-यत् साधिपठायाको छ अरे भन्या कुरा पनि दानापुरमा सुनिया. चट्गाउँका तरफ कोई राजा थियो येउटा साईं फकिर पनि वडोआदमी थियो. क्या वातमा तक्रार हुंदा ई २ मिली अंरेजको पल्टन मारिदिया. ब्रह्मपुरा गैह्र पुर्व-तिरका पल्टन चट्गाउ गया भन्या कुरा पनि दानापुरमा सुनिया. निस्तुक षवर कलकत्तावाट टकसारीज्यूका पत्रले जाहिरै होला. आहा देष्या सुन्याको कच्चि पक्कि षवर विन्ति गरि पठायाको छ अप्सर पऱ्याको छीमा गऱ्याजाला ईति सम्वत् १८८० साल मिति कार्तिक सुदि ६ रोज १ मुकाम पटना शुभम् – – – – – – – – –

न. १७९

स्वस्ति श्री सर्वोपमायोग्यत्यादि सकलगुणगरिष्ट राज-भारोद्धरणसमर्थ श्री श्री श्री जनरल भीमसेन थापाका च र-णतलेषु इत श्री कपतान् करवीर पांडेकस्य पाइलग्गु सतम् पूर्वक पत्रमिदम्. इत नीक ताहा चरण कुसल मंगल आनन्द भया हाम्रो प्रतिपाल उद्धार होला. आगे आहांको समचार भलो छ. माघ वदि ४ मा लेषनुभयाको पत्र ऐ सुदि १५ रोज १ मा आइपुग्यो. विस्तार बुझी सिर चह्राञ्युं उप्रान्त ताहाको षैषवर लेषतै रहनु भनि आग्यां आयेछ. वाकी पश्चिमतरफ जान्या सिपाहिहरूले ल्यायाको षवर अधि पनि विन्ति गरि पठायाको हो आजकाल गोदाम षरिद गरि ज्मा गर्न लागिरहेछ. पल्टन पनि ····· तरप ज्मा हुन लागिरहे-छ. तस्अर्थ रंजित्सींका छोरा षड्गसिंलाई भरथपुरको राजाको छोरी दी हातमाला गऱ्या भन्दा सुनिन्छ. जैसिमठ-मा वसि जगा जगामा गोदाम षरिद सोमानसाहीका भाइ-छोरा साथमा छन् भन्या षवर ल्याया. षैषवर बुझन पठा-याका मानिसले ल्यायाको समचार चरणमा विन्ति गरि पठायाको छ. निस्तुक चरणमा जाहेरै होला तस्अर्थ सिल-गढिको षर्षजाना र तोपवन्दुक जिम्मा लायाको थियो तोप-वन्दुक र षर्षजाना बुझाई माघका दिन २८ जादा कुच गर्यौं हाम्रो जस्तो हाल छ चरणमा जाहेरै छ. चरणवाट देषिदिया सर्व वातको उद्धार हुन्याछ विज्ञेषु किमधिकम् इति सम्वत् १८७६ साल मिति फाल्गुन वदि १० रोज ४ मुकाम चलिचलाउ शुभं – – – – – – – –

—०—

नं. ३९६

स्वस्ति श्री सर्वोपमायोग्य शौर्योदार्यदयादाक्षिण्यादिष-डगुणराजिराजितस्तूयमानकीर्तिराजभारसमर्थ श्री श्री श्री जनरल भीमसेन थापा महाशयैषु तथा श्री श्री श्री काजि रणध्वज थापावरेषु इतः शुभेच्छु चन्द्रशेखर उपाध्यायको शुभाशीर्वादपूर्वकं पत्रं. कृपाले आहां आनन्द छ ताहांको आनन्द मंगल सर्वदा चाहिन्छ. आगे आहांको समाचार भलो छ. उप्रान्त आश्विन वदि १० रोज ५ मा ताहांवाट रवाना भयाको चिठि कार्तिक वदि १ का दिन आइपुग्यो पहि अर्थ विदित भयो. काजी रणजोर थापा पैंचिन पुगि साविक दस्तुर ····· को दर्सन हासिल गरी २।३ वर्षका एतातिरका तक्रारले उन्का चित्तमा पैदा भयाको शक् शुभामेटाइ वदस्तुर

सफाइ गरी अर्जीको जवाब तसल्लीनामा वात्साही फर्मानसाथ लि क्षेमकुशलसित आइपुगि आश्विनका दिन ६ जांदा ···७··· को दर्शन गऱ्याको षवर सुनि चित्तमा षुसी भयो इनहरूका चित्तमा हाम्रा उन्सितका मेलको बडो प्रतीत थियेन अब रहेछ भन्या प्रतीत भयो. अतःपर इनले हाम्रा तरफ कैहि नवीन काम गर्नाको तजवीज गर्दा उस्तरफको समेत समाचार नगरी गरैनन् वांकि ताहांको हाल्सूरत सुन्ना देष्नामा आयाको लेष्नै रहनु भनी आज्ञा आयाका अर्थ अघि सुन्या पायाको षवर आश्विन सुदि ५ का दिन रवाना गऱ्याका पत्रमा लेष्याको हो वाहां उप्रान्त ताजा षवर आजकाल विशेष केहि सुनियाको छैन. कोलंगातरफ भन्या जस्ता तरहले सिपाहि षजाना गल्ला अघि जान्थ्यो अझ पनि उसैमाफिक वल्लम्टेर पल्टन् पनि तयार हुंदै जांदैछन्. गल्ला रसद पनि षरिद हुंदै जांदैछ. औ १ लडाइ भै जीत् इन्को भयो निप्टघाको छैन भन्या षवर सहरमा सुनिन्छ मुष्यको जान्या रहन्या कुरा पनि आजकाल केहि सुनिदैन. अलिक दिनमा वलायत्वाट इन्का विवि आइपुग्छन् भन्या कुरा वाजे आदमी गर्छन्. पछि जो देषियला विन्ति गरि पठाउंला. आजकालको नया षवर कौसलमा तजवीज भयाको दुनिआलाइ इलम् तालिम् गर्नानिमित्त कलकत्तामा १ छापाषाना तयार गरी अंगरेजी फार्सी हिन्दवीका पुराना जो छन् सो पनि वाजे अरु नयां वनाउन लाइकन पनि सव इलमका किताव छपाइ कालेज भन्या १ पढ्याउन्या जगा वनाइ उस काममा २५।२० जना अंगरेज हिन्दुस्तानी मौलवी मुन्सी पंडित् मोसद्दि गैरह दर्माहदार तैनाथ गरी वलाइती व हिन्दुस्तानी गैरह हर्मुलुकका आदमीमा जसले ज्या इलमको इरादा गऱ्यो उसलाई षाना पहिनामाफिक दर्माह दी पढ्याउन्या सिषाउन्या र कसैले किताव षरीद गर्न षोज्या उस्लाई लागत दाम लि किताव दिन्या काम जारी गर्नालाई कलकत्ताका अंगरेज हिन्दुस्तानी वकीलाय राजा वाबु नवाव मीर उमराव मर्महाजन वंगालीहरू पनि आहादेषि टाढाका आप्ना भरअमलका असामीयानछेउ पनि उन्का षुशीले भले ····· म् जानि ५।५० जो दिन्छन् उसै जगामा तैनाथ हुन्या अंगरेजवाट सालवसाल तहसील गर्न्या १ माहाल षडा गरि उस् कामको षर्च भर्नागर्न्या तजवीज भयेछ र एसै वातको दुनिआछेउ मगनी गर्नालाई हजार १२ सय फर्द एकै मजमून्का छापियाछन् उनै फर्द दफदर्षानावाट वकीलाय मर्महाजन राजा वाबु जो हाजिर थिया उन्लाई पनि दिया भरअंवल् देहातमा पनि पठाया. १ फर्द मुन्सी काज्मलीले हामिलाई पनि दिन पठायो. मुन्सिलाई डाकि उपाध्याजीलाइ एस्को वेवरा सुनाव भनेछ वेउरा वुझ्याको थियेन र उतिषेर केहि भन्युन डेरा आइ सुन्दा बुझिया आजकल हाम्रा षुसिले जो दिनु छ सहि गरि आप्नु नाम् लेष्न भनि कागज् दियाको हो तेस्लाइ क्या भन्छौ भनि सवैछेउ सोध्न लागीरह्याछन्. हामिछेउ भन्याको छैन भन्यादेषि हामि दोस्रा मुलुक्का रइस् आफ्ना षामिदका तावेदार जस् वषत् हुकुम आयो उसै वषत् जान्या औ हाम्रा मजहवलाइ यस इलम्को दर्कार पनि नाहीं. तसर्थ यो वात हामिवाट कवूल होइसक्तैन भन्या जवाफ दिन आंटघाको छ. एस् मजमूनका फर्द छापियाछन् भनि दरियाफ्त गर्नालाइ नकल् लेषाइ चह्राइ पठायाको छ तसैले विदित होला औ वायलु साहवको १ ····· आजकाल वेलाइतवाट आइरहेछ उससित भेट हुंदा ताहां आप्ना दाजुछेउ पठाइदेउ भनि १ चिठि दियो र येसै षतका साथ पठायाको छ पुगला. वाकि हाम्रा अर्थलाइ १ सालको षर्च महिन्दमलिका हिसावले आयोथ्यो षर्च गरियो. दोस्रा सालका ४।५ महिना बढया साहुले पनि दिक् गर्न लाग्या. षान्या पीन्या काम पनि चल्या भयेन षर्च देउ भनि मुन्सी गैरह तलवदारहरू पनि किज्याउन लागिरह्याछन् मेरा पनि षर्चको तंगी भैरहेछ. षर्चको मेहरवान्गि नभया त तलवदारको पनि मेरा पनि षान्या षर्चन्या कामलाई कठिन भयो चांडो आइपुग्न्या गरि मेहरवानगि भया वढिया होला. वाकि आश्विन सुदि १२ का दिन ताहांवाट रवाना भयाको चिठि कार्तिक वदि १४ का दिन आयो पहि अर्थ विदित भयो. वमदिकदरफको षवर अघि चौतरियाबाट आयाको ताहां पठायाको हो उस्पछि कतैवाट आयाको छैन कतैवाट केहि नवीन षवर आया आहांवाट पनि लेषियला. सवै ठाउंको समाचार रोज जोसन् हुन्या जगा तेही छ ताहां पायाको प्रवृत्ति लेष्तै रहनु भनि आज्ञा आयाका अर्थ अघि सुन्या पायाको षवर आश्विन सुदि ५ मा विन्ति गरि पठायाको हो आजकाल ताजा षवर विशेष सुनिदैन जैल्हे सुनियला विन्ति गरि पठाउला. आजकाल जो भया सुन्याको एस चिठिमा माथि लेषियाको छ विदित होला. विज्ञवरेषु किमधिक मिति कार्तिक सुदि ६ रोज ४ संवत् १८७५ साल मुकाम कलकत्ता शुभम् – – – – – – – –

—०—

नं. १२५

स्वस्तिश्री सर्वोपमाजोग्यत्यादि सकलगुणगरिष्ट राजभारोद्धारणसामर्थ श्री श्री श्री जनरल साहेप भिमसेन थापा महांसयका चरणतलेषु ईतः संगदसि रणसुर भडारिको सेवापूर्वक पत्रमिदम्. ईत निक ताहां चरण छम कुसल भया हाम्रो उद्धार प्रतिपाल होला. आगे आहांको समाचार भलो छ उप्रान्त भरतपुरको षैषवर पाया सुन्याको विन्ति गरि पठाउला भनि चिठि चह्राई पठायाको हो. गंगाराम गुनानन्द कुभैयार हल्कराले कह्याको षवर फिलंगीको र भरतपुरको पुसमा लडाई भयेछ फिलंगीको पल्टन ३२ तुरुक सवार ८ हजार तोप ४ हजार हिन्दुले गाई मान्यांछैन भनि ५।६ सय गाई वयल् अधि लाई विचविचमा गोराकाला किल्लाभित्र पसि फयेर वोलेछ. भरतपुरले पनि फयर बोलि तरवार हाल्दा फिलंगीको ४।५ हजार षेत रह्याछन् अरु साहेपहरू पनि ४।५ जना षेत रह्याछन्. हांसि साहेपलाई कसैले षेत रह्यो भन्छन् कसैले घा मात्रै लाग्याको छ भन्छन्. भरतपुरको लस्कर डेडलाष रहेछ २।३ हजार षेत् येस्का पनि भयाछन् लडाई भन्या भर्तपुरले जितेछ फिलंगी हटि किल्लादेषि ८ कोसमा गई वसिरहेछ कुमैया वाहुनहरू ताहां आयाका छन् विस्तार चरन्मा विन्ती गर्न्याछन् हामिहरूलाई आग्या आया दर्सन गर्न आईपुग्दाहौ भनि अधि विन्ति गरि पठायाको हो आग्या आईपुग्निवित्तिकै दर्सन गर्न आईपुगौला विज्ञेषु किमधिकम् ईति सम्वत् १८८२ साल मिति माघ वदि ९ रोज ४ मुकाम सिलगढि

सुभम् — — — — — — — — — — —

नं. १८३

श्री दुर्गासहाय

स्वस्ति श्री सर्वोपमायोग्येत्यादि शौर्योदार्यदयादाक्षिण्यादिसद्गुणराजिराजित स्तूयमानकीर्ति राजभारोद्धरणसमर्थ श्री श्री श्री जनरल साहव भीमसेन थापा महांशयेषु ईतः श्री उमाकान्त उपाध्याको शुभाशीर्वादपूर्वकं पत्रम् कृगले आहां कुशल छ ताहांको आनन्दमङ्गल सर्वदा चाहिये आगे आहांको समाचार भलो छ उप्रान्त अरु पाया सुन्याको विस्तार प्रथम श्रावण सुदि १० रोज २ का दिन रवांना गऱ्याको विन्तिपत्र पुगी जाहर भयो हो. गोर्नर अम्हिरष्ट साहव राजमहलतक गयाका हावा षाई तवियत नासाज जो थियो सो आराम भै एस्तरफ फिरी प्रथम श्रावण सुदि ६ रोज ५ का दिन चांनक्मा दाषिल भै ऐ सुदि १४ रोज ५ का दिन कलकत्ता कौसलमा सामेल भया. सिपहसालार जर्नैल पिजिट् साहव पनी राजमहल-देषि पश्चिम गयेनन्. गौर्नर फिऱ्यापछि वाटमा भेट नगरी येतै आयी हुगलीका १०।८ कोस तफावत् दरियावमा तल-माथि फिर्दछन् भन्या कुरा सुनिन्छ. प्रथम श्रावण सुदि १४ रोज ५ का दिन चौथा प्रहरमा आहांका किल्लामा ६८ आवाज तोप र्छदस येघार सलक आवाज वन्दुकका भया. क्या हो भनि तहकीत गर्दा मालवाका र राजपूतानाका रजिडन्ट जर्नैल अष्तर्लोनी साहव मोकाम् मेरट्मा जुलाई महिनाका पन्ध्रजि तारीष प्रथम श्रावण वदि ३० रोज ६ का दिन फौत भया. कंपनिका षैरषाह पुराना आदमी थिया गौर्नर साहवले वडो गम् गरी उन्का सीन्वमोजिम गमीका तोप ६८ भया भन्या कुरा सुनिया अष्तर्लोनी साहव फौत भयाको मोकाम सीनको विस्तार अंगरेजी हरफका छापाको नकल येसै चिठीमा जान्छ पढाई मोफसील जाहर होला. कालीसंकर घोसाल वंगाली काशीवासनिमित्त वनारसमा वस्याको छ. तसले राजगीका षेतावको जिकर सदरमा गऱ्याको रहेछ. ३ महिनाअधि गौर्नर साहवबाट घोसाल मजकूरलाई षिल्लत् र राजगीको षेताव येतावाट गै वनारसमा अगस्त्यस् बुरुग साहेवले सपुर्द गऱ्या भन्या सुनियोथ्यो सो अषवारले पनि जाहर भयो हो. साल ७९ मा ईरानका वादशाहको वेरादर फतेउल्ला षां कलकत्ता आयामा राजा सुषमैका छोरा वदरीनाथ रायले आफ्ना वागमा फतेउल्ला षांलाई लैगी जाफत् गऱ्याथ्या. षां मजकूर ईरान पुगी वादशाहका तरफवाट वदरीनाथ रायलाई षिल्लत् र राजगी षैतावका सिपारसको षत गौर्नर साहवका नाम्मा पठायाको रहेछ दाषील हुंदा वदरीनाथ रायलाई तफ्तर्षानावाट तिमीलाई राजगीको षेताव मिल्छ भन्या कुरा सुनाया. भन्या कुरा सुनियो दिनन्. आहांका वडाआदमीमा यो हिन्दुस्तानीसंग पनि मेल राष्न्या षुलासा आदमी छ. भरथपुरका वकील मंगलसिं ब्राह्मन् आहां थिया हालका राजा दुर्जनसिंहसंग इन्हेहरूका नवन्दा तफतर्षानावाट वकीललाई तिमिले हाजीर हुंन्या काम छैन भनि दर्वार आउन्या काम छैन भनि मकूफ भयाको महिना अढाई येकको करीव भयो वकील सहरैमा छन्. दर्वार मकूफ भयाको देष्ता

यन्हेरूको पनि सफाई भैसकिया जस्तो लाग्दैन. पूर्वको समाचार साविकैवमोजिम छ. वेलाइतवाट आउन्या जर्नेललाई कमवर मैयर साहव र फौजहरू अझ आइपुग्याका छैनन्. आहांउप्रान्त जो सुनियेला पछि विन्ति गरी पठाउँला. मुरलीधर तेवारीकी जेठी बुहारी षसिन्. आसौचले आजकल आउंदैनन्. विज्ञेषु किमधिक मिति द्वितीय श्रावण वदि २ रोज १ सम्वत् १८८२ साल मोकाम कलकत्ता तुलावाजार शुभम् – – – – – – – – – – – – –

–०–

नं. १८९

स्वस्ति श्री सर्वोपमाजोग्येत्यादि सकलगुणगरिष्ट राजभारोद्धारणसामर्थ श्री श्री श्री जनरल साहव भीमसेन थापा महासयेषु – – – – ईत आज्ञाकारि देवऋषि उपाध्याको वेदोक्त सुभाशीर्वादपूर्वक पत्रमिदम्. ईत नीक ताहा चरणारवृन्दकुशल मंगल भया हाम्रो प्रतिपाल होला आगे आहांको समाचार भलो छ. उप्रान्त देसावरका हालसुरतका अर्थ यैंगुका ईलाकाको अराकान सहर प्रुम सहर सव जमिन् अंग्रेजको अमल दषल वेसै गरि भयो. षुद ब्रह्माका मुलुकमा पनि अंरेजहरू वढ्दाजान्छन् ब्रह्माहरू भाग्दाजान्छन्. गाह सहर दषल गर्नु मात्रै छ सोहवानहरू षुसि छन्. आश्विन कातिकतक सव दषल हुन्छ भन्या कुरा आजकाल आहापुढो सुनीन्छन्. भरथपुरतीरको हालसुरत पनी पछि उतीरवाट आउन्याहरूसग बुऊदा राजा रणधीरसिं मर्दा उनका छोरा दुर्जनसाल वालष थिया गद्दिनसिन हुन सकेनथ्या. मामा वलदेवसिंह भया. आज दुर्जनसालले फौजकसि गरि जवर्दस्तिसग गद्दिनसिन हुदा केही मानिस पनी मारिया वलदेवसिका कारिन्दाहरू अष्तर्लोनी साहवसग गै अंरेजको लस्कर उठाई राज वलदेवसिको हुन्छ भन्या कुरा अंरेजहरूले गर्दा हामि आपस्का कुरामा तिमिलाई तरफदारि चाहिन्या होईन. तक्रार वढाउनु छ भन्या म पनी तयार छु भनि दुर्जनसालले भन्दा पूर्वको हंगमा विचार गरि साहवानहरूले मुषको लोलोपोतो गरि फौज जाहाताहा विदा गर्‍या. भरथपुरवालाले रुपैया दियाको होइन भन्या कुरा आजकाल सुनिन्छन्. नरजित्सीं पनि वढ्याको छैन. तयारी छ भन्या कुरा उत्तिकै सुनिन्छन्. उन्को मानिस् टेकारितिर गयाको पटनामा आइरहेछ. उ पनि फेरि हामिसंग आयाको छैन हामि पनि गर्‍यौंन. आया आज्ञावमोजिम जवाप दीयला. सुन्याको कची पक्की षवर वींती गरि पठाईन्छ. अप्सर पन्याको छीमा गर्‍याजाला. छीटहरू पनि १५।१६ दीनमा तयार हुन्छन्. वर्सादको मोसम छ आज्ञा आई चलान् गरियला. उप्रान्त म देसावरमा थियां चरणारवृन्दवाट नीगाह राषि विर्ता वक्सनुभयाको छ सोही नीगाह राषि साध लाइवक्सनुभया प्रतिपाल हुन्याछ ईती सम्वत् १८८२ साल मिति श्रावण वदि ६ रोज ४ मुकाम पटना सुभम् – – –

नं. ३४

अर्जि – – – – – – – – – – – – – – – – – – –

उप्रान्त हजुरके येकवालसे सेवक अछि तरहसे है हजुरका मिजाज मोवारका षैर आफि अत रातदिन ··१···से चाहते मनेत रहत है आगे ईहाका हाल अैसा है के मी. कार्तिक सुदि १५ रोज १ को धुवांका जहाज २ वोर १ पीनीस् सोनामुषी वोर १ पीनिस् वोर १ षेलना ज्मा ५ पीनीस जहाज वगैरह प्रताट साहेव पहर दिन वांकि रहे पटना पौचे लाट साहेव धुवांके जहाजप्रसे उतरके डालि साहेवके कोठिमे ग्ये इहां अव २।३ दिन दानापुरमे रहना होगा जो अव हालसुरत उनका होगा चरणमे येतलाय करेगा आगे लाट साहेव कलकत्तासे पटना १५ दिनमे पौचे सो विस्तार चरणमे जाहिर होगा आगे तफजजुल षांवो विन वजानेवालेका षाहीस बडा चरणमे आनेका है तीसका अर्जि पहले ईसके चरणमे येतलाय कीया है जवाव वक्सजाये सर अपसर सेवकका माफ फुर्माया जायगा

अग्यांकारि नीमक पर्वदे सालिग्रामसिका आदाव् वंदगि हजुरमे गुजरे ईति संवत् १८८७ साल मी कार्तिक सुदि १५ रोज १ मोकाम पटना शुभम्–

–०–

नं. ५०

अर्जि – – – – – – – – – – – – – – – – – –

उप्रान्त सुव्वा वाहादुर साहिका भाई अचलधोज साहि

श्रीनगरका रजौटासग थिया वाहां छोडि डडेल्धुरा आइ-रह्याछन्. तहां चरणलाई अर्जि लेषि चह्राई पठाईराष्या-छन्. ईनको हेतु चरणमा भालु हुन्यैछ. वांकि यो साल आउन्या वडोसाहेव भर्तपुरलगायेत् पाहाडतक्का सवै साहे-वलाई छिकि डिल्लीमा कौसल वाधि आफु लुध्यानामा गैर-हेछ गरे. सिहतरफको सर्दार आलुवाले तिस् ३० हजार घोडिको मालिक सिंहदेषी फुटि अंरेजसग आयाको त्यो सर्दार पनि तेसै लुध्यानामा छगरे. तस्ले सिंहतरफको उद्देग देषाउदा सो मंजुर अंरेजले गर्छ कि अन्यत्र जगातरफको काम गर्छ लडाईको काम त मंसिरदेषि पुढो तहकित गर्छ भन्या गलवा सुनिन्छ. यो कुरा ताहां चरणमा जाहेरै होला. सर्वत्रको चौकोसि मजगुति ज्यादा राषनु हुंदा र गारंसगको गरिष्ट पाठ सदाकालै राषनुभैरहेछ र भयाको मुलुक साबुद रहिरहेछ. बुझ्याको विन्ति गुपत पाठले हुन्छ कि प्रगास पाठले हुन्छ. सिंहतरफ पनि १ जोलि ताहा चरणमा प्रतित पऱ्याका आदमी आफ्ना तरफदेषि पठाउनुभया ५।७ हजार रुपैया षर्च लाग्छ त पनि त्यो लाग्याको षर्च कोहि दिन्मा काम लाग्ला कि. येस् कुरामा कसैको भरभोरसा ताहा चरणलाई छैन ई सर्व गल्कट्टा मात्रै हुं. तैपनि कौसलिया-हरू कोहि छन् भन्या येस् कुराको उद्विग कौसमा ज्या ठहर्छ वालषपरको उद्वेगले काम लागला भन्या हेतुले यो कुरा विति चह्रायाको हो. गोदको वालष दाषिल छु. सर अपसर माफ भया चाहिन्छ. वाकि मेरा निज कुराका अर्थ-कन सिद्ध तपसिहरू सदाकालै निराहारै रहंन्छन् भन्या काहुत् पुनिन्थ्यो सो मैले विहोर्नुपऱ्यो १३ वर्ष ढाक्चा भयाको भयो ताहाबाट वक्सि पठायाको षर्च १ विरले लक्ष वीरसग सकिन र निर्धाको साई श्रीदैवै भन्छन् ताहिका चरणैवाटको डाडू गिरी तगेदा भया मात्रै षान पाउन्या छु. पानि सामल षाई यो साल पनि किल्लैका काजमा लाग्याकै छु. जो मेहेर सो सहि. ईति सम्वत् १८८५ साल मिति आषाड वदि ११ रोज १ मुकाम डडेलधुरा सुभम् — — —

ईतः कर्णविर अधिकारिको कोटी ३ सेवा — —

—०—

नं. ९९

स्वस्ति श्री सर्वोपमाजोग्येत्यादी सकलगुणगरिष्ठ राज-भारोद्धारणसामर्थ श्री श्री श्री जनरल साहेव भीमसेन थापाका चरणतल इत श्रीरणदल पाडे श्री दरियावसिंह वस्न्यातको पाइलागु सेवा इत निक ताहा चरण सदा कुसल मंगल भया हाम्रो प्रतिपाल होला आगे आहांको समाचार भलो छ उप्रान्त लाहुरसंम षवर बुझ्न पठायाका मानिस-हरू आईपुग्या. उनिहरूले पाया सुन्याको समाचारको विजि-निस् र लमजुङको धर्मिन्यागाउं वस्न्या वनमालि पंथ रंजि-त्सिको गोर्षाली पल्टन्मा सुवेदार भयाका रह्याछन्. वन-माली पंथसित भेट भयेछ र तिमीहरू काहावाट आयौ भनि सोध्यायाछन्. फलाना जगावाट आयाका हुं भनि आहांवाट जान्याहरूले भन्याछन र वनमाली पंथले मलाई चिठि लेष्याको रहेछ उ चिठिसमेत चह्राइपठायाको छ चरणमा पुग्ला. समाचारको विजनिस्मा वडा वडा मानिसहरूले भन्याको समाचार.....सुवेदार ज्मादार षाल्सा महाजन् जीमिदारहरूले कस्ताको समाचार हो कोहि कुरा साचो झुटो होला यो तजविज चरणवाट हुन्याछ इति सम्वत् १८८३ साल मिति पौष वदि ११ रोज ३ मुकाम डडेल-धुरा सुभम्

—०—

नं. २५८

श्रीदुर्गायै नमः ।

स्वस्ति श्री सर्वोपमानोपमेयशौर्योदार्यादि तकलसद्गुण-गणालंकृतराजिराजित राजभारोद्धरणसामर्थ्य श्रीश्रीश्रीश्री-श्रीमत् कम्यान्डर इन्चीफ जनरल साहब भीमसेन थापाजीक योग्येषु । इतः बालाशंकरस्य सशस्त्राशीर्वादपूर्वक पत्रमि-दम् । अत्र कुशलं तत्रभवतां सर्वाङ्गेषु कुशलं वांछामि । अग्रे वृन्तान्तम् । असी महीने २ का हुवा । मेरी अर्जी सर्कारके चरणोमे नही पहुंची । गरीब पर्वर गेरै । सबब इसका ये है । बन्दा अपने छोटे भाइकी शादी कर्नेके वास्ते पटियालेमे गयाहुवा था । सो सर्कार्के इकवालसे । बखूबी शादी कर्के दिल्लीमे हाजिर हुवा हूं । ज्येष्ट वदी ४ रोज मे । वैद्यराज एककृष्नजी दिल्लीके डेरे दाखिल हुवे । वारह रोज मुकाम किया । मगर दिल्लीमे नहीं आए । दिल्लीके बाहर वागमे डेरा किया था । सो दिल्लीमे जो कामका बिलबन षानेकी थी उसका सरंजाम कर्के ज्येष्ट सुदि

अतिपदा रोजमे दिल्लीसे कूंच कर्के लाहोरको गए । आजतलक चिठी लाहोरसे कोई आई नही है । वास्ते इतिलाहके अरज रखता हूं । बन्दा सर्कारके चरणोसे बहोत पर्वर्शका उम्मैदवार है । जो कार खिजमत मेरे लायक होय सो । सर्कार्से आज्ञा होती रहे । तो मेरे हक्कमे बेहेतर है । पर्चा अखबारका मैने अर्जीके साथ भेजा है सो सर्कारमे पहोचता है । सं. १८९३ द्वि आषाढ वदी १० रोज ६

अर्जी बालाशंकर ब्राह्मणकी ।।

—।—

नं. २७३

अर्जी — — — — — — — — — — — —

उप्रान्त गान्दुकमा लाप्चा र भोटया दुइथर आफुसमा नमिलि दुईथरको ठगरा हुंदा भोठघापट्टिवाट ठिल्ला भन्याका लाप्चालाई काटिदिदा रयत् रयत्मा पनि लाप्चापट्टि एकतरफ भोटयापट्टि एकतरफ भै लाप्चाहरू सवै जोरिई एक दिनको वाटो वर आई वसी रह्याछन् भोटयाको लाग्यो भन्या हामि लाप्चाहरूलाई एउटा पनि राख्याछैन हाम्रा वलले पुगेन तिमीहरू वल देउ भनि काजि येक्लाथुप्को भाई येक्जिरुंलाई सुषीममा वस्न्या लाप्चालामाहरूले तिन् चिठि लेष्याको रहेछ गान्दुगमा आफुस्मा ठुलो ठगरा भयेछ अव लाप्चाहरू सुषीमका मुलुकमा रहन कठीन छ समझ्ह विहायापछि आफुले भन्या जस्तो भयेन भन्या सवै लाप्चा धर्माका मुलुकमा जानान् भन्या जस्तो छ मलाई आयाका चिठि इनै हुन् भनी येक्जिरुंले चिठी देषाउन आयो । भोटया अक्षरका चिठि रह्याछन् चिठि ताहा चरन्मा चह्राई पठायाको छ तेहि चिठिले विस्तार जाहेर होला अव उप्रान्त बुझि जो पायाको खवर लेषि चह्राई पठाउदै गरुला ज्यादा वया लेखौं सर अप्सर माफ गर्न्याजाला ईति सम्वत् १८९० साल मिति भाद्र अधिक वदि ५ रोज ४ मुकाम ईलाम गढि शुभम् — — — — — — — —

लप्टेन हेमदल थापाको कोटि कोटि सेवा — — —

—।—

नं. १३३

स्वस्ति श्रीसर्वोपमाजोग्येत्यादि सकलगुणगरिष्ट राजभारासामर्थ श्री ३ लेफ्टेन भवानिभक्तसि षतृकेषु ईत लोकरमन ऊपाध्याय देवरिषि ऊपाध्याय ज्मादार नाहारसि थापा सालिग्रामसिका सुभासीर्वाद सलामपूर्वक पत्रमिदम् ईहां कुसल छ ताहा तपाईको कुसलमंगल चाहीन्छ आगे यांहाको समाचार भलो छ उप्रान्त डि ..... न्या गौस महमद षां महता रा .....पुतलीको नाच वेस छैन भन्दा रह्याछन् अंरेजहरू हीन्दुस्तानिको कसैको नाच हेर्दैनन् ईनीहरूलाई वोलाई वोलाईकन नाच गराउछन् ईनको हामीहरूले पनि देष्यौं गोराको पल्टन् जम्न्या तोप्को सलक् गर्न्या अषवर बादसाहको मजीलीस जम्न्या सव् ज्यानवरको नकल् गर्न्या वहुतै वढिया गर्दा रह्याछन् । याहांका साहेवान लोग मीर उम्रा वहुत् येस् नाचको वहुत तारिफ गर्छन् नेपाल जान्छौं भन्या र हामिले पनि सल्लाह दियौं ईनलाई नेपाल पुग्न्या काम गरिदिनुभया वढिया हुन्या छ सो तपाईवाट गर्नैहुन्याछ वीज्ञेषु कीमधीक मिति माघ वदि ७ रोज ३ सम्वत् १८८८ साल मुकाम पटना सुभम् — — — —

—।—

नं. २५७

श्री चौतरिया

५

स्वस्ति श्री सर्वोपमा जोग्यत्यादि सकलगुनगरिष्ठ राज भारोद्धारणसामर्थ श्री श्री श्री जनरल भीमसेन थापा महाशयषु ईत श्रीकीर्तिध्वज पांडेको पाईलागु सतम् पूर्वक पत्रमिदम् ईत नीक ताहां कुशलमंगल सदासर्वदा चाहिय आगे याहांको समाचार भलो छ भाद्र सुदि ३ रोज ६ का दिन लेषी पठाईदिनुभयाको सिक्ष्यापत्र आश्विन वदि २ रोज ६ का दिन आइपुग्यो विस्तार बुझी सिर चह्राया उप्रान्त मनिराम विष्ट साह्रै दुष्यो र भदौका ८ दिन जादाको सायत्मा जान सकेन अव पनि मनिराम विष्ट भन्या जान सक्न्या ढवल छैन डोली चढि सिलगढी गैरहेछ मनिराम विष्टको भाई भान्देउ विष्ट र फेंतु साउन जान्या सल्लाह भैरहेछ फेतु साउनलाई ठिकाई पठायाको हो याहां डंडेल—

घुरा आईपुग्यो भरैभोलि सिलगढी जान्छ इनिहरूका हिन्न्या वस्न्याको ठेगाना भै हिड्यापछि विस्तार विन्ति गरी पठाउन्या काम गरुला बोध्या पंडालका कुरालाई पनी आज्ञा आयाबमोजिम हरिदत्त भट्ट र वोध्या पंडाललाई जोरी कुरा सुझ लागीरह्याछौं ईन्का कुरा यांहां छिनिन्या रह्याछ भन्या छिनी विस्तार विन्ति गरी पठाउला छिन्न सकिन्या रहेनछ भन्या जौरि ताहिं पठाई दिन्या काम गरौंला मेरा अर्थलाई र तपाईंका गोदका वालष हुं आज्ञादेषि वाहिक छैन आग्यैबमोजिमको काम गरुला लाठ वस्याका ठाउमा भयो लाहुर तरफ भयो आफ्ना प्रतीतको मानिस पठाई रणजितसिंको र लाठको कसो कसो भयो त्यो षवरसमेत बुझि लेषि पठाउन्या काम भया बढिया होला भनी आग्या आयछ आग्याबमोजिम आफना प्रतीतको मानिस पनी षटाई पठाउन्या काम गरुला अधि किर्तसिंले त्यो षवर ल्याउंदा र पछि ज्मादार जुद्धविर थापाका छोरा पाल्पा पल्टनमा अमल्दार भयाको रहेछ प्रयागका मेलामा गयाका रह्याछन् उतैबाट मथुरा डिल्लिको बाटो गरि लाहुर पुग्याका रह्याछन् तस्तै वेलामा लाठहरूले रणजितसिंछेउ वैठन् साहेव डाकदर साहेव मेजर साहेव तिन साहेब वकील पठायाका रह्याछन् तिन्का भेटघाट हुंदा रणजितसिंले गर्‍याका ठांट् घोडाका सवारका पोसाक २।३ हजारको लालैलाल २।३ हजारको वसंतिवसंती २।३ हजारको सपेतैसपेत २।३ हजारको स्याहैस्याह २।३ हजारको सवुजैसवुज यस्तै गरि रंरंको पोसाक र घोडालाई उस्तै पोसाक गरि भारि असवाफसित भेटघाट गर्‍या सरसौगादको भन्या हामिलाई थाह भयन भन्न्या षवर ल्याउदा अंगरेजको र सिहको आजसंम भन्या मिलापै देषिन्छ तर पनि लाठ सिमल्यामा गै अडिरहेछ घा कटक भन्याको संगसंगै हुन्छ तिनहरूको क्या क्या डवल रहेछ सो षवर बुझि ल्याउनु भनी मैले पनी मानिस पठायाको छ फिर्‍याका छैनन् फिर्‍यापछि जो षवर ल्याउनन् विस्तार विन्ती गरी पठाउला बाँकी गौंडा गौंडाको पल्टन कंपनीका हाजिरलाई सर्दार सत्रुभन्जन साहीको नाउमा लालमोहर आउदा सो लालमोहर लि ...१... वक्स कंपनीका ज्मादार २ वहिदार २ हुद्दा सिपाही जना १६।१८ आयाका रह्याछन् ...२... पल्टनका ८८ सालमा षोसि पर्जनि नहुंदा ढाक्घा भन्या १६ जना रह्या षानगि भन्या ६ रह्या पजनी छैन घरघर जाउ भनि ढाक्घाहरूलाई सुनाईदीनु भनी सुवेदार ज्मादारहरूलाई अह्राईदियां र उनले पनी सो माफिक सुनाईदियाछन् सुनाउदा ...३... का गौंडा जानी तपाईका नाउ सुनी आयांथ्यु विदा वक्सनुभयो त घर क्या नाषले जाउ योटा राहादानी गरीदिनू भन्या तिर्थ गर्न जादा हुं भनी ढाक्घाहरूले भन्या गौंडामा आयाका सिपाहीहरूलाई राहदानी दिन पनी सकिन्दैन षानगिले भन्या पुग्दैन अब तिमिहरू क्या भन्छौ भनि सोद्धा जस्ता तरहले हुन्छ हाम्रो पालना हवस् भनी भन्या उसोभया षानगि भन्या फुट्न्याछैन २ मिलि १ षानगि षान्छौं पल्टनका टहलमा पालासित १ जनाले रहन्छौ १ जनाले आफनु काजकाम गरौंला भन्छौ भन्या त्यो षानगिले नपुग्याका चार जनालाई मेरा षानगिमध्ये ४ षेत र देसदेसमा षवर बुझन जानपर्‍यो भन्या मैह्राको डेढ डेढ रुपयां थपिदीउला षवर बुझन जानुपर्न्या अरू ...४... काज पर्‍यो भन्या सवैले सामेल हुनुपर्ला क्या भन्छौ भन्दा कवोल गर्छौं भन्या र १२ जनालाई ६ षानगिमा मिलाई नपुग्याका चार जनालाई मेरा षानगिमध्ये दि रैवन्दीबमोजिमका पगरी हुद्दा सिपाही लाजिमा गैह्र जवान परैट्मा लयन षडा गरी लयनदेषि वाहिक ६ षानगिमा मिलायाका भाई छ जना हुन् मेरा षानगिमध्ये राष्याका ई चार जना हुन् भनी जनाई अरू लयनका सिपाही षसोषास हाजिर दि कोतमा रह्याका षर्षजाना असवापस्मेतको फर्द उतारि हाजिर लिन आउन्या ज्मादार वहिदार हुद्दा सिपाहीलाई बुझाईदियाको छ तेस्मा रैवन्दीवमोजिमका नालको षानगि दवाई षायाको छ भनी कालकला हामीलाई कसैले कायल गरायो भन्या दवाई षायाको दुना तिरौंला भनी श्रेस्ताको कागत लेषिदियाको छ विस्तार उनैहरूबाट जाहेर होला आफुले षायाको छैन षाईन्या पनी छैन गौंडामा आयाका सिपाही थामनुपर्दा सर्दार सुवेदार अरू पगरी सवासयको सल्लासित षानगि नफोरी भाई मिलाई सिपाही थामन्या काम गर्‍याको छ सो विस्तार ...५... साहेवका हजुरमा पनी जाहेरै छ तेस्ता जानअजान माफ भयाजाला यांहाका षैषवरका अर्थलाई सुब्बा चतुर्भुज मल्ल कुमाउ गयाको .. ५... साहेवका चिठिवाट मालुम भयोहो अरू षवर आजकाल जथास्थितै छ अब उप्रान्त जो पाया सुन्याको विन्ति गरी पठाउदै गर्न्याछु आफनु कुसल क्षैम र सिक्ष्यापत्र आउदै रह्या सिक्ष्यामाफिक्को काम गरुला विज्ञषु किमधिकं ईति सम्वत् १८८८ साल मिति आश्विन वदी ६ रोज ३ मुकाम डंडेलधुरा शुभम् — — — —

—०—

नं. ३८०

स्वस्ति श्री सर्वोपमाजोग्यत्यादि सकलगुणगरिष्ट राजभारोद्धारणषड्गग्राहिकसामर्थ श्रीश्रीश्रीश्रीश्री दाज्यू जनरल भीमसेन थापाका चरणतल ईत श्री रणबीरसिंह थापाको साष्टांग दंडवत् कोटिकोटि सेवासेवापूर्वक पत्रमिदम् चरणका आसिर्वादले याहां नीक तांहां पाछ कुल आनन्दमंगलचरणारधीर हुनुभया हाम्रो सब वातको प्रतिपाल ऊद्धार होला आगे यांहांको समाचार भलो छ ऊप्रान्त तुलसीपुऱ्याको र भृंगाको अधि पनि तकार पऱ्यैको थियो पछि यहि लाग्दा असारमा दुवैको लडाई भयछ भृंगाले तुलसीपुऱ्याकी कप्तान निहालसि १ सुवेदार ३ सिपाही ५०।६० जना मान्यो। तोप ३ र गेगलिको गढिसमेत लियो भृंगाले जित्यो तुलसिपुऱ्याले हान्यो भन्या समाचार ल्याया र हो होईन निस्तुक बुझ्न पठायाको छ आउन्याबित्तिकै बिन्ति गरि पठाऊला अच्यालभोलि मानिसहरूले हौराहा गऱ्याको सुन्दा ऊदेक लाग्छ यांहांको कुरा ताहां ताहांको कुरा यांहां नभएको मनपरि कुरा हौराहा उडाई हिड्दछन् नजान्या मानिसहरूलाइ त सांचो हो भन्या पार्छन् विग्यचरणेषु ईति सम्वत् १८९१ साल आषाढ वदि ११ रोज ४ मुकाम पाल्पा तानसि शुभम् – – – – – – – – – –

—०—

नं. १६१

अजि – – – – – – – – – –

उप्रान्त मेटकलफ साहेव गवरनर ईलाहावादके षुस्किके रास्ते हजारिवाग होते ईलाहावाद गये ४।५ रोजमो ईलाहावाद पहुचेगे १ तारिष फरवरिको ईलाहावादमो वडा षाना साहवान लोगोका वो वडि रोसनि तैयारि नाचत्मासा वो अमिरउमरावोका हाजरि मुलाजमत होगा वो उसि रोजसो ईजलास भि करेगै आगे राजा रनजितसिंहका नाति षेसौरके लडाईमो षेत आया राजा भि उसितर्फको गये अैसा षवर सुन्नेमो आता है पिछेसो जो हाल होगा येतलाये करेगा आगे श्री लोकरमण उपाध्याय जिनों साहेव कलक्टरका मुलाकातको गये साहेव मजकुरने वडि षात्रीदारीसे मुलाकात किया षैषवर पुछा आवोर साहेव मजकुरने हजुरके सीलसिला सलतनत वन्दोवस्त गैरहका वडा तारिफे करने लगेवो कहने लगेके श्रीजनरल साहेव अैसा दानाइ वन्दोवस्त करनेवाला सरदार हिन्दुस्तानमो दुसरा कोई नहि है हमारे विलायतमो पादसाहके हजुरमो तारिफ होता है उपाध्याजिने भी उसिमोताविक चरणका तारिफे सब बयान किया गुलाम भि साथै था आगे गुलामके षानगिका कुछ सर्फेन फुर्मायागया श्री पंचमि भि आपहुचा अब गुलामको हजुरके चरणसो सवाल उमैदईह हैके देवोरिषि उपाध्याका खानगि गुलामको वक्साजायेके गुलाम अपने हक मतलवको पहुचे आगे गुलाम षाबिन्दके येकवालसो जैसा कामकाज पैरषाहिसाथ कर्ता है वो जिस लायेकका है सब हाल ईहांका श्रीमुषिया गंगादत पाध्याजि वो षरिदारजि वो डिट्टाजिसो रोसन होगा सर अपसर गुलामका छिमा माफ फुर्मायाजागा हजुर षाबिन्द मातापिता अन्नदाता है ईति सम्वत् १८९१ साल मी माघ वदि ८ रोज ६ मोकाम पटना शुभम्– —

ईत अग्याकारि सदा सेवक गुलाम सालिग्रामका
कोटि कोटि सेवा सलाम चरणमो गुजरे शुभम्–

—०—

नं. २४

हाति ६ चांदिका हौदासमेत कार्चुपि ऊल घोडाको रथ १ कार्चुपि काम गऱ्याका १०१ घोडालाई चांदिका हैकल जति रकम कपरा उति रकम एक सये एक जति भाडा दिया सुनका फिकदानिसमेत सुनका दिया यो सब रकम हाथिसमेत आफ्ना हवेलिदेषि बाहिर फिजिदिया चारैतर्फ सिपाहि राषिदिया घोडाप्रमृति सब वाहिर राष्या र दुनियांलाई देषाया फेरि नोनिहाल सिलाई भन्या यो सब कार्षाना मैले हजुरलाई चह्रायां भन्या नौनिहाल सिंले आफ्ना मानिसलाई उठाऊ भन्या र स्यामसिंले भन्या दिनत मैले हजुरलाई चह्रायां तर रणजितसिंले नदेषि नउठाउ भन्या उठाउन दियेनन् फेरि रंजितसिं र लाठसाहपसंग भवारि भै सर्दार स्यामसिंले दियाका ,घटिभर हाति थामि रंजितसिंले लाठलाई देषाया लाठले देष्या र मुषमा अउंलो हालि लाठ गयो तसअर्थ स्यामसिंको बहुत वडाई भयो सवैले आचर्य मान्या एतिको दौलथ दिष्याछ र छोरिलाई पालकिमा चह्राई अनमाई दियो र नौनिहालसिं तिनै रानिलाई

लि अम्वर सहर फिऱ्या रंजितसिंप्रमृति सव सर्दारहरू र फिरंगि लाहुर उतैबाट गया म पनि अर्जि लेषनानिमित्त अम्वर सहर फिरिआयां अब लाहुर जान्छु फिरंगिको विदाई हुनं बांकि सब विस्तार चरणमा आई गरुला मैले षांडै आउनपर्छ कि २।४ मैन्हा वस्नु जो आज्ञा आउंछ सो गरुला ज्ञानाजान माफ ईति संवत् १८९३ साल मिति फागुण सुदि ५ रोज ७ मोकाम अम्वर सहर आलुवालेके कठेरे शुभम् – – – – – – – – – –

केसरसिं राउको सलाम सतम्

–०–

नं. ४३

श्री ५ सर्कार

१

अर्जि – – – – – – – – – –

उप्रान्त माघ सुदि ५ रोज ६ का दिन ३ घडि दिन चढे कुम्भ लगन्मे ईहां भुमिकप् हुवा आगे साहवलोगोंके जुवानि येह मालुम हुवाके अंगरेजि जौनके महिनामो लाटसाहव कलकतासौं ईसतरफ पछांके मुलुक गीरि सैर वास्ते आवैंगे आगे डिल्लिके वादसाहके पोता हाजीमीर्जाका दरवक्स डौल्लिसो ईहां पटनामो आयेहैं ईनके साथ २००० आदमी और हाथि घोडा ग्रैह साथमो है सेवकको २ दफे अपना मौषतेयार भेजके वुलाया सेवक तव लाचार होके उनके ईहां गया उनहनेने कहाके हम नेपाल जाने वास्ते डिल्लीसो ईहांतक आयेहैं सो हमारा सोगात चीटि अपने...१... मो लुम भेजदेवो सेवकने कहाके हम वगैर हुकुम ...१... के भेजने नसक्तेहैं तव उन्होने कहाके हमारा षाली चौटि भेजके जवाव भगवायेदो तव सेवक लाचार होके ...१... के ईहांका पत्र जानके ईसी अर्जिसाथ चढाये पठायांहै गुजरेगा ईस पत्रका जवाव जल्दि षांवन्दि फुर्माके वक्साजायेके गुलाम उनको देदे आगे सेवकका दर्माहा २ सालका अवतक वक्सीस नफुर्मायागया गुलाम वहुत दिग्दार होरहाहै षांवन्दि फुर्माके दोनो सालका दर्माहा वक्साजायेके गुलाम हकको पहुचै सर अपसर सेवकका छिमा माप फुर्मायाजागा मी. माघ सुदि ७ रोज १ सं. १८९३ साल शुभम् – – –

इत अग्याकारि सेवक सालिग्रामका कोटि कोटि सेवा सलाम जुनावमो गुजरे शुभम् – – –

–०–

नं. ४१५

श्री ५ सर्कार

१

। खवर दिल्लीकी । हजूर जहापना वादशाह । वदस्तुर । विचवुतव साहवके तशरीफ रखते हैं । हजूरकी तवियत ज्यादा विमार होनेके सववसे । वलीअहेदके नौकरोंमेसे कोही आदमीने तामस साहव रयीडंटसे कहेदिया । वादशाहके मरनेको खवर आगई है । किलेमे वलीअहेदका वन्दोवस्त होजाये तो वेहतर है । येह वात सुनके तामस साहवने मेघजीनखानेमे हुकुम भेजा । एक सौ कई कार्तूस वास्ते शलखके मेघजीनखानेसे आगए । तामस साहवने कुतव साहव जानेका इरायदा किया । इस अर्जेमे खवर आई वादशाहकी तवियत वहोत अच्चीतरांसे है । येह खवर वादशाहको पहोंची । हजूरने तामस साहवके नाम सुक्का भेजा । जो आदमी हरामजादोंने येह वात उडादियाथा उनको सजा होवे । दूसरे रोज मिर्जा जमाशाह मिर्जा फीरोजशाह वेटे मिर्जा सलीमके दर्वारमे हाजिर हुवे । हजूरके मिजाजकी खवर पूछी । हुजूरने फर्माया । दोनो तुम आपसमे विगाड रखतेहो येह वात अच्छी नहीं है । हुजूरने दोनो साहवजादोंका मिलाप करवाकर गले मिलादिया । लेंलीसाहव शाशन जज वास्ते दौरेको कूंच कर गए । राजा कलियानसिंह किशनगढवालेने खत ईस मजमूनका मटकल साहवके नाम अकवराबाद भेजाथा । दो चपडासी मेरे तईनाथ राजीडंटीसे रहतेथे । चंद रोजसे चपडासी २ को तामस साहवने वुलालियाहै । खतका जुवावमे लिखा आया । अगर तुमको चपडासी रखनेमे मंजूर है तो चपडास अपने नामकी खुदवालो । सर्कारसे चपडासी तुम्हे नही मिलनेके । राजाके वकीलने तामस साहव रजीडंटसे अर्ज किया मेरे मवक्किल किशनगढको जाना चाहता है । दरवाजेपर हुकुम होजाय । साहवने दरवाजेपर हुकुम भेजदिया । नाभे कैशलवालेके वकीलोंने अर्ज किया ५० रुपैका गोटा किनारी जाता है । माफी महसूलका पर्वाना इनायत होवे । पर्वाना मिलगया । जैषुर जोधपुरकी खवर वदस्तूर है ।

अखबार जैपुरका रोजरोज आता है। मगर कोई बात लिखनेके काबिल नही होती। अजीटन जितमानसिंह दिल्लीसे आगरा तीन रोज मुकाम किये आज रोजमे जैपुरके तरफ तीर्थयात्रा करनेको जायंगे। वास्ते इतिलाहके अर्ज रखता हूं। आज रोजमे अजीटनने अर्जी साहबके चरणोमे भेजी है। उसके पहोचमेसे हाल मुफासिल साहबके मुलाहमे गुजरेगा। जींदवाली रानी साहब कौरने कई अर्जी अपनी इस मजमूनकी भेजी है। सर्दार सरूपसिहको जो आपने जींदमे मुखत्यार करके बैठाया है इसके बैठनेसे हमारी कमाल बर्बादी है। बहोतसी तकलीफ हमे देता है। हुकुम हुवा जो तुमको अर्ज मारूज करना होवे सो अंबालेके साहबसे अर्ज करो। हम तुम्हारे मुकद्दमेमे कुछ हुकुम नहीं देसकते है। खबर लखनउकी। नवाब नसीरुद्दीन हैदरका बेटा मुन्नाजान और बादशाह बेगम याने गाजुद्दीन हैदरको जोरू दोनोके कैद करके लखनऊके रजीडंटने चार कंपनी दो तोप साथ देके इलाहाबादमे भेजदिया। नसीरुद्दौला लखनऊको सलतनतके तख्तनशीन हुवे। येह सिक्का जारी हुवा। जिजू दो करम सिक्के जदू दर्जमा। महम्मद अली बादशाहे जहां। दिल्लीमे कोई आदमीकी जुबानी सुन्नेमे आया है। चार पैल्टन गोर्खालीको महाराज लाहोरवालेने ...१... से भगवाई है। सं. १८९६ श्रावण वदि ११ रोज

—०—

न. ४४६

उप्रान्त भेट मुलाकात हुदा भयाको विस्तार मेचि सिद्धिका दोभानदेखि अलिकमाथिसंम हेर्न गयौं भन्या विस्तार श्री जनरललाई माघ वदि ८ रोज १ मा लेषि पठायाथीउ वाहिरबाट जाहेर भयोहो धार हेरि फेरि नागसर वाडि नागलवन्दा आई दुई दिन वातचित गर्दा अघिल्ला दिन कुरा गर्दा कागतमा लेख्याको नक्सा साहेवले निकालि पानि पनि पश्चिमतिरका नदिमा धेर छ सिवानाका नक्सामा जर्द लकिर पनि पश्चिमतिरका नदिमा देषिन्छ भन्दा हामीहरूबाट दोतरफि मानिस राषि षैचियाको सिवानाको नक्सा पनि होईन सुषिमतरफका मानिस आफ्ना तरफवाट साहेवले साथ ल्यायाको हुदोहो सुषीमका मानिसले सिद्धिलाई मेचि भनि हुन सक्तैन मेचि पूर्वपट्टिको हो लडाई नभै अघि पनि मेचिपूर्व येकुन्दा काजिलाई छ आना तैले पानु दस आना नागरिमा ...१ कम्पनिका तैनाथ गरि बस्त्या भारादारलाई बुझाउनु भन्या जीमिदारिको मोहर तामापत्र भयाको थियो मेचिपश्चिम चयनपुरको तालुक थियो सिद्धिका र मेचिका बिचमा पनि कमोत वस्ति थियो तेस जगाको पैसा तहसिल गरि चयनपुरमा जान्थ्या तहसिल गर्न्या जीमिदार येक नगरि हो हाजिरै छ मेचि आज भयाको होईन अघिदेखि छदैछ मेचि पूर्वतिरको हो वेस गरि तजविज गर्न चाहिन्छ भनि हामिले भन्दा येक नगरिलाई डाकि दुई नदिका बिछमा वस्ति अधी थियो थियेन तैले तहसिल गर्याको हो होईन भनि साहेवले सबै कुरा सोद्धा मेचिका र सिद्धिका बिचमा चार पाच घर वस्ति पनि थियो तहसिल पनि मेरो थियो पैसा पनि चयनपुरमा दाषिल गर्थ्या पश्चिमपट्टिको सिद्धि हो मेचि पुर्वैपट्टिको हो भन्यो दुई नदिका बिचमा अघि वस्न्या मानिस कोहि छन् छैनन् भनि सोद्धा दुई जना छन येक जना यांहा आयाको छ येक जना पाहाडमा छ भन्दा यांहा आयाकालाई भोलि लि आउनु पाहाडमा रह्याकालाई लिन पठाउनु भन्या कुरा गर्‍यो र भोलिपल्ट हामिहेरू तीनै जना गै जङ्गो लापचा ८५।९० वर्षको रहेछ उसलाई लगि कुरा सोद्धा दुई नदिका वारि पनि वसिउ पारि पनि वसिउ कमोत बिचमा गर्दै थियौं बिचमा पनि बस्या थिउ तेस जगामा साठि वर्ष वस्याको छु वन्तुडादेषि पूर्वतिरको मेचि हो पश्चिमतिरको सिद्धि हो भन्यो यो जवानवन्दि लेषि बुढालाई जा भनि पठाईदियो फेरि येक रगरिलाई डाकि येकुन्दा काजिलाई मेचिपूर्वको जीमिदारी हुदा वन्तु पाहाडका वस्तिको पैसा तहसिल गरि चयनपुरमा दाषिला गर्थ्या भन्या कुरा पोर किन जाहेर गरिनथिस् भनि कर्नेललाई उल्ले सोद्धा पोर जुन जुन कुरा सोध्याथेउ उ कुरो भन्याथ्या यो कुरो सोधेउन भनिन अैल्हे सोधेउ भन्या ई सवै कुरामा धर्म उठाउन सक्लास् भन्दा भयाको कुरामा किन सकैन धर्म उठाउन सक्छु भनि जवाफ दियो येती कुरा भैसकियापछि तिमेरूका गहुवाई अरु पनि छन् कि येतीकै हुन् भनि कर्नेलले हामिलाई भन्दा मेचि यो हो सिद्धि यो हो भनि जान्या छोटाबडा मानिस सवै जान्दछन् चाहिन्छ भन्या २।४ सय मानिस पनि ल्याइदिउला भनि हामीले भन्दा उसो भया वन्तुडाडाका पाहाडमा अघि वस्न्या दुई जनामध्येमा यांहा नआईपुग्याको लापच्या येक र अरु ४।५ जना छ दिनभित्रमा जति आईसक्छन् उनलाई ल्याउनु र सोधपुछ गरौला

भन्या कुरा गऱ्यो चाहिन्या मानिसहरूलाई झिकाईपठायाको छ आईपुग्यापछि उनलाई लगि जो जो कुरा होला विन्ति गरि पठाउला यसको अभिप्राय बुझ्दा भन्या दुईतरफका गहवाईका जवानबंदी लेषि याहां भयाको विस्तारको कागत सदरमा पठाई हुकुम नआई सिवाना फर्छा भन्या जस्तो ह्वल देषिदैन कागतपत्र सदरमा पठाई सदरबाट तजविज भै सिवाना रफा हुन्या ठहऱ्यो भन्या जो जो वातचित होला सो विन्ति लेषि चह्राई पठाउदै गरुला चाहिन्या कुराको सम्भार सर्षारबाट तजविज भै गरिवक्सनुहुन्यैछ हामिहरूबाट र जस्ताको तस्तो गरि हाम्रो चित्त बुझाई सिवाना रफा गर्न लाग्यो भन्या हामिहरू पनि सामेल भै गरौंला हाम्रा चित्त नबुझाइ आफुले भन्या जस्तो गरि सिवाना गर्न षोज्यो भन्या तेसमा हाम्रो चित्त बुझ्याको छैन भनि हुकुमबमोजिम फरक रहि भयाको विस्तार विन्ति लेषी चह्राई पठाउला अर्जीमा हरपमा कम ज्यादा पऱ्याको सर अपसर माफ गरिवक्स्याजाला ईति सम्वत १८९३ साल मिति माघ वदि १३ रोज ५ मोकाम मेचिको किनारा नागलवन्दा शुभम् – – – – – – – – –

सेवक लक्षबिर साहि, हेमदल थापाको कोटि कोटि साष्टाङ्ग डंडवत सेवा सेवा सेवा शुभचिन्तक फमावर्दार उदयानन्द पण्डितको वेदोक्त शुभ आसिर्वाद शुभम् – – – – – – – – – –

–।–

नं. ४७६

स्वस्ति श्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरदावली विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीश्रीश्रीमन्महाराजे राज राजेन्द्रविक्रम साहवहादुर समसेरजंग देवानां सदा समरविजयेषु लि. स्वस्ति श्रीचक्रनारायणेत्यादि विविधविरदावली विराजमान मानोन्नत श्रीमहाराजाधिराज श्रीमन्महाराज पृथ्वीपति सिंहवहादुरजीवदेवानांके सलाम आपुकै कुशल परमानन्द हमेसाकै चाही इहां कुसल आराम है मध्येदेश श्रीअयोध्यामण्डलमअसकुछु ... कै इछाकी मुशलमानकै राज वहुत कालसे है हम लोग पैसा दे अव ताई अछा निवहि आइ लेकिन हिन्दु औ मुशलमानकै द्वेष प्रसिद्ध औ एतद्देशके समीप नेपालसे सेवाइ आनकेउ राजा अस्तचक्रवर्ती नाहीकीजे हम लोगनकै षवरगिरि करै तेही वास्ते वहुत रोजसे लालसा रहा की नेपालमा पहुंचिकै आपुकै दर्शन करि औ आपुकै ख्यातिश्रावणसे चित्तके अतिहर्ष औ लालसा समागमकै तथापि संयोगवस सर्वकार्य होतहैसे यहि सालम एक जने लषनउसे इजारा लिषिकै वडी फौजसुद्धा आये से कइउ राजा कंछेककै सर्वस लूटि लिहिनि औ देससे षारिजकैदिलिनि औ हम लोगन्ह कंवलाई भेजिनि सेवोन्हकै अहवालश्रवणते सम्मतन परासे आपुके जावेके विचारयुक्त यहितरफ आयन्ह तहांविना इतिला आइव मुनासिव नजानिकै वांसीके राजमलठाके किनारे श्रीमहाराजाधिराज श्रीमन्महाराज चचासाहेव महाराज गुमानसिंहजीवदेवानां औ हम मुकाम कीन्ह औ देना हमार औ चचासाहेवकै जवन वंधा है तव नदेइकं तेआर हन्ह सेवन्हकं साफ षारिज कैदेइकं इरादासे आपुकै सववसे जो अपने देशपर यात्राकै संयोग लागैतो मध्यदेशम आपुकै वडा सुजस है औ जौ वोहि वार्तांकै किंचित्काल देर होइनौ तवताई अपने मुलुकम जहां फरमाईदैई ताहां कालक्षेप करी औ इस महवाल पेस्तर जरनइल रणवीरसिंहकं लिषाग रहाय कीनकी अर्ज किहिनि होइ सेइहि जवावके इंतिजारीम दश महीना गुजरि गवनाइ जेरवार होइ गयन्ह औ जवाव कुछ नआवासे तेहि वास्ते अव आपुकं लिषाजात है औ श्रीमहाराजकुमार श्रीवावू रणकेशरीसिंहजीवदेवानांसे हरिसूरतिसे वास्ता धर कैसे सभ अहवालसे वाकिफसे आपुके षिजमति मागयेहै मुफसिल सभ अहवाल अर्ज करिहहिसे जस कुछ आपुके मेहरमानगीमा आइहि तस जवाव जलद लिषैकं फरमाइव जवनेसे इंतिजारी जवावके ज्यादा जेरवान नहो औ जव नकुछु काम इहाके माफिक होइ तवन हरिसूरतिसे आपन वास्ता जा निकै लिषैकं फरमाव तरहवजेसे हरितरहसे परमहर्ष है जिआदा सुभ मि मार्गशीर्षाशितपक्ष ७ शम्वत् १८९४ रो – – – – – – – –

–।–

नं. ३०

अर्जि – – – – – – – – – – –

उप्रान्त हलन्छेजका वेलाइतका वादसाहका जेठा छोरा

प्रेन्सिस आप अरंज उन्को नाव रहेछ उमेर देष्दामा २२ तेइस वर्षको उमेर मालुम हुन्छ ६ वर्षदेखि आफ्ना वेलाइतका फौजमा लेफटेन भयाका रह्याछन् हिन्दुस्तानका मुलुक हेर्न भनि आफ्ना वेलाइतबाट कलकत्ता मार्गसिर्स वदि ३० रोज ३ का दिन आइपुगि साँजका वक्त जहाजबाट उत्रि नवाव गवर्नर जनरलका घर्मा गया जहाजबाट उत्रदा हुदि नवाव गवर्नरका घर्देषि चानपाल घाटसंघ गोराको पल्टन खडा थियो जहाजबाट उत्रन्या वित्तिकै पल्टनले सलामि दियो किल्लाबाट २१ फैतोंवको सलामि भयो कलकत्तैबाट फर्कि जान्छन् कि हिन्दुस्तानतिर पनि डुल्दछन् केहि थाहा भयाको छैन बुजि पछि बिन्ति चह्राइ पठाउला कार्तिक वदि ११ रोज ३ का दिन हिड्याका हल्काराहरू आइपुग्या हुकुम आयाबमोजिमका असवावका तलासमा छु मिलन्या वित्तिकै इनै हल्करा हस्ते गरि चह्राइ पठाउला भविष्य पुराण लेषाएर पठावनु भनि हजुरबाट रजिडन्ट मार्फत जिमिस प्रेन्सिप साहेव कहाँ फर्माएस आयाको रहेछ उन्का तलासमा पनि थोरै ठहरेछ पुस्तक लेषाइ रवाना गर्न भनि मछेउ पठाइ दियाको छ डाकमा रवाना गर्न षोज्दा हल्काराहरू आइपुग्या र थामियाको हो इन हल्कारा हस्ते चह्राइ पठाउला यांहां अंरेजहरूसित बुजदा नवाव गवर्नर जनरल बानारसका मोकाममा छन् वानारसवाट कुंच गर्याको षवर अरू आयाको छैन वर्माका मुलुकमा अंरेजसित सावीकका अहद करार्मा केहि विग्रला भन्या जस्तो सुनिन्छ २ पल्टनका सिपाहि अचानकवाट सिलहटमा मोकाम गर्न भनि गया २ जंगि जाहाज मनाराजवाट आफ्ना सिवानामा लंगर गरि राषनु भनि रवाना भया यांहां पनि २ जंगि जहाज वेला वषत्मा काम चाहिएला भनि किल्लाका सामने लंगर गरि राष्याका छन् इति सम्वत् १८९४ साल मिति मार्गसीर्ष वदि ३ रोज ४ मोकाम कल्कत्ता वडिवाजार दर्माहट्टा सुभम् — — — — — — — —

सेवक लोकरमणोपाध्यायको वेदोक्त पुराणोक्त
सहश्रकोटि सुभासीर्वाद सुभम् — — — —

—।—

नं. १२२

अर्जि — — — — — — — — — —

उप्रान्त आज विहान १ घरि दिन चढदा गवर्नर जनरल वहादुर उन्का दुवै वैल्लि साहेव सिक्रेटरि मुसाहवहरू समेत धुवाका जहाजमा सवार्भया १९।१९ फाएर तोपको ३ वेर किल्लाबाट सलामि भयो भागिरथिका मुहानामा पानि थोरै हुनाले मुर्सिदावादको वाटो गएनन् सुन्दर्वन्को वाटो ठूला गंगाजिमा निस्कन्या गरि गया उसै दिन एक प्रहरदिन चढदा अलकजन्दर्स साहेव औवल कौसलि नाएव गवर्नर भयाको १७ फएर तोपको सलामि किल्लावाट भयो मेगचाटन साहेव सिक्रेटरि र तावेमे चार काम थिए उन्मा २ काम पार्सियांन् सिक्रेटरि एक र अदालतका लेष पढको काम एक इ दुवै काम थोपि प्रेन्सिप साहेव जनरल सिक्रेटरिका सपुर्द भयो देसावर्का वकीलहरूसित मुलाकात दर्वार उनै गर्न्याछन् ज्युटिसियर इन्डियर रिवून्यु डिपार्टमिन्ट ई २ काम मिगेल साहेवका सपुर्द भया ई मिगेल साहेव पनि ज्युटिसिएल वंगालाका सिक्रेटरि थिया ईन्का जगहमा हलेडि साहेव भर्ति भया अलकजन्दरसि साहेव कौसलमा वस्यापछि षरिता जान्यैछ विन्ति चह्राइ पठाउला इति सम्वत १८९४ साल मिति कार्तिक वदि ८ रोज ७ मोकाम कल्कत्ता वडिबाजार दर्माहट्टा सुभम् — —

सेवक लोकरमणोपाध्यायको वेदोक्त पुराणोक्त
सहश्रकोटि सुभासिर्वाद शुभम् — — — —

नं. १४९

अर्जि — — — — — — — — — —

उप्रान्त धर्माका मुलुकमा विविहरूसमेत अंगरेजहरू सिकार षेलन गयामा धर्माको र अंगरेजहरूको तक्रार भै विविहरूसमेत अंगरेजहरू फिर्या अव अंगरेजहरूको धर्मामा रजिदंट रहन्छ षोपलासिमा रहन्या गोराचं चौधरिलाइ क्या कुरामा हो सुषिम्याले कैद गर्‍यो भनि कोहि भंछं कोहि अंगरेजले कैद गरि राष्येछ भंछं इ कुरा र सुषिमको दोर्ज्येलिमा अंगरेजले छाउनि हालि वसिरहेछ भन्या कुरा सुनिन लागिरहेछ इ कुरा साचो झुटो क्या रहेछ अभींतर गरि पाका जान्या मानिस पठाई जस्ताको तस्तो षवर बुझि हाम्रा हजूरमा विन्ति गरी पठा अवप्रान्त पनि सुषिम धर्मातरफको षवर हर्हमेस बुझि विन्ति गरि पठा-

सुदै रहनु भनि मेहर भै बक्सि पठायाको लालमोहर कार्तिक सुदि ९ रोज २ को मितिमा आइपुग्योथ्यो हुकुम सिर चढाई लालमोहर आइपुग्ने मात्रै सुषिम धर्मातरफको बात बिहोरा जान्न्या बुझ्न्या ४ जना मानिस पठायांथ्यां सुषिमको बाटो गरि नंगेलुचा दोर्ज्येलि पुगि सिपालिदेषि त्रिष्टा पुगि पर्धेस निस्की धर्मा दालिमकोटस्मेतको हाल-सुरत बुझि फर्क्यर्छ पौष सुदि ९ रोज ५ को दिन धंकुटा आइपुग्या ईनिहरूले ल्यायाको षवर भन्या धर्माका मूलुकमा अंगरेजहरू विविस्मेत सिकार जादा तक्रार भै अंगरेजहरू विविस्मेत फिऱ्या भन्या कुराको अर्थलाई धर्माका मुलुकमा विविस्मेत जंगलमा सिकार गर्दै फिर्दै छं अंगरेजको र धर्माको तक्रार भयाको पनि छैन अब अंगरेजहरूको धर्ममा रजिदंट रहला भन्या कुरा पनि छैन गोराचं चौधरिको कुरा भन्या षोपलासिका जिल्लामा डाक परेछ कोहि २।४ मानिस मन्याछं तैले तेस कुराको षोजि निरोपन गरिनछस् भनि गोराचं चौधरिलाई सुषिम्याले पक्रि पठेछ र सोध बुझ निरोबन गर्दा लालचं चौधरिका तालुकको जगा हो यो कुरा लालचं चौधरि जानला भनि गोराचंले भंदा गोराचं चौधरि फुकेछ लालचं चौधरिलाई पक्रि ति डाक गर्न्या को रहेछ ल्याउछस् कि तै होस् भनि सुषिम्याले कैद गरि राष्येछ भन्या कुरा सुनियो सुषिमको दोर्जेलि भन्याको जगामा सुषिम्याले अंगरेजलाई कोठि राषन भनि जगा दियाको रहेछ तेहि दोर्जेलिमा अंगरेजको १ साहेप १ ज्मादार २४ दाल सिपाहिस्मेत छाउनि हालि बस्याको १४ सैन्हा भयेछ ताही सुषिम्यापट्टिका लाप्च्या भोट्याहरू पनि ३०।३२ जना अंगरेजको नोकर गर्न लाग्याका रह्याछं दोर्जेलिको बाटो हेर्नु नांगेलुचा भन्याको जगामा कोठि राषन्या जगा षतम गर्नु भनि दोर्जेलुको फेदी सिपाली भन्याका जगामा एहि गयाको कार्तिकमा ४ जना अंगरेजहरूका साहेप आई बस्याका रह्याछं सुषिम्याको काजी इलामसि पनि दोर्जेलिमा बस्न्या साहेपसंग गयेछ र भेट कुराकहानि गर्दा तेहि दोर्जेलिमा बस्न्याले सिपालिमा आउन्याल।इ लेषेछ र सिपालिदेषि ४ साहेप फिऱ्याछं दोर्जेलिमा नोकरमा रहन्या लाप्च्या भोट्यालाइ पनि तिमि अंगरेजसंग नोकरमा रहौ भन्या तम्मा जाहान बच्चा बेचि दिउला भनि इलामसि काजीले हप्काएछ र लाप्च्या भोट्याहरूले अंगरेजलाइ छोडि इलामसिका साथ लागी भागी गयाछं सिपालिदेषि दोर्जेलि संथोर बसी गयाको डाडो २०।२५ कोस रहेछ तेसै सिपालिदेषि दोर्जेलिसम्म सटक बनाउन भनि मंसिर-देषि मधेसबाट बेलदार झिकाइ राषेछ ६०।५० बेलदार हामीले पनि देष्युं अरू अरू पनि आउछं भंछं भनि येहि विस्तारको षवर ल्यायाछं रुद्राक्षको फर्मासिको मेहर भयाको लालमोहर बक्सी पठायाको हो लालमोहर आयेदेषि रुद्राक्षका बारि गाछगाछैमा सिपाहि राषि टिपाउन्या बटोल्न्या काम गरियो यो साल रुद्राक्ष फल्न्या फुल्न्या बषत जेठ असारमा बर्सात नहुंदा ठुला दाना फलेनछं जो भया मिल्यासंमका दाना चह्राइ पठायाका छं अरुणपुर्व कंपुलाई ठेक भयाको गाउघरको ९४ सालको असुल भयामध्येको र झारामध्येको गरि रुपैयां १६००० पुर्जिका तपसिलवमोजिम पौष सुदि ८ रोज ४ को मितिको रवाना गरि चह्राइ पठायाका छन् अरू बाकि रुपैयां षेत षुवा झाराका तहसील हुदैछ तहसीलमा असुल भया भयाका रुपैयां चह्राइ पठाउदै गरूला छ मुषि ५ मुषि रुद्राक्ष दाना ठुला भन्या छैनं जो भयामाफिकका ५।६ मुखि पनि चह्राइ पठाउ कि जो हुकुम सुषिम धर्मातिरको षैषवर बुझ्न्या कुरालाइ फेरि पनि मानिस पठायाका छं जो जो षवर आउला विति गरि पठाउला ईति सम्वत १८९४ साल मिति पौष सुदि १२ रोज १ मुकाम धनकुटा शुभम् — —

ईत सेवक वषतावरसिं भडारीको कोटी कोटी कुर्नेस डंडवत् डंडवत् डंडवत् — — — —

—०—

नं. १८०

अर्जि — — — — — — — — — —

उप्रान्त काशिवाट विरामि हुनाले अमल्दार सरुप षत्री र मेरो केटो २ जना गाडि चढाइ हिडाउदा आगरादेषि ५ कोस उत्तर धनौलिमा बस्याका राति सगै आउन्या गुजराति ब्राह्मन लछिमिनाथलाइ सरुप षत्रिले षुकुरि झिकि दाहिना हातमा हानेछ अर्दलि नारान थापा र म २ जना जुदै बस्याका थियौं उसलाई पकडि सोद्धाहुंदि मेरा साथि २ जना जितमान षड्का नारान थापा छन् भनेछ र हामिलाइ पकडि थानामा लगिराष्यो उतावाट आगरा सवैलाइ लैगइ सरुप षत्री उसैको भान्स्या ब्राह्मण २ जना असपत्तालमा राष्या ४ दिनपछि वाहुन मर्‍यो मेरो घोडा पनि मर्‍यो भनि

हामिलाइ सुनाया दिन ४५ पछि आषाढ सुदि ११ मा हामिहरूलाइ छाडिदियो सरुप षत्रिलाइ फेलषानाका असपत्तालमा राष्याको छ दिनका फलले र सगिका गर्नाले यहासम भयो अव ४ दिनपछि जैपुर हिड्छौ सर अपसर माफ राष्याजावस् इति सम्वत् १८९४ साल मिति श्रावण वदि १२ रोज ७ मुकाम लाहोरि दर्वाज शुभम् – – – – –

सेवक जितमान षड्काको सलाम सेवा :

–।–

नं. २२९

अर्जि – – – – – – – – – – –

उप्रान्त श्रावण सुदि ९ रोज ५ का दिन वक्स्या गयाको ..... भाद्र वदि ५ रोज १ का दिन पाइ सिर चह्रायां याहांको हालसुरत श्रावण सुदि १५ रोज ४ का मितिमा चह्राइ पठायाका अर्जिले जाहेर भयाहोला आषाढ वदि १२ रोज ५ का मितिमा चह्राइ पठायाका अर्जिको पहुच नआउदा हजूरमा गुजऱ्यो गुजरेन भन्या सन्देह रहन्छ र विन्ति चह्राइ पठायाको छ भाद्र वदि ६ रोज २ का दिन अंरेजका वादसाहका जन्मोत्सवका षुसिको याहां नवाव गवर्नर जनरल वहादुरका घर्मा नाचको मजिलिस हुदा वोलाहटवमोजिम म गयाको थियां लषनौ नागपुर जैपुर जोधपुर मुर्सिदावाद इत्यादि सव जगाका वकीलहरू र कल्कत्ताका भलाआदमि हिन्दु मुसलमान ठुला सौदागरहरू हाजिर थिया १० घरि रात जादा नवाव गवर्नल जनरल मजिसिलमा आया पैल्ले अंरेजहरूसित मुलाकात गरि हिन्दुस्तानिहरूसित मुलाकात गर्दा पैल्ले मौलवि कर्महुसेन षां लषनौका वकिलसित मुलाकात भै साहव पर्सीयांन सिक्रटरिका मार्फत षैर्वाफियत सोध्यापछि मसित मुसाकात भयो हजूरका मिजाज मोवारकको षैर्वाफियत साहव सिक्रटरिका मार्फत सोध्या मैले पनि हजूरका तर्फवाट अंरेजका वादसाहका मिजाज मोवारकको र नवाव गवर्नर जनरलका मिजाजको षैर्वाफित सोध्यां आपना तर्फवाट जन्मोत्सवका दिनको मोवारकवाद दि दुवै सर्कार्मा एस्तै तरहको षुसि र दोस्ति सदा सर्वदा रह्या दुनियांमा वहुत सल्तनत रहन्छ तसर्थ दुवै सर्कारको दोस्ति र एस्ता षुसिको मजिदिस् सदा सर्वदा वाहाल वरकरार रहोस् भन्या पार्सियान सिक्रटरिले अंरेजिमा बुझाया नवाव गवर्नर जनरलले मेरा तर्फवाट वहुत वहुत सलाम हजूरमा लेषिपठाउनु दुवै सर्कारका दोस्तिमा हामी वहुत षुसि छौं भन्न लाया आगे पर जो हालसुरत होला विन्ति चह्राई पठाउला आजको हालसुरत विन्ति चह्राइ पठायाको छ इति सम्वत् १८९४ साल मिति भाद्र वदि ७ रोज ३ मोकाम कल्कत्ता वडिवाजार दर्माहट्टा शुभम् – – – – – – – – – – –

सेवक लोकरमणोपाध्यायको वेदोक्त पुराणोक्त सहश्रकोटि सुभाशीर्वाद शुभम् – – – – – –

–।–

नं. ३७३

अर्जि – – – – – – – – – – –

आश्विन सुदि ८ रोज ७ का दिन दफतर्षानाको मामुलि दर्वार्भयो मेगनाटन साहव सिक्रटरिले हजूर्का मिजाज मोवारकको षैर्वाफियत सोध्या दस्तुर्माफिक षैर्वाफियतको जवाव दियां साहव सिक्रटरि सवैसित विदा भया म नवाव गवर्नर जनरल वहादुर्का साथ जान्छु फार्सि दफतर्षानाको काम थोथि प्रेच्सिप लाहवका सपुर्द भयाको छ अर्का मैल्लादेषि दर्वार्को काम उनै गर्नान् भनि मसित एति कुरा गरि विदा भया आश्विन वदि १० रोज ५ का दिन दिल्लिका वादसाह महम्मद अकवर्सानि मर्न्याछन् उसै दिन उन्का छोरा अवु मुजफर मिर्जा तष्तमा वस्याको षवर याहां कल्कत्तामा आइपुग्यो कार्तिक वदि १ रोज ७ का दिन मर्न्या वादसाहका गम्का सलामिमा वर्षका १ फएर्का हिसावले ८२ तोपको फएर भयो उन्का छोरा तष्तमा वस्याका वादसाहि सलामिको २१ फएर तोपको सलामि भयो । नवाव गवर्नर जनरल कार्तिक वदि ७ रोज ६ का दिन धुवाका जहाजमा सवार्हुन्याछन् अष्टमी रोज ७ का दिन धुवाको जहाज पुलन्या षवर्छ याहां अलकजन्दर्सि साहव औवल कौसलि थिया उनै गवर्नर जनरलका नाएव हुन्याछन् याहां अंरेजि फार्सि अषवारमा नेपालमा अंरेजसित लडनाको तयारि भयाको छ नवाव गवर्नर जनरल कम्यान्डर इनचिफ जनरल सर्हिनरिफेन साहवसित वनारसका मोकाममा मुलाकात भयापछि सल्लाह गरि फौजका वन्दोवस्तको हुकुम दिनन् भन्या षवर छापा भयाको छ हजूरमा नजर हुना निमित्त

फार्सि अषवार्को कागज चह्राइ पठायाको छ मोलाहिजा फर्माइवक्स्यागया जाहेर्होला नवाव गवर्नर जनरलको कुंच भयापछिको हालसुरत पछि विन्ति चह्राइ पठाउला इति सम्बत् १८९४ साल मिति कार्तिक वदि २ रोज १ मोकाम कल्कत्ता बडिबाजार शुभम् – – – – – –

सेवक लोकरमणोपाध्यायको वेदोक्त पुराणोक्त सहश्रकोटि सुभासीर्वाद शुभम् – – – – –

–।–

३९१

खबर दिल्लीकी। हजूरवाला बदस्तुर विचकिलेके तशरीफ रखते है। हजूरने हुकुम दिया है। भिर्जादारा वष्तवली अहेदसे सिवाय जितने शाहजादे है और जितने अकबर शाईके पोते है सवको २।२ सौ रुपया दर्माहा मिलेगा। मंजूर है तो लो नहीं तुम्हारे मनमे आवे सो करो। अकबरावादसे मिर्जा सलेमा शिन्कोईकी अर्जी। तामस साहबकी अर्जीके साथ इस मजमूनकी आई है। जो माल असवाव कोठोमेसे निकला है सो माल नवाव कुसिया बेगमका है। उस्मे हक्क मेरा भी है। अगर मेरे हक्कको पहेचानकर माल असबाब मुझे इनायत करो तो बेहेतर है नही तो सदर कलकत्तेमे नालिश कर्के माल हजूरसे लूंगा। येह माल मेरी माका है। इसे कौन ले सकता है। तामस-साहब अकबरावाद पहोचे। बडेसाहेबसे मुलाकात हासिल करी। दिल्लीसे अन्न अकबरावादको फेर जाने लगा है। एक साहब अंगरेज कौसलवाला दिल्ली मे आया था। सो दिल्लीकी सैर कर्के बनारसको कूंच कर गया। कलकत्तेमे आवनेकी जल्द लगरही है। लाट सर हिन्रीफिनसाहेब सिपैसालार सपाटूसे आनकर। हाँसीमे मुकाम किया है। जैपुर जानेका इराइदा है। पहले सदरसे मेखजीनखानेमे हुकुम आया था। २०० तौप ऊंठकी तयार करो। उसमेसे मेजर पीयूसाहेबने २ तोपें तयार कर्के सिपेसालारको दिखाईथी। सो साटसाहेब ऊंठोकी लगी हुई तोपका काम देखकर बहोत खुश हुवे है। गरीवपर्वर मेरे मारवाड देशकी पृथ्वीमे जो ऊंट काम देता है सो और दुसरा जानवर काम नही देता है। एक जोगी फकीर दिल्लीके बाहर आनकर बैठाथा हजार पाँच सौ आदमी उसने नौकर रखेथे। येह बात कहाथा। कलके रोज परैट देखकुर दुमाहेकी तनखा मै सबको देदूंगा। येह खबर तिरंचसाहेब जजको पहोची। उसी रातको फकीर भाग गया। दूसरे रोज साहेबने उसे बहोत तलाश किया फकीर तो नमिला मगर जिस मुन्सीने सब आदमीका नाम लिखा था। उसे चपडासी पकडकर लेगये। जजसाहेबने उसे हवालातमे भेजदिया। पहेले परमटमे ७ रुपै सैकडा पशमीनेपर महसूल लगता था। अब सदरसे हुकुम आया है जितना तोलमे दुशाला रूमाल होवे। सवा रुपै सेरके हिसाबसे लियाकरो। दुशाला कीमतसे एक हजार रुपैका होवे। और तौलमे दो सेरका होवे। उस्का महसूल २।। रुपै लगेगा। इसीमाफिक हुकुम परमौटकी कचहेरीमे जारी हुवा है। खबर जैपुरकीसे मालूम हुवा कलकत्तेसे लाटसाहबका खलौता बाबत शाहलंधनके मरनेके। और भतीजी उस्की तष्तपर वैठनेकी। राजके नाम पहुंचा। तीन रोजतलक नौबतका बजना मौकूफ रहा। बाद तीन रोजके शलकसली तोफखानेकी हुई। राजावाटीमे हरेक रमजेलोगके नाममाफिक दस्तूरके खलीते इसी मजमूनके पहोंचते है। आइन्दे जैसा हाल गुजरेगा सो बन्दा अर्ज करेगा। जान अजान कुसूर माफ होवे। सं. १८९४ मार्गशिर वदि ६ रोज ७ शुभम् – – – – – – – –

–।–

ब्राम्ही तथा देवनागरी लिपिमा मतमतान्तर

– शंकरमान राजवंशी

प्राचीन कालमा नेपाल तथा भारतमा शिल्पको उन्नतिका साथसाथै व्यापारको पनि निकै उन्नति भएको थियो । प्राचीन भारतमा व्यापारको खेप गर्न जानाका निमित्त व्यापारीहरूको संगठन हुन्थ्यो । तिनमा एक जनालाई प्रमुख चुन्दथे । चुनिएका व्यापारीका प्रमुखलाई सार्थवाह भन्दथे । राजा मानदेवका समयमा नेपालमा पनि प्रसिद्ध व्यापारी साहु गुहमित्र भन्ने मानिस थिए । उनले आफूलाई सार्थवाह भनेर उल्लेख गरेका छन् ।

राज्ञः श्रीमानदेवस्य सम्यक् पालयतो महीम् ।
आषाढशुक्लस्य तिथौ पंचदश्यां शुभार्थिना ।
वणिजां सार्थवाहेन गुहमित्रेण भक्तितः ।
संस्थापितोत्र भगवानिन्द्रो नाम दिवाकरः ।

(राजा श्री मानदेवले पृथ्वीलाई राम्ररी पालना गरिरहेका वेलामा असल चिताउने व्यापारीमध्येका प्रमुख गुहमित्रले आषाढ शुक्ल पूर्णिमाका दिन इन्द्र नाम गरेका भगवान् सूर्यलाई भक्तिपूर्वक यहाँ स्थापना गरे) ।

यो अभिलेख संस्कृतसन्देश १ वर्षको ९ अङ्कमा प्रकाशित छ । सार्थवाह भन्ने शब्द संस्कृत हो । सार्थान् वहति भन्दा सार्थवाह शब्द बन्दछ । सार्थको अर्थ बेपारी र वहतिको अर्थ वहन गर्ने भन्ने हो । सार्थवाह शब्दको मतलब व्यापारीहरूको अभिभारा लिने भन्ने हो । त्यसकारण सार्थवाह भन्नाले व्यापारीहरूका प्रमुख भन्ने हुन्छ ।

यसरी व्यापारीहरूको संगठन गरी सार्थवाहको नेतृत्वमा सबै बनियाहरू व्यापारका लागि देशदेशान्तरमा खेप गर्न जान्थे । ती व्यापारीहरूको खेप गर्ने बाटो स्थलमार्ग र जलमार्ग दुवै हुन्थ्यो । एक सार्थवाहका साथमा सयौं ऊंट, बयलगाडा हुन्थे र तिनमा अनेकन् मालताल लादिएका हुन्थे । डांकूहरूको सुरक्षाका लागि तिनीहरूका साथमा सशस्त्र सैनिक पनि हुन्थे । नदी मार्गबाट जांदा डुंगाका सहारामा ती व्यापारीहरू समुद्रको किनारसम्म पुग्दथे र त्यहांबाट जहाजद्वारा बर्मा, लंका, बेबिलोन (मेसोपोटामिया) तक पुगी व्यापार गर्दथे । यी कुराको उल्लेख हामी बौद्धजातक ग्रन्थहरूमा पनि पाउंछौं ।

ईरानीहरूको संपर्कबाट भारतको पश्चिमी भागमा खरोष्ठी लिपिको प्रचार भएको थियो । त्यो खरोष्ठी लिपि ईरानीको अरमायक लिपिको विकास भन्दछन् । खरोष्ठी लिपि उर्दू लिपि जस्तै आफ्नो दायांबाट बायांतिर लेखिन्छ । भारतीय प्राचीन लिपिचांहि ब्राह्मी हो । त्यो लिपि अहिले जस्तै आफ्नो बायांबाट दायांतिर लेखिन्थ्यो । बाहिरका देशसित भारतको संपर्क भएको तत्वलाई लिएर ब्राह्मी लिपिका विषयमा विभिन्न विद्वान्हरूको विभिन्न मत छ । बेबर, टेलर तथा बुल्हरहरूको भनाइअनुसार ब्राह्मी लिपि ईसापूर्व आठौं शताब्दीतिर पश्चिमी मिश्र तथा मेसोपोटामियामा पाइने प्राचीन लिपिबाट आएको हो भन्ने छ । हैलेबीको भनाईअनुसार ब्राह्मी लिपिचांहि अरमायक, खरोष्ठी र यूनानी लिपिको मिश्रणबाट बनेको भन्ने छ । डब्ल्यू. डेके तथा आई. टेलरले भने भारतीय लिपिलाई दक्षिण सेमेटिकबाट आएको भनी मान्दछन् । बेबर तथा बुल्हरले त्यस कुरालाई खण्डन गर्दै फिनिसियन अथवा उत्तरी सेमेटिक लिपिबाट आएको भनी आफ्नो मत स्थापना गरेका छन् । भारतीय प्राचीन लिपिमालाका लेखक गौरीशंकर हीराचंन्द ओझाले बुल्हरको कुरालाई

कल्पित सिद्ध गर्दै लिपिको तुलनाद्वारा खण्डन गरी फिनि सियन (उत्तरी सेमेटिक) लिपिका २२ अक्षरमा केवल एक अक्षर मात्र ब्राह्मी लिलिसंग सादृश्य मिल्दछ भनी आफ्नो तर्कलाई राम्रोसंग प्रतिपादन गरेका छन् । उनको भनाइमा यदि बुल्हरको रीतलाई अनुसरण गर्ने हो भने वक्र तथा सरल रेखाका टुक्राटाक्री लिएर जहां, जुनसुकै लिपि पनि बनाउन सकिन्छ । कनिंगहमको विचारचाहिं भारतीय लिपि भारतीय बीजाक्षरबाट उत्पन्न भएको हो भन्ने छ । श्री ए. बी. बालबाल्करको विचारचाहिं ईसा-पूर्व, सातौं, आठौं शताब्दीतिर महेश्वर ब्राह्मी भन्ने एक जना थिए, उनी डमरुको तालमा नाच्दा (?) निस्केको हो भन्ने छ ।

यसरी ब्राह्मी लिपिका विषयमा विभिन्न विद्वान्हरूले विभिन्न विचारधारा व्यक्त गरेका छन् । यही ब्राह्मी-लिपिको शाखा प्रशाखाका रूपमा भारतमा चलेका लिपि-हरू निम्न प्रकारका छन् :–

गुप्तलिपि, कुटिललिपि, नागरीलिपि, शारदालिपि, बंगालीलिपि, पश्चिमीलिपि, मध्यप्रदेशीलिपि, तेलेगुलिपि, कनडीलिपि, ग्रन्थलिपि, कलिंगलिपि, तामिललिपि, बहेलु-लिपि, कैथीलिपि, मैथिललिपि, उडियालिपि, गुजरातीलिपि, मौडीलिपि, मलयालमलिपि, तुलुलिपि, गुरुमुखीलिपि सिन्धीलिपि, टाकरीलिपि इत्यादि । यी सबै लिपि ब्राह्मी लिपिकै परिवार हुन् ।

नेपालमा चलेको मानदेवका पालाको लिच्छविलिपि भारतको गुप्तलिपिसंग मिल्दोजुल्दो छ । यही लिच्छवि-लिपिको विकसितरूप नेपालमा भुंजिमोललिपि, कुंमोल-लिपि, क्वेंमोललिपि, गोलमोललिपि, हींमोललिपि, रंजना-लिपि, पाचुमोललिपि, आदि लिपि लिस्के । यी लिपि पनि ब्राह्मीलिपिकै परिवार हुन् भन्ने तथ्य विश्वसनीय छ ।

संसारभर चलेका लिपिमा ६४ लिपिको नाम ललित-विस्तरनामक ग्रन्थमा वर्णित छ । ती लिपिहरू निम्न प्रका-रका छन् :–

ब्राह्मी १, खरोष्ठी २, पुष्करसारी ३, अंगलिपि ४, बंगलिपि ५, मगधलिपि ६, मांगल्यलिपि, ७ मनुष्यलिपि ८, अंगुलीयलिपि ९, शंकरलिपि १०, ब्रह्मवल्लीलिपि ११, द्रविडलिपि १२, कनारीलिपि १३, दक्षिणलिपि १४, उग्रलिपि १५, संख्यालिपि १६, अनुलोमलिपि १७, ऊर्ध्व-धनुलिपि १८, दरदलिपि १९, खास्यलिपि २०, चीन-लिपि २१, हूणलिपि २२, मध्याक्षविस्तरलिपि २३, पुष्पलिपि २४, देवलिपि २५, नागलिपि २६, यक्षलिपि २७, गन्धर्वलिपि २८, किन्नरलिपि २९, महोरगलिपि ३०, असुर लिपि ३१, गरुडलिपि ३२, मृगचक्रलिपि ३३, चक्रलिपि ३४ वायुमरुलिपि ३५, भौमदेवलिपि ३६, अन्तरिक्षदेवलिपि ३७ उत्तरकुरुद्वीपलिपि ३८, अपरगौडादिलिपि ३९, पूर्वविदेह-लिपि ४०, उत्क्षेपलिपि ४१, निक्षेपलिपि ४२, विक्षेपलिपि ४३, प्रक्षेपलिपि ४४, सागरलिपि ४५, बज्रलिपि ४६, लेख-प्रतिलेखलिपि ४७, अनुद्रुतिलिपि ४८, शास्त्रावर्तलिपि ४९ गणावर्तलिपि ५०, उत्क्षेपावर्तलिपि ५१, विक्षेपावर्तलिपि ५२, पादलिखितलिपि ५३, द्विरुत्तरपदसन्धिलिखितलिपि ५४, दशोत्तरपदसन्धिलिखितलिपि ५५, मध्यहारिणीलिपि ५६, सर्वरुत्संग्रहणीलिपि ५७, विद्यानुलोमलिपि ५८, विमि-श्रितलिपि ५९, ऋषितपस्तप्तलिपि ६०, धरणीप्रक्षेणलिपि ६१, सर्वोषधनिष्पन्दलिपि ६२, सर्पसारसंग्रहणीलिपि ६३, सर्वभूतरुद्रग्रहणीलिपि ६४ ।

उपर्युक्त लिपिहरूमा कुनै लिपि साम्राज्यका नामले चलेका छन्, जस्तै–गुप्त साम्राज्यमा चलेको लिपि गुप्त-लिपि, लिच्छविसाम्राज्यमा चलेको लिपि लिच्छविलिपि इत्यादि । कुनै लिपि प्रान्तीय नामले चलेका छन्, जस्तै– बंगालीलिपि, कलिंगलिपि, मैथिललिपि, उडियालिपि, गुज-रातीलिपि इत्यादि । कुनै लिपि जातीय नामले चलेका छन्, जस्तै– देवलिपि, नागलिपि, यक्षलिपि, गन्धर्वलिपि इत्यादि । कुनै लिपि प्रदेशका नामले चलेका छन्, जस्तै– चीनलिपि, हूणलिपि, मध्यप्रदेशीयलिपि इत्यादि । कुनै लिपि आकृतिको रूपले चलेका छन्, जस्तै– चक्रलिपि, कुटि ललिपि, उत्क्षेपलिपि, अनुद्रुतिलिपि इत्यादि ।

नेपालमा लिच्छविलिपिपछि चलेका लिपिचाहिं मौली अर्थात् शिरका अनुसार लिपिका नाम रहेका छन् । मौलि-को विकार भएर नेवारी भाषामा मोल हुन गएको छ । त्यसैले अक्षरको डिकोलाई नेवारीमा मोल भन्दछन् । भुंजिमोल अर्थात् भुजंगमोल, सर्पाकार डिको लगाइएका अक्षरलाई भुंजिमोल नाम राखेका छन् । नेवारी भाषामा

कोणलाई कुं भन्दछन् । त्यसैले कोण पारी डिको लगाएको अक्षरको नाम कुंमोललिपि भन्ने रह्यो । नेवारी भाषामा आग्लो लगाउने घुमाउरो किसिमको सांचो (ताल)लाई क्वें भन्दछन् । तसर्थ त्यस किसिमको घुमाउरो डिको लगाएको अक्षरलाई क्वेमोललिपि भन्दछन् । गोलपारी डिको लगाएको अक्षरलाई गोलमोललिपि भन्ने नाम राखे । नेवारी भाषामा वेर्नुलाई हिनेगु भन्दछन् । तब बेरिएको जस्तो गरी डिको लगाएको अक्षरलाई हिमोललिपि भन्दछन् । सम्म पार्नुलाई नेवारी भाषामा पाचुकेगु भन्दछन् । त्यसैले सम्म पारी डिको लगाएको अक्षरको नाम पाचुमोल भन्ने रह्यो । फर्काउनुलाई नेवारी भाषामा लितछ्वेगु भन्दछन् । तसर्थ फर्काई फर्काई डिको लगाएको अक्षरको नाम लितुमोल भन्ने रह्यो । रंजना लिपि ऊवाट्ट हेर्दा बुट्टैबुट्टा पो हो कि भने झैं भान पर्दछ । त्यस लिपिलाई हेर्दा मनमा अत्यन्त आनन्द आउंछ । मनलाई आनन्द दिने अर्थात् मनोरंजन गर्ने लिपि हुनालेनै त्यस लिपिको नाम रंजना रहन गयो । रंजना लिपिमा सुनको मसी र चांदीको मसीले लेखिएका पनि पाइन्छन् । यसरी विभिन्न तरीकाबाट लिपिको विभिन्न नाम रहन गएको छ।

अब रह्यो देवनागरी लिपिको कुरा । देवनागरी लिपि भन्ने नाम कसरी रह्यो भन्ने कुरामा पनि विभिन्न विद्वान्-हरूको विभिन्न मत छ । श्री आर. एम. शास्त्रीको भनाइमा देवताहरूको पूजा गर्ने यन्त्रलाई उहिले देवनगर भन्दथे ।, त्यही देवनगरबाट अक्षरमा परिणत भएर देवनागरी भयो । कुनै विद्वान्का विचारमा लिपिको उत्पत्ति देवनगर अर्थात् काशीमा हुनाले लिपिको नाम देवनागरी भयो । कुनै विद्वान्को भनाइमा देवताको लिपि हुनाले देवनागरी भयो ।

यसरी तर्क दिने हो भने त्यस्तो तर्क नेपालमा पनि गर्न सकिन्छ । किनभने जुन वेला भारतमा गुप्तसाम्राज्य थियो त्यस वेला नेपालको विस्तार ठूलो थियो भन्ने कुरा समुद्रगुप्तको अभिलेखबाट थाहा पाइन्छ । समुद्रगुप्तले आफ्ना छिमेकी राज्यहरूको नाम आफ्नो अभिलेखमा यसरी अंकित गरेका छन् "समतट डवाक कामरूप नेपाल कर्तृपुरादि" कामरूप भनेको आसाम र कर्तृपुर भनेको गढवाल हो । त्यसैले आसाम र गढवालका बीचमा नेपालको नाम अंकित गरेका हुनाले तिनताका ती दुइ देशका बीचमा नेपालराज्य फैलिएको थियो भन्ने स्पष्ट बुझिन्छ । नेपालको राज पशुपतिको राज भन्ने बूढापाकाहरूको भनाइ छ । त्यसैले नेपाललाई पाशुपतक्षेत्र पनि भन्दछन् । नेपाल पाशुपतक्षेत्र एउटा पुण्यस्थल तथा तपोभूमि हुनाले ऋषि-मुनिहरूले नेपाललाई उत्तम मानेका छन् । विश्वामित्रले आफ्नो आश्रम सप्तकोशीको किनारमा बनाएका थिए । त्यसैले विश्वामित्रलाई कौशिक पनि भन्दछन् । महर्षि याज्ञवल्क्यको आश्रम जनकपुरमा थियो । राजर्षि भरतले पनि गण्डकीका किनारमा आई तपस्या गरेका थिए । उनले तपस्या गरेका आश्रमलाई पुलहाश्रम भन्दछन् । पुलहाश्रम बागलुङनेर पर्दछ भन्ने अनुमान गरिएको छ । जनक, सीता र बुद्ध पनि यही नेपालमै जन्मेका हुन् । नेपालमा प्रशस्त तीर्थ हुनाले तीर्थहरूमा देवताहरूको आवागमन हुन्थ्यो । यो कुरा हामी पुराण तथा महात्म्य-हरूबाट थाहा पाउंछौं । नेपालमा प्रशस्त देवमन्दिरहरू पनि छन् । इत्यादि कुरा विचार गर्दा पाशुपतक्षेत्रलाई देवपत्तन भन्ने नाम राखिएको होला भन्ने अनुमान हुन्छ । अहिले देवपत्तन भन्नाले सीमित रूपमा परिवर्तन भएर केवल पशुपतिको आसपासलाई मात्र बुझाउंछ । जस्तो काठमाडों उपत्यका भन्दा तीनै शहर आउंछ, तर त्यो सीमितरूपमा परिवर्तन हुंदा काठमाडौं भनेर केवल एक टोललाई बुझाउन सक्छ । तसर्थ देवपत्तन भन्नु र देवनगर भन्नु एउटै कुरा हो । त्यसकारण देवनागरी लिपि नेपालमा उत्पति भएको हो कि भन्ने अनुमान पनि गर्न सकिन्छ । त्यसको पुष्टिका लागि सिजा प्रदेशका प्राचीन देवनागरी लिपिको अभिलेख प्रस्तुत गर्न सकिन्छ ।

देवनागरी लिपि पनि ब्राह्मीलिपिकै परिवार हुनामा कुनै शंका छैन । किनभने ब्राह्मी लिपिकै विकासबाट देवनागरी लिपिको रूप बन्न आएको कुरा हामी लिपिविकासको क्रमबाट थाहा पाउंछौं । देवनागरीं लिपिको रूप 'अ' को दुइथरि, 'ण' को तीनथरि र 'ण' को दुइथरि प्रचलनमा देख्छौं । ती कसरी बनेका हुन् भन्ने कुराको नमूना—स्वरूप लिपितालिका तल दिइन्छ ।



